नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, भदौ २३, २०७५ | Saturday, September 8, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलागा १४ | वर्ष २४, अंक २४१ | पृष्ठ १२ | मूल्य रू १०/–

२ { मनोक्रान्तिमै मनोरञ्जन
५ { फोहोर व्यवस्थापनमा स्थानीय तह जिम्मेवार
६ { नाम मात्रका प्रसूति सेवा
९ { ८ अपहरणकारी प्रहरी नियन्त्रणमा



जोखिमको कमाइ : धादिङ भएर बग्ने त्रिशूली नदीको बीच भागमा पुगेर जोखिमपूर्ण रूपमा बालुवा निकाल्दै मजदुरहरू। जथाभावीरूपमा त्रिशूलीबाट बालुवा निकाल्दा नदी प्रदूषित हुने गरेको भए पनि स्थानीय निकाय मौन छ। तस्वीर : सीताराम अधिकारी/धादिङ

# धूवाँ फयाँक्ने सवारीलाई कारबाही खै ?

मधुसूदन रायमाझी, काठमाडौं

बालकुमारीबाट नयाँ बानेश्वर हुँदै बालुवाटार रुटमा चल्ने नेपाल यातायात धूवाँ फयाँक्दै हुइँकीरहेको हुन्छ। गाडीले धूवाँ फयाँक्दा सडकमा हिँड्ने यात्रुहरू मुख छोपेर हिँड्न बाध्य हुन्छन्। नेपाल यातायातजस्तै अन्य सार्वजनिक सवारी साधन पनि बेपर्बाह धूवाँ फयाँक्दै हुइँकीरहेका हुन्छन्। मालबाहक सवारी साधनले फयाँक्ने धूवाँले राजधानीमा गम्भीर प्रदूषणमात्र गरेको छैन, गम्भीर रोगको संक्रमणसमेत सिर्जना गरेको छ।

सवारी साधनले अत्यधिकरूपमा धूवाँ फयाँक्ने क्रम बढेपछि धूवाँ नियन्त्रण गर्न यातायात व्यवस्था विभागले भदौ १ गतेबाट नयाँ निमय लागू गरे पनि नियम प्रभावकारी बन्न सकेको छैन।

सरकारले लागू गरेको नियमको धज्जी उडाउँदै काठमाडौं उपत्यकामा अहिले पनि निर्बाधरूपमा धूवाँ फयाँक्दै सवारी साधन गुड्ने गरेका छन्। सरकारले भदौ १ गतेबाट ६ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिकाभित्र सञ्चालन हुने सवारी साधनका लागि नयाँ स्टि्रकर लागू गरेको छ। तर सवारी साधनले नयाँ स्टि्रकरबिना नै चल्ने गरेका छन्।

यातायात व्यवस्था विभागले अत्याधिकरूपमा धूवाँ र प्रदूषण नियन्त्रण गर्नका लागि सबै कार्यालयमा धूवाँ परीक्षण गर्ने मेसिन राखेको छ। काठमाडौंमा अहिले पनि धूवाँ फ्याने सवारी साधनको संख्यामा कमी आउन सकेको छैन।

यातायात व्यवस्था विभागले अत्यधिकरूपमा धूवाँ फयाँक्ने सवारी साधनलाई कारबाहीका लागि ट्राफिक प्रहरी महाशाखालाई पत्राचार पनि गरिसकेको बताएको छ। विभागले यसअघि गोलो आकारको हरियो स्टि्रक प्रयोगमा ल्याएको थियो। तर यसपटक धूवाँ प्रदूषण नियन्त्रण गर्न चारकुने आकारको हरियो स्टि्रकर प्रयोगमा ल्याएको छ। भदौ १ गतेबाट अनिवार्यरूपमा चारकुने हरियो स्टि्रकर प्रयोग गर्नुपर्ने नियम लागू गरे पनि अधिकांश सवारी साधनले उक्त नियम पालना गरेका छैनन्।

यातायात व्यवस्था विभागका प्रवक्ता गोकर्णप्रसाद उपाध्यायले अत्यधिकरूपमा धूवाँ फयाँक्ने सवारी साधनलाई कारबाही हुने दाबी गर्नुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'धूँवा फयाँक्ने सवारी साधनलाई नियन्त्रण गर्न सबै कार्यालयमा मेसिन जडान भइसकेको छ। लागू भएको नियमलाई विभागले प्रभावकारीरूपमा कार्यान्वयन गर्छ।'

देशभर ३२ लाख २१ हजार सवारी साधन सञ्चालनमा रहेका छन्। जसमध्ये झन्डै ११ लाख सवारी साधन उपत्यकामा सञ्चालन हुने गरेका छन्।



- देशभर ३२ लाख २१ हजार सवारी साधन
- नियम राम्रो तर कार्यान्वयन फितलो
- हरियो स्टि्रकरबिनै गुड्छन् सवारी साधन

बेथितिको नमुना

# ल्यापटप पनि छाडेनन् नेताले

गंगा बराल, काठमाडौं

राजनीतिक दलका शीर्ष नेताले नै संसद् सचिवालयबाट सुविधामा पाएर लगेका ल्यापटप अझै फिर्ता गरेका छैनन्।

संविधानसभा भंग भएको १० महिना बितिसक्दा पनि प्रमुख सचेतक र दलका नेताले लगेका ल्यापटप अधिकांशले फिर्ता नगरेको संसद्को स्टोर शाखाका प्रमुख विनोदकुमार मालीले बताउनुभयो। 'खबर गरेका छौं, धेरै भनिरहन पनि मिलेन', मालीले भन्नुभयो- 'उहाँहरू आफैले जानेर बुझाउनुपर्ने हो।' मालीले नियमानुसार सुविधा लिनु स्वाभाविक भए पनि प्रयोजन सकिएपछि पनि फिर्ता नगरिनु अव्यावहारिक भएको बताउनुभयो।

मालीले क-कसले फिर्ता गरेनन् भन्ने बारेमा नाम खुलाउन चाहनुभएन। मालीले सूचना अधिकारीबाट आधिकारिक सूचना लिन भने पनि सूचना अधिकारी केशव अर्यालले आफूले पटकपटक स्टोर शाखाबाट जानकारी माग्दा पनि नपाएको बताउनुभयो। संविधानसभाका प्रमुख ३ दलका प्रमुख सचेतक र संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका नेताले ल्यापटप लगेका थिए।

२०७४ असोज २८ गते संविधानसभाको बैठक विधिवत्रूपमा अन्त्य भएको थियो। महोत्तरी-४ बाट निर्वाचित स्वतन्त्र सांसद चन्द्रेश्वर झाले बैठक सकिएको केही दिनमै ल्यापटप फिर्ता गर्नुभएको थियो। स्वकीय सचिवमार्फत पठाइएको ल्यापटप बुझाएपछि झाले भन्नुभयो- '२/४ दिन बढी राख्दैमा केही हुने होइन, आलोचना आउला कि भनेर छिट्टै जिम्मा लाएँ।' संविधानसभा गठन हुँदा ३० वटा दल र २ स्वतन्त्र सांसद थिए। अन्तिममा पार्टी एकता भएपछि दलको संख्या घटेको थियो भने कपिलवस्तुबाट निर्वाचित सांसद अतहर कमाल मुसलमान पनि नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको थियो।

अहिले संसद् सचिवालयको सवारी साधान व्यवस्थापन शाखाले प्रतिनिधिसभातर्फ नेकपाका प्रमुख सचेतक र सचेतक, नेपाली कांग्रेसका प्रमुख सचेतक र सचेतकका साथै सत्ता पक्षका नेता र विपक्षी दलका नेतालाई सवारी साधन उपलब्ध गराएको शाखा अधिकृत नेत्रबहादुर कार्कीले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## संसद् प्रवक्ताविहीन

संघीय संसद् सचिवालय प्रवक्ताविहीन भएको छ। प्रवक्तासमेत रहनुभएका प्रतिनिधिसभा कार्यव्यवस्था महाशाखाका सह-सचिव डा. भरतराज गौतम सचिव भएपछि नयाँ प्रवक्ता तोकिएको छैन। गौतमको ठाउँमा वंशीराज पौडेल आउनुभएको छ।

सचिवालयमा सहायक प्रवक्ता तथा सूचना अधिकारी केशव अर्याल रहनुभएको छ। 'महासचिवले कसैलाई जिम्मेवारी दिए हुने हो खोइ किन हो ढिलो भएको छ।' -एक कर्मचारीले भने।

सामान्यतया प्रशासन महाशाखाका सहसचिवलाई प्रवक्ताको जिम्मेवारी दिने प्रचलन रहेको छ। असोजमा हिमलाल सुवेदी सचिवबाट अवकाश हुने भएकाले त्यो ठाउँमा ध्रुवप्रसाद घिमिरे बढुवा हुनुहुने भएको छ। सचिवालयमा ४ सचिव, १२ सहसचिव छन्।

# मिश्रविरुद्ध सोमबारबाट संसदीय सुनुवाइ

## घिमिरेविरुद्ध उजुरीको आह्वान

प्रशान्त वली, काठमाडौं

प्रस्तावित प्रधानन्यायाधीश ओमप्रकाश मिश्रविरुद्ध परेको उजुरीमाथि आगामी सोमबार सुनुवाइ हुने भएको छ। मिश्रविरुद्ध परेको उजुरीमाथि सोमबार बिहान ९ बजेबाट सुनुवाइ हुने संसदीय सुनुवाइ समितिका सभापति लक्ष्मणलाल कर्णले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

उजुरी कर्ताहरूलाई आइतबार सिंहदरबार बोलाइएको छ। उजुरीका लागि दिइएको १० दिनमध्ये बुधबार अन्तिम समयसम्म मिश्रलाई अनुमोदन गर्न नहुने दाबीसहित चारवटा उजुरी दर्ता भएको थियो। मिश्रविरुद्ध परेका चारवटा उजुरीमध्ये एकजना उजुरीकर्ताले उजुरी फिर्ता लिएको समितिले जनाएको छ।

मिश्रविरुद्ध ऐन सेलको मुद्दामा राज्यलाई करोडौं घाटा हुने गरी पैसा विदेश लैजान अन्तरिम आदेश दिएको, सूर्य नेपालको मुद्दामा कर छली गर्न आदेशमार्फत सहयोग गरेको, हाँडीगाउँको सार्वजनिक जग्गा व्यक्तिका नाउँमा नामसारी गर्न बाटो खोलिदिएको, विभिन्न मुद्दामा पैसा लिएर अभियुक्तलाई छाडेकोलगायतका उजुरी परेका छन्।

प्रधानन्यायाधीशमा प्रस्तावित दीपकराज जोशीलाई संसदीय सुनुवाइ विशेष समितिले अस्वीकृत गरेपछि संवैधानिक परिषद्ले सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश मिश्रलाई प्रधानन्यायाधीशमा सिफारिस गरेको हो।

उक्त सिफारिसलाई संसदीय सुनुवाइ समितिले अनुमोदन गरे राष्ट्रपति विद्यादेवी भण्डारीले मिश्रलाई प्रधानन्यायाधीशमा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

यसैबीच समितिको बैठकले संवैधानिक परिषद्बाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा सिफारिस भएका नवीनकुमार घिमिरेमाथि सार्वजनिक उजुरीको आह्वान गरिएको छ।

आज शनिबारदेखि लागू हुने गरी १० दिनभित्र उजुरी दर्ता गराउन सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय बैठकले गरेको छ। भदौ २० गते बुधबार बसेको संवैधानिक परिषद्को बैठकले कार्यवाहक प्रमुख आयुक्त घिमिरेलाई प्रमुख आयुक्तमा सिफारिस गर्ने निर्णय गरेको थियो। घिमिरे २०७१ सालमा अख्तियारको आयुक्तमा नियुक्त हुनुभएको थियो।

# पुरस्कार पाउने कर्मचारी भेटिएन

सुनील महर्जन, काठमाडौं

योग्य कर्मचारी नभएको भन्दै सरकारले यस वर्ष पनि सर्वोत्कृष्ट निजामती कर्मचारी छनोट गर्न सकेन।

सरकारले हरेक वर्ष भदौ २२ गतेलाई निजामती सेवा दिवसका रूपमा मनाउने गरेको छ र दिवसका अवसरमा एक जना सर्वोत्कृष्ट कर्मचारीसहित ४२ जनालाई पुरस्कृत गर्दै आएको छ। तर अघिल्ला वर्षजस्तै सरकारले यस वर्ष पनि सर्वोत्कृष्ट कर्मचारी छनोट गर्न सकेन। दुई वर्षअघि तत्कालीन अर्थ सचिव शान्तराज सुवेदीलाई सर्वोकृष्ट निजामती सेवा पुरस्कार दिएयता कुनै पनि कर्मचारीलाई सो पुरस्कार दिइएको छैन।

पुरस्कार किन नदिइएको भन्ने प्रश्नको जिज्ञाशामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले भन्नुभयो- 'यो पुरस्कार भनेको सधैंभरि दिने त होइन। पुरस्कार दिनका लागि देखिने काम गरेको कर्मचारी पनि हुनुपर्‍यो।'

(क्रमशः पृष्ठ ९ मा)

# हुम्ला र डोल्पा पनि राष्ट्रिय सडक सञ्जालमा

सुरेश तामाङ, काठमाडौं

हुम्लाको सदरमुकाम सिमिकोट दशैंअगावै राष्ट्रिय सडक सञ्जालमा जोडिने भएको छ। सिमिकोट र डोल्पाको सरमुकाम दुनैबाहेक नेपालको अधिकांश सदरमुकाम राष्ट्रिय सडक सञ्जालले जोडिसकेको छ।

दशैंअघि ट्र्याक निर्माण सम्पन्न भएसँगै सदरमुकाम सिमिकोट राष्ट्रिय सडक सञ्जालबाट जोडिने भएको हो।

हिल्सा-सिमिकोट सडक योजनाका प्रमुख शशांक मिश्रले हुम्लाको हिल्सादेखि सिमिकोटसम्मको ९५ किलोमिटर सडकको ट्र्याक दशैंअघि नै खोलिने बताउनुभयो।

हिल्सा-सिमिकोट ९५ किमिमध्ये ९० किमि ट्र्याक खोलिसकिएको र ५० किमि सडकखण्ड दुईवटा सवारी आवत जावत गर्न सक्ने गरी बनाइसकिएको योजनाले जनाएको छ।

'योजनाको पहिलो प्राथमिकता सडकको नयाँ ट्र्याक खोल्ने नै हो', योजना प्रमुख मिश्रले भन्नुभयो- 'दोस्रो प्राथमिकतामा सडक स्तरोन्नति पर्छ।' उहाँका अनुसार अहिले साढे ४ सय मिटरमा रहेको कडा चट्टानको भागमा विस्फोटक पदार्थ प्रयोग गरी भीर फोर्ने काम भइरहेको छ। उक्त योजना आव २०६९/७० बाट शुरू भए पनि विस्फोटक पदार्थ उपलब्ध हुन ढिला भएकाले सो काम बल्ल शुरू गरिएको हो।

उक्त भाग फोडिएपछि साढे ४ किलोमिटर सडक ट्र्याक खोल्न बाँकी रहनेछ। बाँकी रहेको भाग २ महिनाभित्रै सम्पन्न गर्ने बताइएको छ। दुनै पनि मंसिरभित्र राष्ट्रिय सडक सञ्जालमा जोडिने भएको छ। दुनै पुग्न चीन र जाजरकोट त्रिवेणी गरी दुई स्थानबाट ट्र्याक खोलिनेछ।

डोल्पाको सडक हेर्ने अधिकारी डिभिजन सडक कार्यालय रुकुमका प्रमुख आशिष थापामगरले जाजरकोट-त्रिवेणी र चीनको मरिम्लादेखि दुनै जोड्न दुवैतिरबाट प्रयास भइरहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

2018, AUG
Saturday
8

# महानगर

मलाई घरमा खान पनि दिनुभएन। हजुरबुबा आर्मीमा मेजर हुनुहुन्थो, बुबा टिचर हुनुहुन्थ्यो। मलाई उहांहरु आर्मीमा जागिर खुवाउन चाहनुहुन्थ्यो, तर म इन्ट्रेस्ट नभएकाले गइनँ।

Go Ahead

## मनोक्रान्तिमै मनोरञ्जन

कमल ढकाल
dhakal_kamal@hotmail.com

एक कथा छ। बुद्ध एक चौतारोमा बसिरहेका हुन्छन्। २ बच्चा खेलिरहेका हुन्छन्। उनीहरूले घर बनाउँछन्। तेरोभन्दा मेरो ठूलो र मेरो राम्रोमा उनीहरूको झैं-झगडा पर्छ। यत्तिकैमा रात पर्छ। उनीहरूलाई घरनजिकै रहेकी आमाले भात खान बोलाउँछिन्। बनाएको घर त्यही छाडेर उनीहरू घर जान्छन्।

बुद्धले चेलालाई देखाएर भन्छन्- ‘जीवन पनि यस्तै हो। त्यही बच्चाले साँझमा दिनभरिको तेरो र मेरो छाडेर घर गएजस्तै हामी आफू पनि हाम्रो घर जानुपर्छ, तर मान्छेले यो सोच्दैनन्।’

‘यो घर भनेको के हो र कस्तो हुन्छ ?’ -यही प्रश्न मैले डक्टर योगी विकासानन्द गुरुलाई सोधें। उनले भने- ‘आफैंमा फर्कनु घर हो, एक बोतल रक्सीले संसार बिर्साइदिन्छ, संसार बिर्सेर जब मान्छे आफूमा फर्कन्छ त्यही घर हो।’

फेरि कन्फ्युज्ड भएपछि गुरुलाई सोधें । अझै बुझिएन। उनले प्रष्टयाए- ‘बुद्धले भनेको घर मर्दा पनि नमर्ने आत्म तत्त्व हो त्यहाँ कसैका आमाबाबु, छोरो, लोग्ने कोही हुँदैन, मलाई बिर्सेर भेटिने मुक्ति मात्र हुन्छ।’

मुक्तिको झल्को आफैंमा बिर्सदा हुन्छ। साधनामा हुन्छ नसामा हुन्छ र सपना नदेखी निराउँदा हुन्छ। महाआनन्द नै मुक्ति हो।

यस्तो बाटो समाउनेभन्दा पनि केटाकेटीकोजस्तो घर बनाउने नै हामीहरू बढी छौं। दर्दनाक जन्म भए पनि आफ्नो बुद्धि विवेक बढाएर राम्रो बनेका विकासानन्दलाई भेट्दा जहिले आनन्द आउँछ। जीवनमा समस्या नै छैन जस्तो लाग्छ। त्यहाँबाट निस्केर एक फोन बजेपछि फेरि समस्या त जस्तो लाग्छ। जहिले भेटिन्छ जतिबेला भेटिन्छ आनन्द आउने उनको जीवनको उत्पत्ति नै अनौठो तरिकाले भएको थियो । २०१८ सालमा क्षेत्रपाटि गणेश मन्दिरमा साल नालसहित फेला परेका थिए विकासानन्द। धर्मपिता कृष्णमान श्रेष्ठ र आमा पूर्ण देवीको पालन पोषणमा हुर्केका उनले पारिवारिक दबाब बहुत झेल्नुपर्‍यो। बाबुले रक्सी खाएर आउँदा तथानाम गाली गर्थे। समाजले पनि रिसाएको नेवारको घरमा पालिएका उनलाई बाहुनको बच्चो भन्दा विकासानन्दलाई सानैदेखि घोचिरहने रहेछ। त्यसैले उनको आदर्श खराब भयो। चोर्ने, छल्ने र डाँकु बन्नेजस्ता कूलतमा सानैमा फसेका थिए विकासानन्द।

मान्छे आनन्द र पैसाका लागि जीवनभर भौतारिन्छ। बालमन्दिरको पेन्टिङ सिक्दै गरेका विकासानन्द पेन्टिङबाटै खुसी प्राप्त गर्दै थिए। सन् १९७९ मा पेन्टिङमा भाग लिन रुसमा के पुगेका थिए विकासानन्दलाई जीवनमै पहिलो पटक असन्तोष भयो। लेनिनको लासमाथिको लाम देखेर विकासानन्दलाई मुर्दा लेनिन हो कि आफू भन्ने भयो। उचाइ छोएर बाँच्नु पो बाँच्नु। यसरी नि के बाँच्नुजस्तो लागेपछि विकासानन्द अध्यात्मको खोजीमा बनारस गए। १६,१७ को उमेरमा संस्कृत युनिभर्सिटीमा भर्ना भए। संस्कृत र दर्शन पढे।

जिज्ञासु विकासानन्दलाई प्रज्ञापारमिता जानेपछि मान्छे मुक्त हुन्छ। केही जान्न पर्दैन भनेर गुरुले भनेको सुनेपछि गुरुलाई तत्काले प्रश्न गरेछन्- ‘गुरु प्रज्ञापरमिता जान्ने तपाईं किन मुक्त नभएको ? नजानेको भए किन पढाएको ?’ त्यतिबेलादेखि विकासनन्दलाई देख्यो कि गुरु छड्कन थाले। उत्तर कहिल्यै आएन। पढाइबाट पनि केही नहुने ठानेर उनले पढाइ छाडे । घरबाट ३ सय रुपियाँ लिएर हिँडेका उनी ६ वर्ष भारत बसे। हिन्दु दर्शन र बौद्ध दर्शन खारे। गुरु पनि राखे। पछि आफैंले भारतबाट प्रवचन शुरू गरे। नेपालमा आएपछि आनन्द योग केन्द्र शुरू गरे २०४७ सालमा। त्यहाँ योग र ध्यान सिकाउँथे। जुन प्रवचनवालाले पनि आफ्नो काम राम्रो अरूको नराम्रो भनेपछि उनी संसारको सबै राम्रो कुरा अट्ने खोजीमा लागे।

मनको क्रान्ति नभई सबै राम्रो कुरा नअट्ने महसुस गरेर २०५५ सालमा मनोक्रान्ति शुरू गरे। नारा थियो- ‘संसार बदल्नु छ, शुरू यहींबाट गर्नु छ।’ मान्छेलाई चाहिने ४ वटा क्षेत्र स्वास्थ्य, शिक्षा, सफलता र आध्यात्मिकता समेटेर तयार पारेको मनोक्रान्तिले गति लियो।

मान्छे अरूको दास बन्न थालेपछि बिग्रने बताउने विकासानन्द नेता पनि दास मनोवृत्तिका कारण बिग्रिएको बताउँछन्। ‘जब आफू सक्षम हुन्छ तब मान्छे अरूको दास बन्दैन। आफू सक्षम नहुने र भएको पनि चाल नपाउने नेताकै कारण साच्चै देश बिग्रिएको जस्तो लाग्यो’ -उनले भने। नभएको बेला ट्वाइलेटमासमेत पढ्ने गरेका उनी पढेका कुरा सम्झने रहेछन्। बिहान मेडिटेसन गर्ने विकासानन्द सपनालाई समेत आदेश दिँदा रहेछन्। मनोक्रान्तिको लोगो चाहियो भनेर सुत्ने बेलामा सपनालाई आदेश दिएको ३ दिनपछि उल्टो प्रश्न चिह्न भएको लोगो आएको उनले बताए।

मान्छेको शक्तिले प्रकृतिलाई पनि जित्छ। ९१ दिनसम्म खाना नखाई बस्ने आगोमाथि नाच्नेजस्ता अनौपचारिक कुरा सिकाउने मनोक्रान्ति म्याट्रिक्स

अहिलेसम्म १ सय बढी किताब तयार भइसके मनोक्रान्ति गुरुका। त्यत्रा किताब लेख्न पढ्न पनि त पर्‍यो। त्यसैले उनले ५,७ हजारभन्दा बढी किताब अट्ने पुस्तकालय तयार गरेका रहेछन्। पढ्न र्स द सिकाएर सयौं चेला जन्माउने उही हुन् -गुरु विकासानन्द।

२०५७ सलमा विवाह भयो । रेकी मास्टर कमलेश्वरीसँग विवाह गरेका उनका छोरी निर्वाणा श्रेष्ठ र छोरा क्वान्टम छन्।

होचो कदका विकासानन्द दिनका दिन अग्लो बन्दै जाँदै छन्। किनकि उनले आफ्नो बारेमाभन्दा पनि अरूको बारेमा सोंचे। आफ्नो हेल्थ आफ्नो शिक्षा, सफलता र अध्यात्मिकतामा मात्र केन्द्रित नभई अरूको पनि हेरे। त्यही भएर दिनका दिन मान्छे बढे का छन् उनलाई पछ्याउने। भाषाशैली एकदमै मिलाएको र संसारभरका खोज अनुसन्धान ल्याएर टपक्क किताबमा राखिएकाले पनि होला उनका किताब पढ्दा बदाम छोडाएर खाएको जस्तै आनन्द आउँछ। हास्य उनको अर्को विशेषता हो। आन्द्रा बाउँडिने गरी हाँस्ने र ह्युमन सेन्स बढी भएका पुस्तक छोड्न मन नै नलाग्ने खालका छन्।

धेरै कुरा छन् विकासानन्दसँग राष्ट्रले लिन सक्ने। व्यक्तिले लिन सक्ने। समस्यालाई जिरोले गुन्ने र सफलतालाई सयले गुन्ने उनी अनौठा गुरु हुन्। रानीबारीमा जानोस् सफलता दर्शन, माइन्ड टेक्नोलोजीको तालिम लिन सयौं मान्छे आइरहेका हुन्छन्। विकासानन्द २८ वर्षे तन्नेरीजस्तै बिहानदेखि बेलुकासम्म आफैंले निकालेको दर्शन मनोक्रान्तिमै मनोरञ्जन गरिरहेका छन्।

**धेरै कुरा छन् विकासानन्दसँग राष्ट्रले लिन सक्ने। व्यक्तिले लिन सक्ने। समस्यालाई जिरोले गुन्ने र सफलतालाई सयले गुन्ने उनी अनौठा गुरु हुन्। रानीबारीमा जानोस् सफलता दर्शन, माइन्ड टेक्नोलोजीको तालिम लिन सयौं मान्छे आइरहेका हुन्छन्। विकासानन्द २८ वर्षे तन्नेरीजस्तै बिहानदेखि बेलुकासम्म आफैंले निकालेको दर्शन मनोक्रान्तिमै मनोरञ्जन गरिरहेका छन्।**





## फाइटरदेखि डाइरेक्टरसम्म



रश्मी थापा

फाइटरदेखि सहायक द्वन्द्व निर्देशकसम्म र द्वन्द्व निर्देशकदेखि निर्देशकसम्मको सफल फिल्मी यात्रुको नाम बनेका छन् हिमाले केसी। केही समययता द्वन्द्व निर्देशकका रूपमा एकछत्र राज गरिरहेका हिमाल केसीले फाइटर ब्वाइको रूपमा आफ्नो करिअरको शुरुआत गरेका थिए। २०४७ सालमा १५ वर्षको उमेरमा भिडियो फिल्म *प्रेम दीप*मा फाइटरका रूपमा खेलेका उनी त्यसपछि *प्रेम पूजा, दुस्मन*लगायत सयभन्दा बढी फिल्ममा फाइटरकै भूमिकामा देखिए। यही क्रममा सहद्वन्द्व निर्देशक हुँदै *नुमाफुङ*बाट द्वन्द्व निर्देशकका रूपमा आफूलाई प्रस्तुत गरे। फिल्म *मर्यादा*बाट उनी व्यवसायिक फिल्मका द्वन्द्व निर्देशकको रूपमा अगाडि आए।

सानैदेखि फिल्ममा रुचि राख्ने हिमालले द्वन्द्व निर्देशक एनबी महर्जनसँग भेट भएपछि उनकै माध्यमबाट फाइटर हुँदै उनले सहद्वन्द्व निर्देशकका रूपमा काम गर्न थालेका थिए। ‘कक्षा १० पढ्दै गर्दा १ जना साथीसँग घुमघामका लागि बालाजु गएको थिएँ। त्यो बेला एनबी गुरुको मोटरसाइकल बिग्रिएकाले बसमा यात्रा गर्नुभएको रहेछ। बसमै मैले पनि फिल्ममा काम गर्न इच्छा भएको सुनाएपछि उहाँले मसँगै हिँड भन्नुभयो र उहाँको केयर टेकरका रूपमा पछि लागेर आज म यहाँसम्म आइपुगें’ -हिमालले सुनाए।

हिरो बन्ने सोचले फिल्म क्षेत्रमा आए पनि द्वन्द्वमा काम गर्दै जाँदा यसैमा प्रगति गर्दै गएको उनी बताउँछन्। ‘त्यतिबेला एनबी गुरुलाई खुसी पार्न र अरूभन्दा एक्स्ट्रा देखिनका लागि बिनासेफ्टी खाली जमिनमा लड्ने, गुड्दा गुड्दैको बाइकमा लड्ने, हिरोले हिर्काउँदा काँडा ढुंगा केही पनि नभनी लड्ने गरेर आफूले दिन सक्ने सिन गरिन्थ्यो’, हिमाल सुनाउँदै थिए- ‘यसो गर्दाखेरी गुरुको आँखामा परिन्छ र लामो सिन पाइन्छ कि भन्ने लाग्थ्यो। स्टन्ट गर्दा २ चोटी ठूलै एक्सिडेन्टमा परियो। *अञ्जुली* नामक फिल्ममा कार उडाउँदा घाँटीको नसामा झड्का परेर अहिले पनि समस्या छ। मैले पहिलो पटक नेपालमा कार स्टन्ट गरेको थिएँ। त्यस्तै एकपटक देब्रे हात नै भाँचिएकाले १ महिना रेस्टमा बस्नुपर्‍यो। *आफन्त* फिल्मको सेटमा कारको सिसा ब्रेक गर्दा टाउकोमा गहिरो चोट लाग्यो। खासमा सुटिङ सेटमा जाँदा नयाँ जोस जाँगर र सोचका साथ गइएको हुन्छ, तर स्टन्ट गर्दा कुन बेला के हुन्छ भन्न सकिँदैन।’ १ सय ९० नेपाली फिल्ममा द्वन्द्व निर्देशन र ४० भन्दामाथि भोजपुरी फिल्ममा काम गरेका हिमाल सुरक्षाको हिसाबमा भारतीय फिल्म उद्योग दोब्बर सुरक्षित रहेको बताउँछन्। ‘बलिउडका भोजपुरी फिल्ममै पनि भुइँमा लड्नु परे पनि फोम बिच्छयाउँ भन्छन्, तर यहाँ त्यस्तो छैन, म खाली भुइँमा लडेको देख्दा यसरी लड्दा दुख्दैन? तिमीहरू के खान्छौ भनेर सोध्थे’, हिमालले सुनाए- ‘हाम्रा गुरुले पनि यसै गर्दै आउनुभएको छ, गुरुहरूलाई त केही भएको छैन। हामीलाई के हुन्छ र ? भन्ने हिसाबले काम गरिन्थ्यो।’



२०३२ सालमा ललितपुर महानगरपालिकामा जन्मिएका हिमाललाई बुबाआमाले आर्मीमा जागिर खुवाउन चाहन्थे। फिल्म क्षेत्रमा लागेको शुरुआती दिनमा आफूलाई यो क्षेत्रबाट टाढा गराउन बुबाआमाले गरेको प्रयास सम्झँदै उनी भन्छन्- ‘मै फिल्म क्षेत्रमा लाग्दा कति दिनसम्म मलाई घरमा खान पनि दिनुभएन। हजुरबुबा आर्मीमा मेजर हुनुहुन्थो, बुबा टिचर हुनुहुन्थ्यो। मलाई उहाँहरू आर्मीमा जागिर खुवाउन चाहनुहुन्थ्यो, तर म इन्ट्रेस्ट नभएकाले गइनँ।’ हिमालले भने- ‘तर अहिले उहाँहरू मलाई एक्लै लडेर पनि जित्ने हिमालजस्तो हुनुपर्छ भनेर अरूलाई उदाहरण दिनुहुन्छ।’

द्वन्द्व निर्देशन गर्दागर्दै हिमालले *पिँजडा ब्याक अगेन* निर्देशन गरे। द्वन्द्व निर्देशकले निर्देशन गरेको फिल्म द्वन्द्वले नै भरिएको होला भन्ने आम दर्शकको अपेक्षाविपरीत उनले भने *पिँजडा ब्याक अगेन*लाई प्रेममय फिल्म बनाइदिए। ‘हिमाल केसीले द्वन्द्व निर्देशन गरेको एक्सन मुभि राम्रो हुन्छ भन्ने सबैलाई थाहा छ, तर हिमालले पारिवारिक सेन्टिमेन्टल लभ स्टोरी फिल्म पनि गर्न सक्छ भन्ने सावित गर्दै *पिँजडा ब्याक अगेन* बनाएँ। दर्शकले *पिँजडा ब्याक अगेन* हेर्दा भयंकर एक्सनको एक्सपेक्टेसन राख्नुभएको रहेछ, तर फिल्म ठीक अपोजिट भएकोले एक्सन डाइरेक्टरले पनि यस्तो खालको फिल्म गर्न सक्दो रहेछ, उसमा पनि सेन्टिमेन्ट रहेछ भन्ने कुरा दर्शकले बुझ्नुभयो’, हिमाल भन्छन्- ‘अहिले मैले गरिरहेको एक्सन डाइरेक्सन बल छउञ्जेलको लागि मात्र हो। त्यही कारण पनि फिल्म निर्देशनमा हात हालेको हो।’ अर्को कुरा फिल्म *भैरव* हिट भइरहेको बेला निखिललाई लिएर एउटा फिल्म बनाउने सोच लेखक साथी मौनता श्रेष्ठको थियो। ‘निर्देशन अरूलाई किन दिनु तिमी नै गर भनेपछि म साथीभाइलाई सहयोग गर्ने हिसाबले निर्देशनमा अघि बढेको हो’, हिमालले थपे- ‘तर एक्सन मेरो पहिलो प्राथमिकता भएका कारण अब केही समय फिल्म निर्देशनमा आउँदिनँ। अब रिटायर्ड लाइफमाचाहिं कुर्सीमा बसेर एक्सन कट भनौं कि भन्ने लागेको छ।’

आफूले फाइटर भएर काम गर्दादेखि अहिले पनि फाइटरको कमाइ सन्तोषजनक नभएको हिमाल बताउँछन्। ‘त्यतिबेला म जुनियर भएकाले एउटा फिल्मको ५ सयदेखि हजारसम्म पाउँथे। सिनियरले हजारदेखि १५ समयसम्म पाउँथे। त्यतिबेला त्यो रकम ठीकै थियो। अहिले पनि फाइटर पीडित नै छन्। आउट अफ भ्याली गयो भने उनीहरूले एउटा फाइटको ५ हजार र क्लाइमेक्सको ६ हजार पाउँछन्। भ्यालीमाचाहिँ ४ हजार र ५ हजार पाउँछन्। त्यसमा पनि सुटिङमा ढिला भयो भने उनीहरूलाई घाटा हुन्छ’ -उनी भन्छन्।

द्वन्द्व निर्देशनबाटै यो विधाको अधिकांश फिल्म अवार्ड चुम्दै आएका हिमालले गत वर्ष फिल्म *भैरव*बाट अधिकांश अवार्ड आफ्नो बनाएका थिए। उनी अवार्डलाई सम्मानका साथमा चुनौतीको रूपमा लिन्छन्। ‘मलाई दिएको अवार्डलाई म चुनौती र हौसलाका रूपमा लिन्छु। मेरो मेहेनतलाई सम्मान गर्दै पछिल्लो समय *भैरव*बाट नेपालमा भएका सबै अवार्डले मलाई नै सम्मान गरिदिनुभयो’ -उनले भने । उनले *कामना फिल्म अवार्ड, डी सिने, एलजी सिने सर्कल*जस्ता अवार्डलाई आफ्नो बनाएका थिए।



## आमा छोरी

अभिनेत्री करिश्मा मानन्धर छोरी कविताका साथ सेल्फी खिचेर रमाउँदै।

PAGE3

## स्टाइल

अभिनेता नाजिर हुसेन र ब्युटिसियन सुष्मा महरा फेसियल हाउसमा।



# रामकृष्णको गीत अन्तर्राष्ट्रिय महोत्सवमा





सुगमदेखि फिल्मी संगीतसम्म लोकप्रिय गायक रामकृष्ण ढकालको गीत *अचेल पाइलैपिच्छे* अमेरिकाको न्युजर्सीमा जारी *गोल्डेन डोर इन्टरनेसनल फिल्म फेस्टिबल अफ जर्सी सिटी* अन्तर्राष्ट्रिय फिल्म महोत्सवका लागि चयन भएको छ।

साहित्यकार कृसु क्षेत्रीको शब्द, गायक ढकालको स्वर र हिमाल सागरको संगीत रहेको गीत सो महोत्सवका लागि छानिएको हो। महोत्सवमा यो गीतसँगै ९२ मुलुकका अन्य म्युजिक भिडियो छानिएका छन्। नेपालबाट भने यो गीतको म्युजिक भिडियो मात्र चयनमा परेको हो।

गीतको शब्द रचनाकार कृसु क्षेत्री अमेरिकाको न्युयोर्कमा रहेको दूतावासमा नेपाल सरकारका महावाणिज्य दूत हुन्। हालै साझा प्रकाशनबाट *चराको गीत* नामक चर्चित कविता संग्रह प्रकाशन गरेका साहित्यकार क्षेत्रीको पुरानो गजललाई आधुनिक संगीतको स्वादमा तयार गरिएको हो। यस गीतको म्युजिक भिडियोको निर्देशन युवा निर्देशक बिक्की पुलामीले गरेका छन्।


यस चयनले अत्यन्त खुसी भएको अमेरिका-क्यानडाको सांगीतिक भ्रमणमा रहेका गायक रामकृष्ण ढकालले बताए। 'हाम्रो गीत संगीतले अन्तर्राष्ट्रिय पहिचान बनाउन सफल भएकामा हामी पूरै टिम खुसी छौं' -अमेरिकाको न्युयोर्कमा रहेका गायक ढकालले नेप्लिज डायस्पोरासँग खुसी साटासाट गर्दै भने। मानवीय जीवनको सफलता असफलता आरोह अवरोहलाई उल्लेख गरिएको यो गीत सुगम संगीतका स्रोताले निकै रूचाएका छन्। आगामी २० सेप्टेम्बरदेखि २३ सेप्टेम्बरसम्म चल्ने प्रतियोगितामा यो गीत सम्मानित भए अन्तर्राष्ट्रिय सम्मान पाउने पहिलो नेपाली म्युजिक भिडियोसमेत हुनेछ।

# अर्जुन र मलाइका प्रेममा !

केही समययता बलिउड नायक अर्जुन कपुर र नायिका मलाइका अरोराबीचको प्रेम सम्बन्धको चर्चा भारतीय मिडियामा भाइरल भइरहेको छ।

मिडिया रिपोर्टअनुसार अब मलाइकाले छिट्टै नै आफ्नो सम्बन्धलाई आधिकारिकरूपमा घोषणा गर्न सक्छिन्। हालै उनीहरू एक कार्यक्रममा पनि सँगै देखिएका थिए। अर्जुन आफ्नी बहिनी खुसी कपुर र जान्वी कपुरका साथ *लेक्मे फेसन विक*मा सहभागी हुन पुगेका थिए। पहिलोपटक जान्वी कपुरले पनि ऱ्याम्प वाक गरेको उक्त कार्यक्रममा पुगेपछि अर्जुन मलाइका बसेको स्थानतिर गएका थिए। अर्जुन मलाइकासँगैको सिटमा बसेपछि मानिसको ध्यान पनि अर्जुन मलाइकातिर बढी थियो। त्यसपछि उनीहरूको प्रेम चर्चा फेरि शुरू भएको छ।

मलाइकाले २ वर्षअघि सलमान खानका भाइ अरवाजसँग डिभोर्स गरेकी हुन्। उनी अरवाजसँग सम्बन्धमा रहँदा नै उनी र अर्जुनबीच प्रेमको चर्चा शुरू भएको थियो। जसको कारण सलमान अर्जुनसँग रिसाएको र सलमानकै डरले गर्दा अर्जुन मलाइकासँग खुलेर हिँड्न नसकेको भन्ने समाचार पनि भारतीय मिडियाले उल्लेख गरेका थिए। हाल पनि सलमान र अर्जुनको बोलचाल छैन। जबकि सलमान अर्जुनका पिता बोनी कपुरसँग भने निकै नजिक छन्। उनीहरूको सम्बन्ध बोनीलाई पनि मन नपरेको कारण उनीहरू सार्वजनिक स्थानमा सँगै हिँड्दैनथे। मानिसहरू मलाइकाले पूर्वपति अरवाज खानसँग डिभोर्स गर्नुको कारण अर्जुन भएको समेत भन्ने गर्छन्। अब अरवाजले जर्जिया एड्रियानीसँग सम्बन्ध बढाएका छन् भने मलाइका पनि खुलेर अर्जुनलाई प्रेम गर्न चाहन्छिन्। मलाइका अर्जुनभन्दा १२ वर्ष जेठी छिन् भने उनका १५ वर्षका छोरा छन्।





# मिस नेपाललाई व्यवसायीको १ लाख






हेटौंडा, (नेस)। मकवानपुरको कैलाश गाउँपालिकामा स्वास्थ्य चौकी भवन निर्माण गर्न मकवानपुरका व्यवसायीले *मिस नेपाल* शृंखला खतिवडालाई नगद सहयोग गरेका छन्। मकवानपुर उद्योग वाणिज्य संघले मकवानपुरे चेली *मिस नेपाल-२०१८* शृंखला खतिवडालाई १ लाख रुपियाँको चेक हस्तान्तरण गरेको हो।

संघका अध्यक्ष कृष्ण कटुवालले वन होम फाउन्डेसनद्वारा कैलाश गाउँपालिकामा निर्माणाधीन स्वास्थ्य चौकीका लागि संघ कार्यसमितिका तर्फबाट १ लाख रुपियाँको चेक खतिवडालाई हस्तान्तरण गरेका हुन्। खतिवडाले मकवानपुरको गरिमा उच्च बनाएको र ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी स्थापना गरी बिरामीको उपचारमा सक्रियता देखाएकोमा उनले खुसी व्यक्त गरे। शृंखलालाई *मिस वर्ल्ड*का लागि जिल्लाका व्यवसायीले शुभकामनासमेत दिए। *मिस नेपाल* खतिवडाले *मिस वर्ल्ड*का लागि *ब्युटी विथ अ पर्पस* शीर्षकअन्तर्गत कम्तीमा एउटा सामाजिक कार्य गर्नुपर्ने भएकाले गृहजिल्लाको विकट क्षेत्र कैलाश गाउँपालिका-७ मा स्वास्थ्यचौकी भवन निर्माण गर्न लागेको बताइन्। सामान्य स्वास्थ्य परीक्षणका लागि सर्वसाधारण बिरामीलाई ५ घन्टा पैदल हिँड्नुपर्ने समस्याबाट मुक्त गराउन उक्त स्थानमा स्वास्थ्य चौकी निर्माण गर्न लागिएको र सोका लागि सबै क्षेत्रबाट सहयोग संकलन भइरहेको *मिस नेपाल* खतिवडाले बताइन्। उनले तिहारअगाडि स्वास्थ्य चौकी निर्माण गरिसक्ने लक्ष्य राखिएको जानकारी दिइन्। स्वास्थ्य चौकी निर्माणमा ६० लाख रुपियाँ अनुमानित खर्च लाग्ने खतिवडाले बताइन्। नेपालमा सरकारले *मिस नेपाल प्रतियोगिता*लाई बुझ्न नसकेको भन्दै सरकारले फरक व्यवहार गरेको भन्दै चित्त दुःखाएकी *मिस नेपाल वर्ल्ड* खतिवडाले गृहजिल्ला मकवानपुरको विकट चेपाङ बस्तीमा स्वास्थ्य संस्था स्थापना गरेर सरकारलाई चुनौती दिनेभएकी हुन्। उनले सोसल साइटमार्फ भिडियो तथा फोटो सेयर गर्दै स्वास्थ्य संस्था स्थापना गर्ने बताएकी थिइन्। कैलाश गाउँपालिका-७, भार्ता पुगेकी उनले चेपाङ परिवारको घरमै पुगेर भलाकुसारी गरेकी थिइन्। चेपाङको बाहुल्य रहेको भार्तामा बालविवाह ८६ प्रतिशत रहेको उल्लेख गर्दै उनले त्यहाँका धेरैजसो बालबालिका कुपोषणको शिकार भएको बताएकी छन्। उनले ८ सन्तानकी आमा ३२ वर्षीया महिलालाई भेटेको उल्लेख गरेकी छन्।

# कथा काठमाडौं शहर डुल्दै



सञ्चारकर्मी संगीता श्रेष्ठको डेब्यु निर्देशनमा बनेको फिल्म *कथा काठमाडौं*ले शुक्रबारबाट शहर टुर कार्यक्रम शुरू गरेको छ।


जसअन्तर्गत यसका कालकारले इटहरी, धरान, दमक, हेटौंडा, नारायणगढ, बुटवल, दाङ र पोखरालगायतका शहरमा पुगेर फिल्मका बारेमा जानकारी गराउने भएका छन्। टुरअन्तर्गत नै पथरी, धरान, चितवन र दाङलगायतका स्थानको महोत्सवमा समेत सहभागी हुने यसको निर्माण संस्थाले जनाएको छ।

काठमाडौंलाई आफ्नो कर्मभूमि बनाएर बसिरहेका भिन्न-भिन्न पात्रको कथा उतारिएको फिल्मका *रातको कुरा, जुन अनि तारालाई* र टाइटल गीत *कथा काठमाडौं* रिलिज तथा यसको ट्रेलर सार्वजनिक गरेपछि चर्चा र विवादमा छ। आगामी असोज १२ मा रिलिज हुने फिल्म प्रियंका कार्की र प्रमोद अग्रहरीको हट सिनलाई लिएर चर्चा र विवाद दुवैमा छ। प्रियंका र प्रमोदका साथमा आयुष्मान डीएस जोशी, संजोग कोइराला, सन्ध्या केसी, प्रेक्षा अधिकारी मुख्य भूमिकामा रहेको फिल्म आहाना फिल्मस्को ब्यानरमा विजय राईले निर्माण गरेका हुन्। फिल्ममा गायिका इन्दिरा जोशी पनि विशेष भूमिकामा देखिएकी छिन् भने लुजा सिंहको छायांकन, मित्र डी गुरुङको सम्पादन रहेको फिल्मको पटकथा निर्देशक श्रेष्ठले नै लेखेकी छिन्। 'केही कथा र घटना हाम्रो अगाडि नै हुन्छ, तर त्यसमा हामी न बोल्न सक्छौं न त प्रतिकार नै। केही दबिएका कथा छन्, त्यही बाहिरै आएका कथा', संगीता भन्छिन् 'यो नै *कथा काठमाडौं*को कथा हो।'

# हलिउड सुपरस्टार बर्टको निधन

अमेरिकन फिल्ममेकर तथा हलिउड सुपरस्टार बर्ट रेनाल्डको बुधबार फ्लोरिडाको जुप्टर मेडिकलमा ८२ वर्षको उमेरमा निधन भएको छ।

यो खबरको जानकारी उनका म्यानेजरले दिएको एजेन्सीले जनाएको छ। बर्ट आफ्नो फिल्मी करिअरमा सुन्दर अभिनेताका रूपमा गनिन्थे। उनले सन् १९७२ मा आफ्नो हलिउड यात्रा तय गरेका थिए। उनले सन् १९७७ मा अभिनय गरेको फिल्म *स्मोकी एन्ड द बेन्डिट* निकै हिट भएको थियो, तर सन् १९७२ देखि १९७७ को बीचमा उनका केही फिल्म फ्लप भएका कारण उनको करिअर डुब्न लागेको थियो। सन् १९९७ मा उनले *बुगी नाइट्समा* सपोर्टिङ एक्टरको भूमिका निर्वाह गरेका कारण एकेडेमी ओस्कार अवार्ड पाएका थिए। उनले २ पटक *गोल्डेन ग्लोब अवार्ड*लाई आफ्नो बनाएका थिए।



# साहित्य

बुद्धिमान व्यक्तिले आफ्नो अनुभवबाट
सिक्छ, तर धेरै बुद्धि भएकाले भने
अरूको अनुभवबाट पनि सिक्छ।
– चिनियाँ उखान

तिमी जुन पुस्तक पढ्दा
सबैभन्दा धेरै सोच्न विवश
हुन्छौ, तिम्रो सबैभन्दा ठूलो
सहायक नै त्यही पुस्तक हो।
– थियोड्रोर पार्कर

टिप्पणी

## अक्षरयात्रामा 'नइ' र 'त्रिमूर्ति' धन्य छन्...

मोहन दुवाल

श्रीमान्, श्रीमती नरेन्द्रराज प्रसाईं/इन्दिरा प्रसाईंको सङ्क्षिप्त भई जोडिएको नाम अर्थात् विशेषण हो 'नइ'। म यस अर्थमा राखेर 'नइ'लाई हेर्न रुचाउँछु। वाङ्मय जगत्मा आफ्नो नाम र धाम बनाउन सफल 'नइ' ले नेपाली भाषा/साहित्यको उत्थानमा जनस्तरबाट अझ श्रीमान/श्रीमतीको परिश्रमबाट भए-गरेका साहित्यिक गतिविधिहरू निकै उच्चस्तरका छन्, जुन मूल्याङ्कनयोग्य छन्। नरेन्द्रराज प्रसाईं कस्ता छन् ? उनी के गर्छन् ? कस्तो विचार राख्छन् ! इन्दिरा प्रसाईंबारे पनि यस्ता प्रश्नहरू निकै होलान् ? तर म भन्छु, वाङ्मय क्षेत्रमा यिनीहरूले पुऱ्याइरहेको योगदान उच्चस्तरका छन्। खरो भाषामा आफ्नो विचार राख्न नडराउने भाषा-साहित्यको क्षेत्रमा अनेकौं प्रकारका सङ्घर्ष गर्नुपरे पनि गर्ने भएकैले यिनीहरू यस क्षेत्रमा त्यसैले सफल छन्। जोडी मिलेका छन्, दुवै गतिशील भएकै कारणले यिनीहरूका कामकुरो पनि साहित्यमा बिकेका छन्।



नरेन्द्र प्रसाईंसँग चिनजान भएको धेरै वर्ष भइसकेको छ, उनी मेरो सम्मानमा बोल्न कन्जुस्याइँ गर्दैनन्। ठूलो-ठूलो स्वरमा उनले सबैलाई सुन्ने गरी मेरोबारे ठाउँ-ठाउँमा बोलेका छन्- 'मोहन दुवाल स्वाभिमानी छन्, उनी राष्ट्रवादी हुन्। यिनी खाँटी कम्युनिस्ट, मास्टर जागिर छोडेर कम्युनिस्ट भएर चुनाव लडेका !' नेपालमा धेरैजसो व्यक्तिहरू चाकडी बजाउँछन्, आफ्नो स्वार्थपूर्ति गर्न जे पनि गर्छन्। अरूलाई तल खसालेर आफू माथि चढ्न खोज्नेहरू थुप्रै छन्। लाज नमानीकन सम्मान/पुरस्कार माग्छन्। मलाई घिन लाग्छ यस खालका प्रवृत्ति बोकेर आफू उठ्न खोज्नेहरूसँग। जीवनमा चाह गरिएन यस खालका घिनलाग्दा प्रवृत्तिहरू। 'नइ'का मित्रहरू यस खालका प्रवृत्तिहरूसँग कति नजिक छन्, अर्थात् कति टाढा छन्। मलाई थाहा छैन।

जनमतको यात्रामा निमग्न भई लागेको कारणले 'जनमत' मन पराउनेहरू मेरा लागि सधैँ प्रिय मित्र भएका छन्। यिनै प्रिय मित्रहरूको सहयोगमा जनमतको यात्रा गर्न पाएर म दङ्ग परेको छु। कार्यक्रममा पनि जनमतकै हितैषीहरूको भीड लाग्ने कारणले 'औपचारिकता' गर्नै जानिएन कोही-कसैसँग। मलाई के भन्दा हुन्, मलाई कस्तो खालको मान्छे सोच्दा हुन्। यात्रामा लाग्न पाएको छु। सन्दर्भ, नरेन्द्रराज प्रसाईंको। मलाई तानेर एकपल्ट घर लगेका छन्, मसँगै भारती र मेरा नातिनी 'इरा' पनि उनकै मोटरमा घर पुगेको केही वर्ष भयो। शनिबार फोन गरेर ३० गते आइतबारको कार्यक्रममा आउने हो कि भनी सोधे र कार्ड यादव भट्टराईसँग हुन्छ, यिनले भने र मैले हुन्छ 'म आउँछु भनेँ।'

२०७५ वैशाख ३० गते अपराह्न ३ बजे हुने भनिएको कार्यक्रम हेर्न भाटभटेनीस्थित 'आम्रपाली' मा एउटा मोटरमार्फत म पुगेँ। सभाकक्षमा ३ नबज्दै मान्छेहरूको भीड जुट्न थालिसकेको छ। चिनेका मित्रहरूसँग हात मिलाइयो र नरेन्द्रजीलाई मेरा जनमत प्रकाशनका पुस्तकहरू उपहारस्वरूप हातमा थमाइदिएँ। ३ बजेको कार्यक्रम ३:४५ तिर मात्र शुरू भयो। हल भरियो। नरेन्द्रराज आफैंले कार्यक्रमको उद्घोषण गर्दै करिब १ घन्टा आफूलाई मन लागेका कुराहरू, विभिन्न घटनाक्रममा आफूले साँचेका सन्दर्भहरू कसैको मुलाहिजा नराखीकन स्पष्ट भाषामा यिनले आफ्ना विचारहरू राखे। पछि औपचारिक कार्यक्रमको उद्घोषण गर्न थालिन् इन्दिरा प्रसाईंले। नरेन्द्रकै ढङ्ग र पारामा यिनले पनि आफ्नो ढङ्गले कार्यक्रमको रूपरेखा प्रस्तुत गर्दै गइन्।

नइ प्रकाशनले यसपल्ट यस कार्यक्रममा सम्मान गर्न खोजेका सबै प्रतिभाहरूलाई मञ्चमा डाक्ने र सम्मान गर्दै तल पठाउने दृश्य पनि निकै रोचक छन्। शताब्दी पुरुष सत्यमोहन जोशी ९९ वर्ष पुगेको अवसर पारेर गरेको यस कार्यक्रममा प्रमुख अतिथि सत्यमोहन जोशीलाई विशिष्ट अतिथिहरू डा. मोदनाथ प्रश्रित र दीनानाथ शर्माले माल्यार्पण गरिदिए। यस वर्ष सम्मानित हुनेहरूमा प्रा.डा. मानफ्रेद गेर्हार्द थ्रोई (जर्मनी), प्रा.डा. वेणीमाधव ढकाल, भरत जङ्गम, डा. ध्रुवचन्द्र गौतम, भगवती बस्नेत, किरण खरेल, नलराज शास्त्री नेपाल, डा. महेश्वर शर्मा, श्रीमती कृष्णादेवी शर्मा श्रेष्ठ, के.के. कर्माचार्य, प्रा. ठाकुर पराजुली, श्रीमती रेवती राजभण्डारी, विश्ववल्लभ, आनिक राना मगर (तेस्रो लिङ्गी), रूपा सरोद न्यौपाने, डा. परिधि शर्मा, सुश्री रिहना भट्टराई, एञ्जेलिना न्यौपाने, स्वन्ति श्रेष्ठ, सगुन श्रेष्ठ, रुनिषा सुनुवार, स्निग्धा देवकोटा छन्। यिनीहरूलाई नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार, नइचन्द्र पुरस्कार, नइ कीर्तिनिधि पुरस्कार, नइ खरा सुकीर्ति पुरस्कार, नइ गणेशदुर्गा अन्तर्राष्ट्रिय पुरस्कार, नइ माजप पुरस्कार, नइ भूपालदुर्गा पुरस्कार, नइ खरा प्रदीप्ति पुरस्कार, नइ बुनुशर्मा पुरस्कार, नइ यउजा पुरस्कार, नई ईश्वर बराल पुरस्कार, नइ रेखा पुरस्कार, नइ कोइलीदेवी पुरस्कार, नइ रामलक्ष्मी पुरस्कार, नइ खरा गौरव पुरस्कार, नइ खरा पौरख पुरस्कार, नइ देरुनी खपु बाल पुरस्कार, नइ देरुनी खपु कोपिला पुरस्कार, नइ देरुनी खपु चिचिला पुरस्कार क्रमशः अन्तर्राष्ट्रिय व्यक्तित्वदेखि बाल प्रतिभाहरूसम्मलाई सम्मान गर्दै पुरस्कृत गरे। साहित्यिक कार्यक्रमहरूमा उच्च देखिँदो कार्यक्रम हेरेर म दङ्ग पर्दै बनेपा फर्किएँ।

यसै गरी, भर्खरै मात्र अर्थात् भदौ ११ गते सोमबार पनि चौधौं त्रिमूर्ति दिवस समारोहमा आम्रपाली ब्याङ्क्वेटमा नरेन्द्र/इन्दिरा प्रसाईंकै फोन-निम्तोमा पुगेँ। अपराह्न ३ नबज्दै हल भरिसकेको थियो। ठीक समयमा यादव भट्टराईले कार्यक्रम शुरू गरे। नरेन्द्र प्रसाईंको स्वागत-मन्तव्य सुनियो। इन्दिरा प्रसाईंको सभापतित्व मन्तव्यमा उनले निशङ्कोच फूर्तिले आफ्नो कुरा राख्दै भने- 'स्रष्टाहरू भनेको कुनै दल विशेषका कार्यकर्ता होइनन्। कसैको चाकडीमा रमाउँदैनन्। स्रष्टा भनेको नेता/राजनीतिज्ञहरूभन्दा महान हुन्छन्। कसैको गुलामीमा नबाँच्ने मात्र स्रष्टा हुन्। अक्षरमार्गीहरू जो स्वाभिमान छन्। उनीहरू पो स्रष्टा हुन्।'


यसै खालका आशय पोखेर आफ्नो स्रष्टा-भाषण टुङ्ग्याए। दाङका चर्चित कवि गणेश विषमलाई 'लेखनाथ पौड्याल पुरस्कार' वितरण भएको उक्त त्रिमूर्ति दिवसमा नरेन्द्रराज प्रसाईंद्वारा लिखित 'विद्रोही प्राज्ञ प्रेमा शाह' पुस्तक र गायत्री घर्तीमगरको 'एक भूल' पुस्तकको लोकार्पण प्रमुख अतिथि शताब्दी पुरुष डा. सत्यमोहन जोशीले गरेका थिए। कार्यक्रम रोचक र ऐतिहासिक लाग्यो। केही गरेर धेरै हल्ला गर्नेहरूको कार्यक्रम भन्दा नइको कार्यक्रम धेरै उच्चकोटीको लागेर यो टिप्पणी गरियो।

पुस्तक चर्चा

## 'लक्षितजी'को मानवता हराएको शहर

सुमित्रा सुमी

साहित्य लेखन आफैंमा जटिल कार्य हो। त्यसमा पनि कविता सृजना गर्नु गम्भीर र चुनौतीपूर्ण काम हो। अझ सिङ्गो काव्यिक कृति निकाल्नु वास्तवमा सहज छैन। यो कठिन कार्यलाई पार गर्दै मदनमणि पोखरेल 'लक्षितजी' मानवता हराएको शहर कविता सङ्ग्रह बोकेर उदाउनुभएको छ। रूपाटार-५, उदयपुरमा जन्म भए पनि हाल विदुर-१२, भहगाउँ, नुवाकोटमा बस्नुभएका मदनमणि पोखरेल साहित्यिक माहोलमा जन्मनु/हुर्कनुभएको हो। त्यसैले उहाँका कुनै पनि कविताहरू कमजोर छैनन्। कृतिको नाम मानवता हराएको शहर भए पनि यसभित्रका कविताले शहरको मात्र प्रतिनिधित्व नगरेर सिङ्गो पृथ्वीको समग्र पक्षको वकालत गरेका छन्। यस कृतिमा मान्छेले भोग्नुपरेका विकृति, विसंगति, दुःख, समस्या आदिलाई उजागर गरिएको छ। साथै विविध समस्यालाई निरुत्साहित गरी समाजलाई परिवर्तन गर्ने प्रयास कविताबाटै गरिएको छ।



कवि लक्षितजीको मानवता हराएको शहरदेखि शुरू भई 'काला तारा' शीर्षकका कवितामा पुग्दा ३२ वटा कविताहरूको माला बनेको छ। यस कृतिको नाम र आवरण पृष्ठले अस्तव्यत समुदायलाई देखाउन खोजेको छ। हाम्रा शहर भव्य छन् तर सभ्य छैनन् भन्ने कुरा झल्काउन खोजेको छ। यस कृतिमा भावुकता र वर्तमानको विविध समस्याप्रति विद्रोह छ। त्यस्तै समाजले भोगिरहेको यथार्थताको कटु सत्यता हरकवितामा पोखिएका छन्।

वर्तमान अवस्थामा हामी आफू उन्नति गर्नुको साटो पुर्खाले आर्जन गरेको इज्जत, प्रतिष्ठा र शानलाई जोगाउन नसक्ने भएका छौं। देशमा सुशान्ति कायम हुन सकेको छैन। बेरोजगारी अत्यन्तै बढेको छ। मानवशोषण बढेको छ। भ्रष्टाचारी र घूसखोरीले सीमा नाघिसक्यो। आफ्नाले आफ्नालाई चिन्दैनन्। मानवमा मानवीयता छैन। यस्ता समाजका कमजोर पक्षलाई कवितामा उतार्दै समाधानको बाटोसमेत खोजी गरेका छन् कवि लक्षितजीले। उनका कविताहरू निकै सहज र सरल छन्।

कानुन भए सबै बहिरा अन्धा
मालामाल चल्दै छ खुलेआम दुई नम्बरी धन्दा
दानवको जगजगीमा मानवता पऱ्यो ओझेल
दुःख नमान
यस्तै हुन्छ दानवता चुलिएको वैरागी शहर
कोपिला र टुसाहरूमा मर्दछन् रहर।

राजनीतिक परिवर्तनले ल्याएको सामाजिक बेथितिका साथै आजका मानिसको सोचाइ, भोगाइ र दैनिकीप्रति कवि सचेत र चिन्तित देखिएका छन्। समाजमा भएका विसंगति र विकृतिप्रति असन्तुष्ट व्यक्त गर्दै सुधारको निम्ति कवितामार्फत आह्वान गरेका छन्। शान्ति सबैभन्दा महत्वपूर्ण छ, मानवता अत्यन्तै आवश्यक छ। त्यसैले मानवताको खोजी गर्दै कुसंस्कार हटाउन कवि चनाखो देखिएका छन्। लेखनमा सामान्य कमजोरी भए पनि कविताका मीठा भावले कमजोरी ओझेलमा परेका छन्। मानवता हराएको शहर कृति नेपाली साहित्य जगत्को एउटा बलियो ईँटा भएको छ।

## सूर्यको घाम प्रकाशित

काठमाडौं। कवि सूर्यप्रसाद लाकोजूको कवितासंग्रह मेरो घामको लोकार्पण भएको छ। वरिष्ठ साहित्यकार सरुभक्तले काठमाडौंमा एक कार्यक्रमबीच उक्त कविता संग्रहको विमोचन गरेका थिए। मोफसलमा रहेर नेपाली भाषा र साहित्यको सेवा गर्दै आएका लाकोजूको यो अठारौं कृति हो। आमा कविताबाट शुरू भएको कवितासङ्ग्रहमा देशप्रेम, राजनैतिक बेथिति, सामाजिक विकृति, प्रेमप्रणय, मानवीय संवेगहरू आदिजस्ता विषयहरू समेटिएका छन्। आफूभन्दा ठूलालाई सम्मान र सानालाई प्रोत्साहन दिने विषयका कविताहरू पनि रहेका छन्। विविध शीर्षकका ५३ वटा कविताहरू सङ्ग्रहित रहेको कविता सङ्ग्रह पितामा गएर टुङ्गिएको छ।

साहित्यकार लाकोजूको यो कवितासङ्ग्रहभन्दा अगाडि भावनाका फूलहरू (मुक्तकसङ्ग्रह), फूलहरूको मेला (मुक्तकसङ्ग्रह), शाश्वत स्वरहरू (मुक्तकसङ्ग्रह), स्पर्श (कवितासङ्ग्रह),.मेरो मन मेरो मीत (कवितासङ्ग्रह), पनौती, पनौतीको बाह्रवर्षे मकरमेला, स्मृतिका आलेखहरू, प्रेरणाको चौतारी (प्रेरकप्रङ्ग), गुराँस फुल्ने मन (हाइकुसङ्ग्रह), कोपिला (बालकवितासङ्ग्रह), केही काभ्रेली अक्षरकर्मीहरू-१, घामको चुम्बन (कवितासङ्ग्रह), अक्षरका स्वरहरू (हाइकुसङ्ग्रह), सुसेली (गीतसङ्ग्रह), यःमरी (बालपरिचय पुस्तक), घाम उदायो (बालकवितासङ्ग्रह) जस्ता कृतिहरू प्रकाशित छन्। लामो समयदेखि नेपाली साहित्यका विविध विधामा कलम चलाउँदै आएका सूर्य लाकोजूको यो कवितासङ्ग्रह अनुज बुक इन्टरप्राइजेज काठमाडौंले प्रकाशित गरेको हो।

## काभ्रे सेवा समाजद्वारा तीनजनालाई सम्मान

काभ्रे सेवा समाजले हालै काभ्रे जिल्लामा जन्मिएर राष्ट्रमा महत्वपूर्ण योगदान गर्ने तीनजनालाई सम्मान गरेको छ। यसरी सम्मानित हुनेहरूमा रजिष्टार महेन्द्रनाथ उपाध्याय, साहित्यकार सूर्यप्रसाद लाकोजू र राष्ट्रिय सतर्कता केन्द्रका सचिव विष्णु ओम बादे रहेका छन्। उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि प्राज्ञ सरुभक्तले दोसल्ला, माला र सम्मानपत्रबाट सम्मान गरेका थिए।

कार्यक्रममा कविता सङ्ग्रहको विमोचन गर्दै प्रमुख अतिथि सरुभक्तले साहित्यको महत्व सर्वोपरि रहेको विचार व्यक्त गरे। 'समाज, राष्ट्र, मानवता, सामाजिक, सांस्कृतिक परिवेश बोकेका कविताहरू कालजयी बन्छन्', उनले भने। विशेष अतिथि डा. तुलसी भट्टराईले उमेरभन्दा अघि बढेर कवि सूर्य लाकोजू सिर्जना कर्ममा तल्लीन रहेको विचार व्यक्त गरे। साहित्यकार डा. नवराज लम्सालले सूर्यका कवितामा सस्तो लोकप्रियता र नाराबाजी नरहेको विचार व्यक्त गरे। कार्यक्रममा डा. कुमार कोइराला, प्रा. ज्ञानु अधिकारी, मोहन दुवाल, सूर्यप्रसाद लाकोजूलगायतले आ आफ्ना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम काभ्रे सेवा समाजका संस्थापक अध्यक्ष प्रल्हाद केसीको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रम सञ्चालन केशव थापाले गरेका थिए।

पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

भदौ २३ देखि २९ गतेसम्म

**मेष**
साताको शुरू आइतबारसम्म त्यति सन्तोषजनक छैन। छिमेकी-साथीभाइसँग विवाद, दुर्घटना, चोटपटक, रोगको भय, असफलता हुने देखिन्छ भने बाँकी सबै दिन उपलब्धिमूलक छन्। उपहार, सम्मान, पुरस्कार प्राप्तिको सम्भावना छ। व्यापार, ठेक्कापट्टा, पढाइ, खेलकुद आदिमा सफलता हासिल हुने, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता, फाइदाजनक भ्रमण, कार्य सफल हुने देखिन्छ।

**वृष**
यो साता तपाईंका लागि धेरै नराम्रो देखिँदैन। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। सजग रहनुहोला। तर मंगलबारदेखि बिस्तारै समस्या समाधान हुँदै जानेछन्। स्वास्थ्यलाभ, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राज्यबाट लाभ हुनेछ।

**मिथुन**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। साताको शुरू शनिबार रोगव्याधिको भय, धननाश हुने देखिन्छ। साताको मध्यभाग मंगलबार र बुधबार आर्थिक भार बहन गर्न गाह्रो पर्ला। तनाव, सन्ताप, मानसिक अस्थिरता नहोला भन्न सकिन्न। तर बाँकी दिनहरूमा भने आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ, उपहारादि वस्तु प्राप्ति होला।

**कर्कट**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। शनिबार, मंगलबार र बुधबार धनलाभ, सुखशान्ति, कार्य सफल होला। कोसेली, पुरस्कार प्राप्ति, साथीभाइबाट सहयोग प्राप्त हुने देखिन्छ। खाद्यान्न प्राप्तिको समेत सम्भावना छ। तर बाँकी दिनहरू त्यति उपलब्धिमूलक देखिँदैनन्। चोटपटक, स्वास्थ्य समस्या, आँखामा समस्या आउन सक्छ। साथै आम्दानी कम हुँदा खर्च धान्न धौ-धौ पर्ला।

**सिंह**
साता उत्तम फलदायक छ। अँटेका र थालनी गरिएका अधुरा कार्यहरू पूरा हुनेछन्। व्यापारिक क्षेत्रमा लागेका व्यक्तिलाई सोचेभन्दा बढी फाइदा होला। कुनै अचल सम्पत्ति वा भविष्यमा फाइदा दिने शेयर अथवा कुनै व्यवसायमा लगानी होला। पराक्रम, प्रतिष्ठा, इज्जत बढ्नाले मानसिकरूपमा स्वस्थ एवम् तनावरहित भइनेछ। साताको शुरू आज शनिबार भने रोगव्याधि, विवाद नहोला भन्न सकिन्न।

**कन्या**
तपाईंका लागि यस साताको आइतबार र सोमबार त्यति राम्रो देखिँदैन। रोगव्याधि, चोटपटकको सम्भावना छ। तर बाँकी दिनहरू धेरै शुभ छन्। कहीँ-कतैबाट आर्थिक लाभ होला। खाद्यान्न, उपहारादि वस्तु प्राप्ति होला। बौद्धिक एवम् कूटनीतिक क्षमताको विकास होला। बुद्धि विवेकले ठूलै काम बन्ला। कार्य सफल, सुख-सन्तोष होला। व्यापारी भएमा राम्रै फाइदा होला।

**तुला**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरू उत्तम फलदायक छन्। साताको शुरू र अन्त्यका दिनहरूमा धन प्राप्ति, खाद्यपदार्थ प्राप्ति, पुरस्कार/उपहार प्राप्ति, मिष्ठान्न भोजन प्राप्तिको सम्भावना छ। व्यापारमा सफलता हासिल होला। जोश-जाँगर बढ्नेछ। तर मंगलबार र बुधबार भने स्वास्थ्यमा समस्या देखिएला। साथीभाइ, इष्टमित्रसँग विवाद पर्न सक्छ, होसियार रहनुपर्ला। अधिक खर्च होला।

**वृश्चिक**
तपाईंका लागि यो साता सुख-समृद्धिदायक छ। बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुने, सुख-सन्तोष हुनेछ। राज्यको सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियतासमेत बढ्नेछ। आफ्नो गरिरहेको व्यवसायबाट यथेष्ट फाइदा हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने आर्थिक नोक्सानी, अस्वस्थता एवम् तनाव होला।

**धनु**
तापाईंका लागि साताको शुरू शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरू शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता हासिल हुने देखिन्छ।


**मकर**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। के गर्ने, के नगर्ने भनेर निर्णय लिन नसक्ने अवस्था आउन सक्छ। साताको मध्यभाग आइतबार र सोमबार इष्टमित्रसँग विवाद पर्ला। रोगव्याधि, दुर्घटना, चोटपटकको भय छ। मंगलबारबाट भने समय शुभ छ। आफ्नो सेवा वा व्यवसायबाट आर्थिक लाभ हुनाले आर्थिक समस्या समाधान हुनेछ। बौद्धिक क्षमताको प्रयोगबाट राम्रै काम होला।

**कुम्भ**
तपाईंका लागि साताका धेरैजसो दिन उत्तम फलदायक नै देखिन्छन्। साताको शुरू र अन्त्यका दिनहरूमा साथीभाइबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापारमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा सफलता होला। तर साताको बीच मंगलबार र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। होसियारी अपनाउनुपर्ला।

**मीन**
आज शनिबार समय अनुकूल नभए पनि बुधबारसम्मका दिनहरू उपलब्धिमूलक छन्। थालेका कामहरू पूरा होलान्। आफन्तबाट राम्रै सहयोग पाउने सम्भावना छ। खाद्यान्न प्राप्ति होला। आफ्नो क्षमताले राम्रै काम बन्नेछ। सामान्य परिश्रमबाट पनि केही आम्दानी होला। तर साताको अन्त्यका दुई दिन भने राज्यका तर्फबाट डर, मान-प्रतिष्ठामा कमी, स्वास्थ्यमा समस्या हुने सम्भावना देखिन्छ।

२०७५ भदौ शनिबार २३

अहिले विगतको तुलनामा जनता शिक्षित र सचेत भएको र सरसफाइका क्षेत्रमा विश्वमा नयाँ र व्यावहारिक प्रविधिहरू विकास भएकोले तिनको अवलम्बन गरी आफ्नो घर, टोल, नगर जिल्ला सफा र सुन्दर राख्न सबै नेपालीलाई उत्प्रेरित गर्न सकिने अवस्था रहेको छ।



# नेपाल

# मलमूत्रीय फोहोरको व्यवस्थापनमा स्थानीय तह जिम्मेवार बन्नुपर्ने

नेपाल समाचारपत्र

ललितपुर

बढ्दो शहरीकरणसँगै चुनौतीका रूपमा देखापर्दै आएको मानव मलमूत्रीय फोहोरको व्यवस्थापनमा स्थानीय निकाय जिम्मेवार बन्नुपर्ने कुरामा राजधानीमा आयोजित कार्यशाला गोष्ठीका वक्ताहरूले जोड दिएका छन्।

जनस्वास्थ्यको क्षेत्रमा कार्यरत इन्जिनियरहरूको संस्था (सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, सोफेन) र खानेपानी तथा ढल निकास विभागको तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाद्वारा संयुक्तरूपमा आयोजित मानव मलमूत्रीय फोहोरमैला व्यवस्थापनको संस्थागत र नियमनको राष्ट्रिय ढाँचासम्बन्धी कार्यशालामा विज्ञ वक्ताहरूले त्यस्तो विचार व्यक्त गरेका हुन्।

कार्यशालामा समुद्घाटन मन्तव्य दिँदै वन तथा वातावरण मन्त्री शक्ति बस्नेतले शहरीकरण आधुनिकता र सभ्यताको प्रक्रिया भएकोले यससँगै आउने सामान्य समस्यालाई समाधान गर्न सबै चनाखो हुनुपर्ने बताउनुभयो। उहाँले नेपालमा शहरीकरणसँगै जनचेतनाको अभिवृद्धि पनि भएकाले जनताको सहभागितामा वातावरण संरक्षण, स्वच्छ खानेपानी र सरसफाइ अभियान सफल पार्न सकिने विश्वास व्यक्त गर्नुभयो।

उहाँले अहिले विगतको तुलनामा जनता शिक्षित र सचेत भएको र सरसफाइका क्षेत्रमा विश्वमा नयाँ र व्यावहारिक प्रविधिहरू विकास भएकोले तिनको अवलम्बन गरी आफ्नो घर, टोल, नगर जिल्ला सफा र सुन्दर राख्न सबै नेपालीलाई उत्प्रेरित गर्न सकिने अवस्था रहेको बताउनुभयो। मन्त्री बस्नेतले खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने अभियान नेपालमा छिटो सफल भएको पनि बताउनुभयो।

कार्यक्रममा पूर्वमन्त्री ई गणेश साहले जनताको मौलिक हकसँग जोडिएको स्वच्छ खानेपानी र सरसफाइसम्बन्धी ऐन अपरिहार्य भएको बताउनुभयो। उहाँले सरसफाइ स्वतन्त्रताभन्दा पनि बढी महत्त्वपूर्ण छ भन्ने महात्मागान्धीको कथन उद्धृत गर्दै तीनै तहका सरकार र स्थानीय जनताको सहभागितामा आआफ्ना बस्तीलाई स्वच्छ र सुन्दर राख्न सकिने विश्वास व्यक्त गर्नुभयो।

पूर्वमन्त्री साहले मानव मलमूत्रबाट गोबर ग्यास पनि उत्पादन पनि गर्न सकिने निश्चित विधिको प्रयोग गरी प्रशोधन गरिएको मल कृषिका रूपमा पनि उपयोग गर्न सकिने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय सभाका सदस्य बिमला राई पौडेलले सरसफाइमा स्थानीय सरकार र स्थानीय जनसहभागिताको भूमिका बढी महत्त्वपूर्ण हुने बताउनुभयो। उहाँले सरसफाइको बारेमा चेतना जति आवश्यक छ, त्यसको आधारमा आचरणमा सुधार ल्याउन पनि त्यतिकै आवश्यक भएको बताउनुभयो।

गोष्ठिको उद्घाटन सत्रमा खानेपानी तथा ढल निकास विभागका महानिर्देशक तेजराज भट्ट, नगरपालिका संघका अध्यक्ष अशोक ब्याञ्जु, एसिया वाटर काउन्सिलका संस्थापक बोर्ड सदस्य डा. विन्दनाथ लोहनी, तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाका प्रमुख हरिप्रसाद शर्माले पनि शहरी सरसफाइ र मानव मलमूत्रीय फोहोर व्यवस्थापनका बारेमा बोल्नुभएको थियो।

कार्यक्रममा काठमाडौं विश्वविद्यालयका डीन डा. सुबोध शर्माले फोहोरमैला व्यवस्थापनको मापदण्डलाई पालना गर्नुपर्ने बताउनुभयो।

सोफेनका अध्यक्ष ई. रामदीप शाहको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सोफेनका उपाध्यक्ष डा. सञ्जीवविक्रम राणाले स्वागत मन्तव्य दिनुभएको थियो।

गोष्ठीको दोस्रो सत्रमा सोफेन अध्यक्ष साहले मानव मलमूत्रीय फोहरमैला व्यवस्थापनको संस्थागत र नियमन ढाँचाका बारेमा, खानेपानी तथा ढल निकास विभागका ई. किरण दर्नालले मानव मल मूत्रीय फोहोरमैला व्यवस्थापनको राष्ट्रिय अभियानबाट प्राप्त शिक्षा र निष्कर्षका बारेमा, तेस्रो साना शहर तथा सरसफाइ आयोजनाका निर्देशक रामचन्द्र साहले मानव मलमूत्रीय व्यवस्थापनका बारेका अनुभवका बारेमा र डा. चिरञ्जीवी भट्टराईले खानेपानी र सरसफाइसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी प्रावधानका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रमको तेस्रो सत्रमा संघीय संसद्का सांसद, राष्ट्रिय योजना आयोगका सदस्य, खानेपानी तथा ढल निकास विभाग, वातावरण विभाग र शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशकको सामूहिक छलफल (प्यानेल डिस्कसन) कार्यक्रम पनि आयोजना गरिएको थियो।

गोष्ठीमा सहभागी नगरपालिका प्रमुख तथा उपप्रमुखहरूले मानव मलमूत्रीय फोहोरको समुचित व्यवस्थापनका लागि संघीय सरकारले अनुदान रकम बढाउनुपर्ने, निजी क्षेत्रको सहभागिता बढाउने मोडेल विकसित गर्नुपर्ने, रसायनिक फोहोरलाई अलग्गै निसृत गर्ने व्यवस्था हुनुपर्ने, औद्योगिक रसायन र मलमूत्रीय फोहोर मैलाको प्रशोधन फरकफरक ढंगले गरिनुपर्ने राय प्रस्तुत गर्नुभएको थियो।

## प्रधानमन्त्री ओली र भारतीय पूर्वप्रधानमन्त्री देवेगौडाबीच भेट



काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय पूर्वप्रधानमन्त्री एचडी देवेगौडाबीच शुक्रबार बालुवाटारमा शिष्टाचार भेट भएको छ।

भेटमा देवेगौडाले नेपालले बिमस्टेक सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा प्रधानमन्त्री ओलीलाई बधाई तथा धन्यवाद दिनुभएको छ। देवेगौडाले प्रधानमन्त्री ओलीको भारत भ्रमणको स्मरण गर्दै यसले नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएको बताउनुभएको छ।

प्रधानमन्त्री ओलीले नेपाल र भारतका प्रधानमन्त्रीको भ्रमणले दुई पक्षीय हित र सम्बन्धलाई अझ गाढा बनाएको बताउनुभएको छ।

प्रधानमन्त्री ओलीले भन्नुभयो- 'दुई देशका प्रधानमन्त्रीको भ्रमणबाट खास गरी तीनवटा कुरामा उपलब्धि भएको छ। जलमार्ग, रेलमार्ग र कृषिका क्षेत्रमा उल्लेख्य उपलब्धि भएको छ।'

## अपहरणकारी पक्राउ

काठमाडौं, (नेस)

लेनदेनको विषय लिएर व्यक्ति अपरहण गरेको अभियोगमा बनेपा नगरपालिका-१ बस्ने दीपक भुजेलसहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ।

उनीहरूले बिहीबार सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका-४ बस्ने विष्णु कटुवाललाई भक्तपुरको सल्लाघारीबाट जबरजस्ती अपहरण गरी नालाको बाटो हुँदै काभ्रेतर्फ लिएर गएको भन्ने सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बनेपा र प्रहरी चौकी पनौतीबाट खटिएको प्रहरी टोलीले धुलिखेल नगरपालिका-५ चौकोटबाट बा५च ८७३५ नम्बरको कार, बा७८ प ५०५ नम्बरको मोटरसाइकल र बा३४प ५०० नम्बरको स्कुटरसहित उनीहरूलाई पक्राउ गर्नुका साथै कटुवाललाई सकुशल उद्धार गरेको थियो।

## ओम अस्पतालको अध्यक्षमा पौडेल

काठमाडौं, (नेस)

ओम हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिको सञ्चालक समितिको बैठकले अस्पतालका सञ्चालक उद्धव



पौडेललाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको छ।

हस्पिटलको स्थापना कालदेखि सञ्चालक समितिमा रहँदै आउनुभएका पौडेल विशिष्ट चलचित्रकर्मी र नेपाल सरकारबाट प्रदान गरिने पहिलो लाईफ टाइम एचिभमेन्ट एवार्डबाट विभूषित पनि हुन्।

अध्यक्ष चयन भएपछि सञ्चालक समितिको बैठकमा पौडेलले ओम हस्पिटललाई देशकै नमुनालायक हस्पिटल बनाउन समिति, कर्मचारी र आम जनसमुदायलाई अपील गर्नुभएको छ।

ओम हस्पिटलले उच्चतम् आधुनिक प्रविधि भित्र्याउँदै स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ। साथै, गरिब, असहायलाई आवश्यकताअनुसार सहुलियत र निःशुल्क उपचार प्रदान गर्न कार्यविधि बनाइ कार्यान्वयन गर्ने भएको छ।

ओम हस्पिटल जनताको हस्पिटल बनाउने लक्ष्यमा सदाझैं समाजका सबै पक्षबाट निरन्तर सहयोगको अपेक्षा गर्दछ।

## विवादित कलेज स्थायित्वका लागि नगरपालिकाको पहल शुरू

भक्तपुर, (नेस)

नेपाल इन्जिनियरिङ कलेजमा विगत एक वर्षदेखिको विवाद समाधान गरी कलेजलाई स्थायित्व दिन चाँगुनारायण नगरपालिकाको पहलमा छलफल शुरु भएको छ। चाँगुनारायण नगरपालिकाको सभाकक्षमा भएको छलफलमा भक्तपुर जिल्ला समन्वय समितिका संयोजक नवराज गेलाल, नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्र, उपप्रमुख विणा बास्तोला, तथा प्रमुख प्रशासकीय अधिकृत पूर्णप्रसाद लुँइटेल र कलेज व्यवस्थापन समितिका पाँचजना सदस्यहरूको उपस्थिति थियो।

गैरनाफामूलक सामाजिक संस्थाको रूपमा चाँगुनारायण नगरपालिकामा स्थापित तथा सञ्चालित नेपाल इन्जिनियरिङ कलेजलाई निजीकरण गरी बेच्न पाउनुपर्छ भन्ने पक्षका कलेज सञ्चालकहरू लम्बोदर न्यौपाने, सूर्यबहादुर केसी, लवराज भट्टराई, डा.उपेन्द्र गौतम र डा. रामरत्न उपाध्यायले उक्त छलफल कार्यक्रमलाई बहिष्कार गरेका थिए।

कलेजका संस्थापक सदस्यहरू प्राडा. दीपक भट्टराई तथा हरिप्रसाद पाण्डेले कलेजका भावी प्रारूपहरूबारे आ-आफ्ना धारणाहरू पेश गर्नुभयो। सञ्चालक सलिल भट्टाराईले हालै अन्तिम रूप दिइएको अनुसन्धानात्मक लेखा परीक्षणबाट कलेजका आर्थिक अपचलनका प्रमाणहरू बाहिर आइसकेकाले कलेज बेच्न खोज्ने पक्षका सञ्चालकहरूमाथि सम्बन्धित निकायले आवश्यक कानुनी प्रकृया अगाडि बढाइ कलेजलाई स्थायित्व प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

कलेजका प्रचार्य तथा कलेज सञ्चालक समितिका सदस्यसचिव प्राडा. हरिकृष्ण श्रेष्ठले कलेजलाई स्थायित्व दिन पोखरा विश्वविद्यालयले हालै चालेका कदमका बारेमा जानकारी गराउनुभएको थियो । नगरप्रमुख मिश्रले कलेजलाई स्थायित्व दिन आवश्यक परेमा प्रदेश सरकारसँग समन्वय गरिने जानकारी दिनुभयो।

दुई पक्षको विवादका कारण कलेजको भविष्य मात्र होइन यहाँ अध्ययनरत विद्यार्थीको भविष्यसमेत अन्यौलमा पर्ने खतरा देखिएको छ। लामो समयदेखि लेखा परीक्षण र नवीकरण नगरिएको र दुवै पक्षलाई एकसाथ वार्तामा बोलाउँदा नआएको भन्दै जिल्ला प्रशासन कार्यालय भक्तपुरले संस्था खारेज गर्ने भित्री तयारी गरिरहेको बुझिएको छ।

कलेज सञ्चालन गर्ने संस्था खारेज गरी कलेज सञ्चालनका लागि स्थानीय तहलाई जिम्मेवारी दिने कि पोखरा विश्वविद्यालयलाई जिम्मा दिने वा समुदायलाई कलेज सञ्चालनको जिम्मेवारी दिने आन्तरिक रूपमा उत्तम विकल्पको खोजीमा जिल्ला प्रशासन कार्यालय लागेको बुझिएको छ।

## सुन लुटपाट गर्ने समातिए

ललितपुर, (नेस)

सुनका सिक्रीहरू लुटपाट तथा चोरी गरेको अभियोगमा ललितपुर महानगरपालिका-१६ ईखालखु घर भएका शैलेश ताम्राकार र ललितपुर महानगरपालिका-१७ लुखुशी बस्ने लोलिन काजी महर्जनलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

विगत केही समयदेखि ललितपुरमा स्कुटर प्रयोग गरी सर्वसाधारणहरूको सुनका सिक्रीहरू थुति लुटपाट तथा चोरी गरेको घटनाको अनुसन्धान गर्ने क्रममा उनीहरूलाई चोरी गरी नम्बर प्लेटसमेत परिवर्तन गरी प्रयोग गर्दै आएको २ थान स्कुटर र लुटपाट एवं चोरी गरी संकलन गरेको सिक्री, लकेट तथा सुन तौल गर्ने मेसिन १ थानसहित ललितपुर महानगरपालिका-१६ गाःवहालबाट प्रहरीले पक्राउ गरेको हो।

## उच्चशिक्षा सुधार परियोजनाको मस्यौदा पेश

काठमाडौं, (नेस)

उच्चशिक्षा सुधार परियोजना कार्यान्वयन परिषद्को प्रस्ताव मस्यौदा समितिले त्रिवि उपकुलपति प्राडा. तीर्थराज खनियाँसमक्ष संशोधन प्रस्तावको मस्यौदा पेश गरेको छ।

संशोधन मस्यौदामामा अब केन्द्रीय विभागसमेत स्वायत्ततामा जान सक्ने प्रावधान उल्लेख गरिएको छ। उपकुलपति कार्यालयमा आयोजित कार्यक्रममा संशोधन प्रस्ताव मस्यौदा तयारी समितिका संयोजक एवं विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्राडा. रामप्रसाद खतिवडाले उपकुलपति प्राडा. खनियाँसमक्ष उक्त प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

## जन्मदिनको अवसरमा बालबालिकालाई सहयोग

चिरञ्जीवी मास्के, काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी नेकपाका नेता योगेश भट्टराईले आफ्नो जन्मदिनको अवसरमा ताप्लेजुङका दुई बालबालिकालाई अध्ययनका लागि आर्थिक सहयोग गरेका छन्।

बागबजारको होटल हार्दिकमा केही पत्रकार र पार्टीको ताप्लेजुङ सर्म्पक मञ्चका नेताहरूसँग चक्लेट बाँडेर जन्मदिन मनाएका नेता योगेश भट्टराईले आफूले अभिभावकत्व ग्रहण गरेको ताप्लेजुङ पाथीभरा याङवोरक गाउँपालिका वडा नम्बर ६ थुम्बेदिनको शारदा माविमा कक्षा १ मा अध्ययनरत कमल विक र पाथीभरा याङबोरक गाउँपालिका वडा नम्बर ५ को चाक्सिबोटे माविमा कक्षा १ मा अध्ययनरत गंगा विकलाई शैक्षिक सामग्री, विद्यालय पोशाक र अन्य खर्चका लागि १०/१० हजार रुपियाँ सहयोग प्रदान गरेका छन्।

नेता भट्टराईले जन्मदिनको अवसरमा उक्त रकम पार्टीको ताप्लेजुङ सम्पर्क मञ्चका अध्यक्ष द्वय सन्तोष मादेन र मिङमा डण्डु लामामार्फत् कमल र गंगाका अभिभावकसमक्ष पुर्‍याउने गरी हस्तान्तरण गरेका हुन्।

पैलेपैले जन्मदिनको मतलब नै हुँदैन थियो नेता भट्टराईले भने- 'अहिले सामाजिक सञ्जालहरूका कारण जन्मदिनको महत्व बढेको छ। प्रधानमन्त्री केपी ओलीले आर्थिक अभावका कारण विद्यालय जानबाट वञ्चित बालबालिकालाई कोही न कोहीले अभिभावकत्व ग्रहण गरेर विद्यालयसम्म पुर्‍याउने अभियान शुरु गरेको र सोही क्रममा आफूले कमल र गंगाको अभिभावकत्व ग्रहण गरेको स्मरण गर्दै नेता भट्टराईले उनीहरूका लागि उच्च शिक्षा अध्ययनसम्मका लागि आफूले सहयोग गर्ने बताए।

नेता भट्टराईले जन्मदिनको अवसरमा आफूले थोरै नै भए पनि उनीहरूका लागि सहयोग गर्न सकेकोमा खुसी लागेको बताए। सबैले आफ्नो जन्मदिन, विवाहलगायतका शुभकार्यमा आर्थिक अभावका कारण विद्यालयसम्म पुग्न नसकेका बालबालिकालाई सहयोग गर्ने वातावरण बनाउनुपर्ने नेता भट्टराईको भनाइ छ।



वार्षिक साधारण सभा सम्बन्धी सूचना।

वार्षिक साधारण सभाको विषय सूचि

आज्ञा सिंह थापा(?) 
सुसेप नेपाल



सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पेटमा समस्या, कार्य नाश, सन्तान कष्ट, धन हानि।
**वृष** : शुरुमा लाभ, सफलता तर त्यसपछि अपच, दौडधुप।
**मिथुन** : बिहान धननाश, मन अस्थिर त्यसपछि मान, उन्नति हुनेछ।
**कर्कट** : बिहान उपहार प्राप्ति, कार्य सफल तर त्यसपछि खर्च, तनाव।
**सिंह** : शुरुमा स्वास्थ्य बाधा तर त्यसपछि कार्य सफल, सुख-सन्तोष।
**कन्या** : मिष्ठान्न भोजन, बिहान ९ बजेपछि भने अस्वस्थता, तनाव।
**तुला** : कामकाज सफल, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति, कतैबाट सहयोग।
**वृश्चिक** : शुरुमा राज्यबाट भय तर दिनभर कार्यसिद्धि, सुख, लाभ।
**धनु** : रोगको भय, कार्य बाधा, आर्थिक नोक्सानी, राज्य भय, अपयश।
**मकर** : बिहान लाभ, मान-सम्मान, त्यसपछिको समय अस्वस्थता।
**कुम्भ** : आर्थिक लाभ, शत्रुमाथि विजय, पठनपाठनमा सफलता।
**मीन** : बिहान सन्ताप भए पनि त्यसपछि भने द्रव्य लाभ, शत्रु विजय।

# नेपाल

शिशु जन्माएर हत्या गर्ने १ युवतीलाई प्रहरीले पक्राउ गरेको छ। ती युवतीले गएको सोमबार राति आफ्नै घरमा शिशुलाई जन्माएर घरनजिकै रहेको पानीको नहरमा फालेको प्रहरीले जनाएको छ।

## ■ संक्षेप समाचार ■

### लागूऔषसहित दुई पक्राउ

धादिङ, (नेस)

अवैध प्रतिबन्धित लागूऔषध बोकेर हिँडिरहेको अवस्थामा प्रहरीले गजुरी गाउँपालिका वडा न. १ गजुरीबजारबाट बुधबार २ जनालाई पक्राउ गरेको छ।

गजुरीबजारमा प्रतिबन्धित लागूऔषध बिक्री गरिरहेको अवस्थामा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. निवासी ४० वर्षीय सुवास जिसी र सोही नगरपालिका वडा न. २ निवासी ३३ वर्षीय रमेश गुरुङलाई पक्राउ गरी हिरासतमा लिएको इलाका प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक नवराज ढुंगेलले जानकारी दिनुभयो। उनीहरूको साथबाट १०० एमएलको कोरेक्स थान १८ बोतल र नाइट्राभेट ट्याबलेट ५१ थानसहित पक्राउ गरी अनुसन्धान कार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ।

### कारागारमा खानेपानीको अभाव

इलाम, (नेस)

इलाम कारागारमा खानेपानीको चरम अभाव भएको छ। खानेपानीको अभाव हुँदा कैदीबन्दी र कर्मचारी समस्यामा परेका छन्। नगरपालिकाले कारगारलाई २४ घन्टा उपलब्ध गराउने भनेको खानेपानी पूरा समय कहिल्यै नआउने गरेको कारागार प्रशासनले जनाएको छ। कारागारलाई पानी अभाव हुन नदिन २ वटा पाइपबाट दिइरहेको पानी नगरपालिकाका कर्मचारीले एउटा पाइपमै सीमित गरिदिएपछि अहिले कारागारमा टयांकरको पानी उपभोग गर्न बाध्य भइरहेका छन्। २ वटा धारा जडान गरिदिने भनेको नगरपालिकाले एउटा २० एमएमको पाइपमा २ वटा मिटर जोडिदिएर टारेको कारागार प्रमुख भक्तबहादुर खड्काले बताए।

### ट्याक्टर दुर्घटनामा मृत्यु

रुकुम, (नेस)

रुकुम पश्चिमको मुसिकोट नगरपालिका-४ मा ट्याक्टर दुर्घटना हुँदा एकको मृत्यु भएको छ। मुसिकोट नगरपालिका-४ सोलावाङबाट गाराघाट जाँदै गरेको ट्याक्टर दुर्घटना हुँदा बाँफिकोट गाउँपालिका-९ घर भई मुसिकोट नगरपालिका-१ गाराघाट बस्ने २८ वर्षीया धनमाया देवकोटाको मृत्यु भएको हो। दुर्घटनामा घाइते देवकोटाको उपचारका लागि जिल्ला अस्पताल सल्ले ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा मृतककी छोरी १३ वर्षीया मुना देवकोटा, मुसिकोट नगरपालिका-१३, की २४ वर्षीया कमला केसी र बाँफिकोट-९ की १६ वर्षीया ललिता ओली घाइते छन्। घाइते तीनै जनालाई थप उपचारका लागि नेपालगन्ज रिफर गरिएको प्रहरीले जनाएको छ।

### बच्चा बगाउने कुमारी आमा पक्राउ

पर्वत, (नेस)

बच्चा जन्माएर कुलोमा बगाएको अभियोगमा पर्वतमा १ कुमारी आमा पक्राउ परेकी छन्। पर्वतको फलेवास नगरपालिका वडा नं १० कुर्घाकी १७ वर्षीया अविवाहित ती युवतीलाई प्रहरीले शुक्रबार पक्राउ गरी अनुसन्धान शुरू गरेको हो। शिशु जन्माएर हत्या गर्ने १ युवतीलाई प्रहरीले पक्राउ गरेको छ। ती युवतीले गएको सोमबार राति आफ्नै घरमा शिशुलाई जन्माएर घरनजिकै रहेको पानीको नहरमा फालेको प्रहरीले जनाएको छ। बच्चा जन्माएर हत्या गरी फालेको ४ दिनपछि प्रहरीले महिलालाई पक्राउ गरेको हो। पक्राउ परेकी महिलाका बारेमा अहिले अनुसन्धान जारी रहेको प्रहरी नायब उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए।

### खोलाले बगाएर एकको मृत्यु

धादिङ, (नेस)

खोला तर्न लाग्दा धादिङको नीलकण्ठ नगरपालिका वडा न. ३ स्थित थोपल खोलाले बगाएर बिहीबार १ जनाको मृत्यु भएको छ।

माले बगरबाट थोपलखोला तर्ने क्रममा नेत्रावती डबजोङ गाउँपालिका वडा न. ५ का ५० वर्षीय सुमन बाँडाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयाका प्रहरी उपरीक्षक डम्बरबहादुर विकले जानकारी दिनुभयो। खोलाले बगाएर घाइते भएका उनको उपचारका लागि जिल्ला अस्पताल लगिए पनि उपचारका क्रममा मृत्यु भएको हो।

# कोल्पुमा बालुवा निकाल्नेको लर्को

शालिकराम चालिसे, नुवाकोट

नुवाकोट र धादिङको सीमाना भएर बग्ने कोल्पु खोलामा बालुवा झिक्नेको भीड देख्दा जो कोहीलाई पनि त्यहाँ जात्रा लागेको भान हुन्छ। कारण त्यहाँ सयौं व्यक्ति दैनिक हाते मेसिनले बालुवा झिकेर ट्रिपरमा भर्दै गरेका हुन्छन्।



नुवाकोटको महादेवफाँट, रातमाटे र कोल्पुटार खोला किनारमा विभिन्न स्थानमा धार्मिक मेला महत्त्वपूर्ण उत्सवको जस्तो झल्को दिने गरी समूह-समूहमा विभाजित भई मजदुरले हाते मेसिनबाट दैनिक ५० ट्रिपर बालुवा निकालिरहेको खोटाङबाट मजदुरी गर्न आएका नमराज तामाङले बताए। विभिन्न समूह बनाएर बालुवा बोक्नेहरूबीच कसले पहिला गाडी भर्ने भन्ने होडबाजी नै चलेको छ। दैनिक बालुवा निकालेबापत १५ सय रुपियाँ आम्दानी हुने अर्का मजदुर प्रेम तामाङले बताए। खोलामा केही जोखिम भए पनि राम्रो आम्दानी भएकाले आफूहरू बालुवा संकलन गर्न खोटाङबाट आएको अर्का मजदुर दिनेश लामाले बताए।

धादिङ र नुवाकोट जिल्लाको सीमाना भएर बग्ने कोल्पु खोलाको किनारमा अहिले बालुवा निकाल्नेको होडबाजी चलेको छ। कोल्पुटारसहित रामाटे, महादेवबेंसीलगायत खोलामा अहिले सयौंको संख्यामा स्थानीय तथा बाहिरी मजदुरले बालुवा निकालिरहेका छन्। जिल्ला समन्वय समिति र प्रदेश सरकारले वर्षाको समयमा बालुवा उत्खनन गर्न स्काभेटर प्रयोग गर्न नपाइने बताएपछि त्यसलाई कार्यान्यिन गर्न नुवाकोट प्रहरीसमेत लागि परेको छ। खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखानलाई बालुवा तस्कर गर्न पल्केकाले श्रमिक लगाई हाते औजारमार्फत बालुवा उत्खनन गराई श्रमिकहरूलाई उचित ज्याला नदिएर भए पनि बालुवा किनबेच गरिरहेका छन्।

कोल्पुबाट दैनिक करिब ५०/५५ ट्रिपर बालुवा झिकिने गरेको एक मजदुरले बताए। मजदुर लगाएर उत्खनन गरेको बालुवा बाहिर गएर भए पनि स्थानीय तहले निकासी करबाट मालामाल भइरहेको छन् । कोल्पुटार खोलाबाट निकालिएको बालुवाबाट नै धादिङको गल्छी गाउँपालिका र नुवाकोटको बेलकोटगढी नगरपालिकाले महादेवफाँट, रातामाटे र कोल्पुटारबाट निकालिएको बालुवाबाट दैनिक ८ देखि १० लाख रुपियाँ संकलन गरिरहेको कर्मचारी बताउँछन्। दाहालका अनुसार जिल्लाबाट बालुवा लिएर जाने गाडीहरूको संख्या सरदर २ सयभन्दा बढी रहेको छ।

नुवाकोट र रसुवाकोट बोर्डर कोल्पुटारमा बेलकोटगढी नगरपालिकाले निकासी कर संकलन केन्द्रमार्फत ढुङ्गा, गिटी, बालुवाबाट दैनिक १० लाख रुपियाँभन्दा बढी राजस्व संकलन गर्ने गरेको बेलकोटगढी नगरपालिकाका कर्मचारी राजकुमार दाहालले बताए। दाहालले बेलकोटगढी नगरपालिकाले बालुवाको जिल्ला बाहिर बिक्रीका लागि प्रतिसेफ्टी ८ रुपियाँ लगाएको र निकासी कर ९ रुपियाँ लगाएको बताए।

नुवाकोटमा कामदार अभाव भएको भन्दै अहिले खोलामा बालुवा झिक्न बाहिरी जिल्लाबाट कामदार आएका छन्। विशेषगरी खोटाङ, मकवानपुर, रोल्पा, पाल्पालगायतका मजदुर खोलामा भेटिने गरेका छन्। उनीहरू बालुवा झिक्नैका लागि आफूहरू नुवाकोट आएको बताउँछन्। गत वर्षमा जबरजस्तीरूपमा जेसीभी, एक्साभेटरलगायतका मेसिन प्रयोग गरी बालुवा निकालिँदै आएकोमा धादिङ र नुवाकोट प्रशासनले मेसिनरी औजार प्रयोग गरी बालुवा निकाल्न प्रतिबन्ध लगाएपछि हाते औजार प्रयोग गरी मजदुरले बालुवा निकाल्ने गरेका छन्। खोलाबाट बालुवा निकाल्न जोखिम भए पनि आफूहरूले उचित ज्याला नपाउने गरेको मजदुर कृष्ण थापा बताउँछन्। पानी परेसँग खोलाले बालुवा बगाएर ल्याउने हुँदा पानी पर्दा बढी आम्दानी हुने कामदारले बताएका छन्।

# नाम मात्रका प्रसूति सेवा

धनवीर दाहाल, रुकुम

प्रसूति सेवा भनेपछि सुरक्षित सुत्केरी गराउने सेवा हो। सरकारले सुरक्षित प्रसूति सेवाका लागि धेरै लगानी गरेको बताइरहेको छ, तर रुकुमका कतिपय प्रसूति सेवा नाम मात्रका हुनाले गर्भवती महिला प्रसूति सेवा प्रभावकारी बनाउनुपर्ने माग राख्दै स्थानीय तहलाई ध्यानाकर्षण गराइरहेका छन्। प्रसूति सेवाको प्रभावकारी व्यवस्थापन हुनुपर्ने माग गर्दै रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाका आमा, गर्भवती महिला तथा सरोकारवालाले सामूहिकरूपमा गाउँपालिकासमक्ष मागपत्र पेस गरेका छन्।

त्रिवेणी गाउँपालिका वडा नं. २ मा रहेको सिम्रुतु स्वास्थ्य चौकीमा रहेको प्रसूति गृहमा सुत्केरी हुन आउने महिलाले उक्त गृहबाट प्रदान हुने सुविधा स्रोत साधनको अभावका कारण प्रभावकारी हुन नसकेको भन्दै सेवालाई प्रभावकारी बनाउनका लागि विभिन्न माग राखेर स्वास्थ्य चौकी सिम्रुतुमार्फत गाउँपालिका कार्यालयमा मागपत्र पेस गरेको स्थानीय सुत्केरी आमा गंगा चन्दले बताउनुभयो। चन्दका अनुसार, दक्ष र पर्याप्त जनशक्ति व्यवस्था गर्नुपर्ने, सुत्केरीलाई मौसमअनुसार एसीको व्यवस्था गर्नुपर्ने, बच्चा जन्मिइसकेपछि न्यानो कपडाको व्यवस्था गर्नुपर्ने, प्रत्येक टोलमा स्ट्रेचरको व्यवस्था गर्नुपर्ने, गाउँपालिकामा एउटा एम्बुलेन्सको



व्यवस्था गर्नुपर्ने र सुत्केरी महिलाका लागि भनेर आएको बजेट रकमान्तर नगरी उल्लेखित शीर्षकमै खर्च गर्नुपर्ने भनेर छ बुदाँमा आफ्ना माग पेस गरिएको छ।

सिम्रुतु स्वास्थ्य चौकीका प्रमुख भीमबहादुर चन्दले महिलाले राखेका माग यहाँका जायज माग भएको बताउँदै यस विषयमा गाउँपालिकासँग आवश्यक छलफल गर्न आफू तयार रहेको बताउनुभयो। त्रिवेणीका महिलाले राखेको मागबारे सिम्रुतु स्वास्थ्य चौकीमार्फत स्थानीय सरकारलाई जानकारी भएको बताउँदै त्रिवेणी गाउँपालिका अध्यक्ष झक्कुप्रसाद घर्तीले आमा र बच्चाको सुरक्षाका लागि भनेर सरोकारवालाले राखेको मागमा आफू गम्भीर भएको र यसको परिपूर्ति गर्दै प्रसूति सेवालाई र सिंगो स्वास्थ्य क्षेत्रलाई नै प्रभावकारी बनाउन स्थानीय सरकारले आवश्यक नीति नियम बनाई चाडै कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ।

यस्तै रुकुम पश्चिमको चौरजहारी नगरपालिकाको वडा नम्बर ७ मा निर्माणाधीन १० बेडको प्राथमिक स्वास्थ्य केन्द्रको भवन अलपत्र अवस्थामा रहेको छ। भवन निर्माणको जिम्मा लिएको ठेकेदारको ढिलासुस्तीका कारण बर्थिङ सेन्टरसहितको प्राथमिक स्वास्थ्य केन्द्रको भवन अलपत्र बनेको हो। निर्माणाधीन भवनको काम शतप्रतिशत सकिएको, तर मापदण्डअनुसार प्रयोगमा नआउँदा उक्त भवन अझै सञ्चालनमा आउन सकेको छैन। २०७१ साल असार दोस्रो सातामा भवन निर्माणको काम सम्पन्न गर्ने गरी प्राथमिक स्वास्थ्य केन्द्र कोटजहारीमा भवनको काम शुरू गरिएको थियो, तर ४ वर्ष बितिसक्दा समेत प्राथमिक स्वास्थ्य केन्द्रको भवन प्रयोगविहीन बनेको छ। साविकको कोटजहारी गाविसमा भवन निर्माणका लागि शहरी विकास तथा निर्माण विभाग भवन डिभिजन कार्यालय रोल्पाले २ करोड ८६ लाख अनुदान प्रदान गरेको थियो।

### प्रहरीद्वारा पत्रकारमाथि हातपात

कालिकोट, (नेस)

हिमालय टाइम्स दैनिक तथा तिलान्युज अनलाइन कालिकोटमा कार्यरत शुभकालिका गाउँपालिका-६ का २८ वर्षीय पत्रकार वीरेन्द्र आचार्यलाई जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी निरीक्षक देवेन्द्र मल्लले बिहीबार हातपात तथा अभद्र व्यवहार गरेका छन्।

समाचार संकलन गर्न शुक्रबार जिल्ला प्रहरी कार्यालयमा गएको समयमा प्रहरी इन्सपेक्टर मल्लले हातपात गरी अपशब्द बोलेको पत्रकार आचार्यले आरोप बताएका छन्।

घटनाको नेपाल पत्रकार महासंघ जिल्ला शाखा कालिकोटले भदौ २२ गते प्रेस विज्ञप्ति प्रकाशन गरी निन्दा गरेको छ। महासंघ शाखाका कार्यबाहक अध्यक्ष मनिका बोहराद्वारा हस्तक्षररित विज्ञप्तिमा पत्रकार आचार्यलाई हातपात तथा अपमानजनक व्यवहार गर्ने प्रहरी निरीक्षक देवेन्द्र मल्ललाई कानुनी कारबाहीका लागि प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षकसँग माग गरिएको छ।

यसका विषयमा आरोपी इन्सपेक्टर मल्लले कार्यालयमा होहल्ला भएको सुनेर धकेलेको र पत्रकार भनेर जानकारी नभएको प्रतिक्रिया दिएका छन्। घटनाका विषयमा कालिकोटका प्रहरी प्रमुख डीएसपी विनोद शर्माले आफू गाउँतिर रहेकाले सदरमुकाम फर्केपछि पत्रकार कुट्ने इन्सपेक्टरलाई अनुसन्धान गरी कारबाही प्रक्रिया अगाडि बढाइने बताएका छन्।

### बलात्कारका घटना सार्वजनिक

भद्रपुर, (नेस)

झापामा बालिका बलात्कारको घटना भयावह बन्दै गएको छ। अघिल्ला वर्षमा भन्दा यो वर्ष बलात्कारका घटनामा अस्वाभाविकरूपमा वृद्धि भएको जिल्ला प्रहरी कार्यालय झापाले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ।

आर्थिक वर्ष २०७२/७३ को ६ महिनामा भएका बलात्कारका घटनाको जति संख्या थियो चालू आर्थिक वर्षको ५० दिनमा पुगेपछि बलात्कारको घटना भयावह बन्दै गएको हो। आर्थिक वर्ष २०७२/७३ मा झापामा ७२ वटा बलात्कारका घटना भएको प्रहरीले जनाएको छ। चालू अर्थिक वर्षको ५० दिनमा यो संख्या ३५ पुगेको छ।

यसैगरी आर्थिक वर्ष २०७३/७४ मा ७४, २०७४-७५ मा १ सय ३३ र चालू आर्थिक वर्षको ५० दिनमा बलात्कारका घटना ३५ वटा दर्ता भएको झापाका प्रहरी प्रमुख भीमप्रसाद ढकालले जानकारी दिए। उनले विगतका वर्षको तुलनामा बलात्कारका घटना अस्वाभाविकरूपमा बढिरहेको बताए।

डर, त्रास देखाएर, विवाहको प्रलोभन, आर्थिक प्रलोभन, जबरजस्ती करणी, शरीर बन्धक बनाई, जनचेतनाको कमीका कारण, सामाजिक सञ्जालको दुरुपयोग, मनौवैज्ञानिक र भावनात्मक ब्ल्याकमेलिङ गरेर बलात्कारको घटना हुने गरेको एसपी ढकालले बताए।

उनले १६ वर्षमुनीका धेरै बालिका बलात्कारको शिकार हुने गरेको बताउँदै पीडक भने १६ देखि ३० वर्ष उमेरका धेरै हुने गरेको पाइएको जानकारी दिए। गाउँभन्दा शहरमा बलात्कारका घटना धेरै हुने गरेको प्रहरीको तथ्यांकमा उल्लेख छ। शहरका होटलमा कडा नियम लागू गर्न सके बलात्कारका घटना केही हदसम्म नियन्त्रणमा आउन सक्ने प्रहरीले जनाएको छ।

# निजामती कर्मचारीलाई नतिजामुखी काम गर्न आग्रह

नेपाल समाचारपत्र

हेटौंडा

प्रदेश-३ का सभामुख सानुकुमार श्रेष्ठले नतिजामुखी काम दिने प्रशासन आवश्यक रहेको बताउनुभएको छ। निजामती सेवा दिवस मूल समारोह समिति प्रदेशको आयोजनामा 'नतिजामुखी प्रशासन समृद्धि र सुशासन' भन्ने मूल नारासाथ निजामती सेवा दिवसको अवसरमा आयोजित कार्यक्रममा उहाँले लोकतन्त्र र प्रजातन्त्र भनेको अराजकता नभएर काम गर्ने समय भएको बताउनुभयो।

कर्मचारीलाई प्रदेश कानुन निर्माणमा ध्यान दिन आग्रह गर्दै उहाँले प्रश्न गर्नुभयो- 'प्रदेशमा १ सय ९९ वटा कानुन निर्माण गर्नुपर्ने हुन्छ। हालसम्म सरकार गठन भएपछि केही कानुनमात्र निर्माण भएका छन्। अरू कानुन कहिलेसम्म निर्माण गरिसक्नुहुन्छ ?'

५ वर्षसम्म कानुनमात्र निर्माण गर्ने भए अरूरु काम कसरी गर्न सकिन्छ भन्ने विषयमा सभामुख श्रेष्ठले प्रश्न गर्नुभयो। निजामती कर्मचारीले सधैं उत्साह र उमंगसाथ काम गर्नुपर्ने भन्दै उहाँले अरूबाट होइन, परिवर्तन आफैंबाट गर्न आग्रह गर्नुभयो। निजामती कर्मचारी स्थायी सरकार भएकाले देखिने काम गर्न उहाँले निर्देशन दिनुभयो।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले कार्यालय सहयोगीदेखि सचिवसम्मका कर्मचारीलाई जनतामुखी काम गर्न आग्रह गर्नुभयो। अब कर्मचारीका ट्रेड युनियनले आन्दोलन गर्ने नभएर काम गर्ने बेला आएको उहाँले सुझाव दिनुभयो।

वर्तमान सरकार कसैले बनाइदिएको नभएर आफैं केही गरूँ भनेर जनताका निम्ति काम गर्ने सरकार भएको बताउँदै उहाँले भन्नुभयो- 'वर्तमान सरकार झ्यालबाट आएको नभई मूलढोकाबाट फूलमाला र घडासहित आएकाले अब ५ वर्षसम्म नागरिकका निम्ति काम गरेर देखाउनेछ।'

सभापति प्रदेश प्रमुख सचिव आनन्दराज ढकालले निजामती सेवालाई परिणाममुखी बनाउनुपर्ने बताउनुभयो। आमजनताले चाहना गरेअनुसार कर्मचारीले काम गर्नुपर्ने उहाँले बताउनुभयो। निजामती सेवा जनतामुखी र सूचना प्रविधिमैत्री हुनुपर्नेमा उहाँको जोड थियो।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी अश्मान तामाङ, आधिकारिक ट्रेड युनियन कार्यक्रममा मकवानपुर अध्यक्ष विष्णुप्रसाद अर्यालगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। साथै प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रमेश शिवाकोटीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने मुख्यमन्त्री कार्यालयको प्रांगणमा कार्यक्रम हुनुअघि हेटौंडाको बुद्धचोकबाट ऱ्यालीसहित बजार क्षेत्र परिक्रमा गरिएको थियो।

# माावि र उमाविमा सबैभन्दा बढी शिक्षक दरबन्दी रिक्त

गणेश घिमिरे, इलाम

जिल्लाको मावि र उच्च मावि तहमा शिक्षक दरबन्दी सबैभन्दा बढी रिक्त रहेको छ। मावि तहमा ४ सय ४५ जना शिक्षक दरबनीद आवश्यक भए पनि हाल स्वीकृत र राहत दरबन्दी गरेर जम्मा २ सय ७९ जना मात्र शिक्षक कार्यरत रहेका छन्। बाँकी १ सय ६६ जना शिक्षकको दरबनीद रिक्त रहेको छ।

यस्तै उच्च मावि तहमा २ सय ८८ जना दरबन्दीका शिक्षकको आवश्यक भए पनि हाल स्वीकृत र राहत दरबन्दी गरेर जम्मा ७५ जना शिक्षक मात्र कार्यरत रहेका छन्। बाँकी २ सय १३ जना शिक्षकको दरबनीद रिक्त रहेको छ। शिक्षामा नयाँ संरचनाअनुसार कक्षा १-८ लाई आधारभूत र ९-१२ लाई माध्यमिक तह बनाइए पनि शिक्षक दरबन्दीको संरचना भने पुरानै रहेको छ। शिक्षक दरबन्दी प्रावि, निमावि, मावि र उच्च मावि तहकै रहेको जिल्ला शिक्षा समन्वय इकाइका शाखा अधिकृत डम्बरबहादुर सुवेदीले बताए। 'प्रावि तहमा भने शिक्षक दरबन्दी चाहिनेभन्दा बढी रहेको छ', सुवेदीले भने- 'प्रावि तहमा स्वीकृत दरबन्दी १३ सय ८७ र राहत दरबन्दी १ सय ८४ गरी जम्मा १५ सय ७१ जना रहेका छन्, प्रावि तहका लागि भने ११ सय ३४ जना मात्र शिक्षक दरबन्दी आवश्यक छ, तर ४ सय १७ जना शिक्षक दरबन्दी बढी रहेका छन्।' बढी भएका शिक्षकलाई आधारभूत र मावि तहमा तानेर पठनपाठन गराउन लागिरहेको बताइएको छ।

निमावि तहमा भने स्वीकृत शिक्षकको दरबन्दी २ सय ५५ र राहत दरबन्दी १ सय ७३ गरी ४ सय २८ जना छन्, तर आवश्यक दरबन्दी भने ६ सय ४० जना रहेकामा हाल २ सय १२ जना दरबन्दीका शिक्षक अपुग रहेका छन्। इलाम जिल्लामा ४ सय वटा सामुदायिक विद्यालय रहेका छन्। प्रावि तहमा आवश्यकभन्दा बढी भएको शिक्षकको व्यवस्थापन र अन्य तहमा चाहिनेभन्दा कम दरबन्दीका शिक्षक भएपछि थप पदपूर्तिका लागि सम्बन्धित निकायमा पटक-पटक जानकारी गराए पनि चासो नदिएको बताइएको छ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः
१९८७ जेष्ठ ११ गते

स्वर्गारोहणः
२०७५ भाद्र ११ गते

## स्व. केशरी लक्ष्मी

ज्योति समूहका अध्यक्ष आदरणीय श्री पद्म ज्योतिज्यू तथा उपाध्यक्ष
श्री डा. रुप ज्योतिज्यूका ममतामयी माता तथा हिमाल आयरन एण्ड स्टील प्रा.लि. का संस्थापक
स्व. श्री मणिहर्ष ज्योतिज्यूकी धर्मपत्नी **केशरी लक्ष्मी**ज्यूको स्वर्गारोहण
भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं।
साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि
श्री परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

| | | | | | |
|---|---|---|---|---|---|
| **डा. सुनिल राम बैध**<br>बालाजु सु डिपो<br>डिपो नं. १०५ | **रमेश लाल श्रेष्ठ**<br>टेकु डिपो<br>डिपो नं. १०३ | **अशोक महर्जन**<br>किर्तिपुर डिपो<br>डिपो नं. ११९ | **रगुन महर्जन**<br>धोबिघाट डिपो<br>डिपो नं. १४९ | **सोविन्द्र महर्जन**<br>ठेचो डिपो<br>डिपो नं. १६२ | **दिपेश शंकर श्रेष्ठ**<br>गोंगबु डिपो<br>डिपो नं. १२३ |
| **गंगाराम पोते**<br>बनेपा डिपो<br>डिपो नं. ११२ | **प्रकाश श्रेष्ठ**<br>हात्तीगौडा डिपो<br>डिपो नं. १३२ | **नविन श्रेष्ठ**<br>कलंकी डिपो<br>डिपो नं. ११५ | **रविन्द्रमान सिंह**<br>गट्ठाघर डिपो<br>डिपो नं. १२८ | **सुदर्शन दाहाल**<br>थली डिपो<br>डिपो नं. १५६ | **प्रदिप पोखरेल**<br>साँखु डिपो<br>डिपो नं. १५७ |
| **सुमित बस्नेत**<br>बल्खु डिपो<br>डिपो नं. १२१ | **राजेश श्रेष्ठ**<br>ने ट्रे टेकु डिपो<br>डिपो नं. ११७ | **विरेन्द्र रत्न तुलाधर**<br>मैतिदेवी डिपो<br>डिपो नं. १०१ | **समिर अधिकारी**<br>सतुंगल डिपो<br>डिपो नं. १३६ | **श्याम कृष्ण मानन्धर**<br>थानकोट डिपो<br>डिपो नं.१४३ | **सुवर्ण कृष्ण मल्ल**<br>सामाखुशी डिपो<br>डिपो नं. १४४ |
| **विकाश बज्राचार्य**<br>लगनखेल डिपो<br>डिपो नं. १४० | **प्रताप सिंह मानन्धर**<br>लगनखेल डिपो<br>डिपो नं. १०६ | **विनोद कुमार श्रेष्ठ**<br>माछापोखरी (जोरपाटी) डिपो<br>डिपो नं. १४१ | **उद्धव प्रसाद खरेल**<br>बुढानिलकण्ठ डिपो<br>डिपो नं. १४८ | **चिरीबाबु मर्हजन**<br>ट्याङ्गलाफाटा डिपो<br>डिपो नं. १४७ | **बिजय महर्जन**<br>फर्पिङ्ग डिपो<br>डिपो नं.१५८ |
| **शिव भक्त शुकुपायो**<br>जगाती डिपो<br>डिपो नं १११ | **प्रकाश श्रेष्ठ**<br>महाराजगंज डिपो<br>डिपो नं. १०४ | **रत्न शंकर जोशी**<br>त्रिपुरेश्वर डिपो<br>डिपो नं.१०२ | **बुद्ध लाल कुदु**<br>लोकन्थली डिपो<br>डिपो नं. ११३ | **तिर्थलाल कुदु**<br>बोडे डिपो<br>डिपो नं.११४ | **प्रेम लाल महर्जन**<br>सातदोबाटो डिपो<br>डिपो नं. १२० |
| **बाल कृष्ण श्रेष्ठ**<br>बालाजु डिपो<br>डिपो नं. १४६ | **बालकाजी महर्जन**<br>इमाडोल डिपो<br>डिपो नं. १३३ | **हितेन्द्र महर्जन**<br>ढोलाहिटी डिपो<br>डिपो नं. १३० | **अर्जुन महर्जन**<br>बालकुमारी डिपो<br>डिपो नं. १२७ | **यूवक राजभण्डारी**<br>सिपाडोल डिपो<br>डिपो नं. १३१ | **बलराम कार्की**<br>तिनकुने डिपो<br>डिपो नं. १०८ |

# विश्व

### निरीक्षण

जोर्डनकी रानी रानिया चीन भ्रमणका क्रममा चीनको अनलाइन व्यापार अलिबाबाका संस्थापक तथा अर्बपति ज्याक मासँग अलिबाबाको कार्यालय निरीक्षण गर्दै।



### अच्चमका घटना

चीनको सान्याको हैनान रिसोर्ट सिटी बीचमा नुहाउँदै गर्दा जनेन्द्रीयमा टाँस्सिन पुगेको स्टिंग्रे माछासहित किनारामा पीडाले छटपटाउँदै गरेका एक चिनियाँ युवक। उद्धारकर्मीले कैंची र अन्य उपकरणको प्रयोग गरी उक्त माछालाई जनेन्द्रीयबाट छुटाएका थिए।





**विश्व २ मिनेट**

**जर्मन**

### बलात्कारी बालक

बर्लिन, (एजेन्सी)

जर्मन प्रशासनले बलात्कारका आरोपी १० वर्षका अफगान शरणार्थी बालकामाथि मुद्दा चलाउन अस्वीकार गरेको छ। अपराध जघन्य भए पनि बच्चाको उमेर अत्यन्त कम भएकाले मुद्दा चलाउन नसकिने अदालतले बताएको जर्मन सञ्चारमाध्यमले जनाएको छ। बर्लिनमा स्कुलबाट शैक्षिक भ्रमणमा लगिएको थियो। त्यहाँ ती अफगान बालकले एक सिरियाली र अर्को बालकको सहयोगमा आफ्नै सहपाठीलाई बलात्कार गरेका थिए। जर्मनमा यो घटनालाई लिएर व्यापक आक्रोश फैलिएको छ र नागरिकहरू शरणार्थीविरुद्ध कडा रुपमा विरोध गरिरहेका छन्। जर्मनमा मुद्दा चलाउन कम्तिमा १४ वर्षको हुनुपर्छ।

**अफगानिस्तान**

### मेटिस काबुलमा

काबुल, (एजेन्सी)

अमेरिकी रक्षामन्त्री जिम मेटिस शुक्रबार अफगानिस्तानको अघोषित यात्राका क्रममा काबुल पुगेका छन्। करिब एक वर्षअगाडि नै अमेरिकी राष्ट्रपति ट्रम्पले अफगानिस्तानका लागि नयाँ रणनीतिको घोषणा गरेका थिए। उनले अमेरिकी बलका हजारौं सैनिकलाई अफगानिस्तान पठाउने प्रतिबद्धता व्यक्त गरेका थिए। विगत केही महिनाभित्र अफगानिस्तानको आफ्नो दोस्रो भ्रमणमा मेटिस राष्ट्रपति असरफ घानी र अमेरिकी नेटो बलका नयाँ अमेरिकी कमान्डर जनरल स्कट मिलरसँग भेटघाट गर्नेछन्। दिल्लीबाट काबुल पुगेका मेटिसको यो भ्रमण १७ वर्षको क्रम एक संवेदनशील समयमा भइरहेको छ।

**जापान**

### ठूलो भूकम्प

टोक्यो, (एजेन्सी)

जापानको उत्तरी टापु होक्काइदोमा आएको शक्तिशाली भूकम्पका कारण पहिरो जानुका साथै थुप्रै घर पुरिएका छन्। स्थानीय सञ्चारमाध्यमले ६ दशमलव ७ रेक्टर स्केलको सो भूकम्पका कारण कम्तिमा १८ जना मानिसको ज्यान गएको तथा अन्य दजनौं हराइरहेको जनाएको छ। यस भूकम्पकै कारण एउटा थर्मल प्लान्ट क्षतिग्रस्त भएर विद्युत् आपूर्ति बन्द हुँदा झन्डै ३० लाख घर प्रभावित भएको बताइएको छ। केही दिनदेखि पश्चिमी जापान भयानक आँधिहुरीका चपेटामा परिरहेके बेला यो भूकम्प आएको हो।

**अफगानिस्तान**

### दोहरो विस्फोट

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलस्थित एउटा रेस्लिङ क्लबमा बिहीबार भएको दोहोरो आत्मघाती बम विस्फोटका कारण कम्तिमा २० जना मानिसको ज्यान जानुका साथै अन्य ७० जना घाइते भएको सरकारी अधिकारीले बताएका छन्। एकजना आत्मघाती आक्रमणकारीले क्लबमा विस्फोट गराई ४ जनाको ज्यान लिएका थिए। सोही घटनाको सिलसिलामा संलग्न आपतकालीन सेवालाई लक्षित गर्दै अर्को आक्रमणकारीले आत्मघाती कार बम विस्फोट गराउँदा अन्य बाँकीको ज्यान गएको थियो। यी आक्रमणमा टोलो न्युज च्यानलका २ जना पत्रकार पनि मारिएको बताइएको छ।

# राष्ट्रपति ट्रम्पलाई हटाउन संवैधानिक शक्ति प्रयोग गर्ने बेला भएको छ : *सिनेटर*

वासिङ्टन, (एजेन्सी)

अमेरिकाका एक सिनेट सदस्यले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पदबाट हटाउने समय आएको संकेत दिएकी छिन्। यदि वरिष्ठ अधिकारीहरू राष्ट्रपति ट्रम्प उनको पदका लागि अयोग्य छन् भन्ने मान्यता राख्छन् भने यो समय उनलाई हटाउन संवैधानिक शक्तिको प्रयोग गर्ने बेला भएको बताएका छन्।

म्यासाच्युसेट्सकी सिनेटर एलिजावेथ वारेनले सीएनएनसँग बिहीबार भनिन्- 'यदि वरिष्ठ प्रशासनिक अधिकारीहरू अमेरिकी राष्ट्रपति आफ्नो कामका लागि अयोग्य छन् भन्ने ठान्छन् भने उनीहरूले २५औं संशोधनको प्रयाग गर्नुपर्छ', उनले भने- 'यदि उपराष्ट्रपति वा वरिष्ठ अधिकारीहरूले राष्ट्रपति आफ्नो काम गर्न सक्दैनन् भन्ने निष्कर्षमा पुगेको हो भने त्यसका लागि एक संवैधानिक प्रक्रिया दिइएको छ। यो प्रक्रिया वरिष्ठ अधिकारीहरू राष्टपतिसँग विमति राख्नका लागि मात्र दिएको होइन। ती अधिकारी सबैले अमेरिकी संविधानलाई कायम राख्ने सपथ लिएका छन्। यो समय उनीहरू आफ्नो कामलाई नतिजामा पुऱ्याउने बेला हो।'

वारेनलाई सन् २०२० मा राष्ट्रपति पदका लागि डेमोक्र्याटिक पार्टीका सम्भावित उम्मेद्वार मानिएको छ। ट्रम्पका विषयमा एक अज्ञात अधिकारीको न्युयोर्क टाइम्समा आएको एक लेखलाई लिएर उनले उक्त कडा टिप्पणी दिएकी हुन्। उक्त लेखमा ती अधिकारीले ट्रम्पलाई लिएर गम्भीर चिन्ता व्यक्त गरिएको थियो। ट्रम्प अमेरिकाका लागि अहितकर भएको उल्लेख गर्दै उनलाई राष्ट्रपति पदबाट हटाउन २५औं सशोधनको प्रयोगका विषयमा प्रारम्भिक



छलफल भएको बताइएको थियो। ह्वाइट हाउसले लेखको कडा शब्दमा निन्दा गरेको छ र लेखकलाई देशद्रोही र कायर संज्ञा दिएको छ।

**देशद्रोह हो : ट्रम्प**

अमेरिकाको एक प्रतिष्ठित अखबार न्युयोर्क टाइम्समा बिहीबार ट्रम्प प्रशासनका एक अधिकारीले लेखेको उक्त लेख प्रकाशित भएका थियो। यसले अमेरिकी राजनीतिक वृत्तमा हलचल उत्पन्न गरेको छ।

अधिकारीको नाम उल्लेख नगर्ने शर्तमा छापिएको उक्त लेखमा सरकार 'व्यापक विरोध' को स्थितिमा रहेको र अमेरिकी राष्ट्रपति ट्रम्पलाई बचाउन अधिकारीका तर्फबाट प्रयास भइरहेको उल्लेख गरिएको छ।

उक्त लेखमा अमेरिकी राष्ट्रपतिलाई अनैतिक व्यक्तिका रुपमा प्रस्तुत गर्दै उनलाई लोकतन्त्रको स्वास्थ्य खराब बनाउनेका रुपमा चित्रण गरिएको छ।

'ट्रम्प प्रशासनभित्र विरोधको हिस्सा हुँ' शीर्षकबाट लिइएको उक्त लेख प्रकाशित भएपछि राष्टपति ट्रम्पले उक्त अखबारमाथि नै निशाना साधेको छ। जसले लेख लेखेका हुन् त्यो 'बेनाम' व्यक्तिको पहिचान खुलाउनुपर्ने ट्रम्पले प्रतिक्रिया दिएका थिए। ट्रम्पले त्यसलाई देशद्रोहको संज्ञा दिँदै ट्विटमा भने- 'देशद्रोह?'

अर्को ट्विटमा उनले भने- 'के कथित वरिष्ठ प्रशासनिक अधिकारी वास्तवमै अस्तित्वमा छन् वा यो असफल भइरहेको न्युयोर्क टाइम्सको हास्यास्पद स्रोत हो ? यदि यो कायर गुमनाम व्यक्ति वास्तवमा कहीं छ भने टाइम्सले राष्ट्रिय सुरक्षाका हिसाबले उनलाई एकपटक सरकारसमक्ष सुम्पनुपर्छ।'

शुक्रबार पुनः उक्त मामिलामा ट्रम्पले ट्विटमा न्युयोर्क टाइम्सको खोजीमा रहेको पत्रकार आफ्नोबारेमा पनि खोजी गर्न गइरहेको छ ? भन्ने प्रश्न राखेका छन्।

उक्त लेखका लेखकका विषयमा ट्रम्पका पारिवारिक सदस्य पत्नी मेलानिया र छोरी इवान्कासम्मलाई आशंका गर्न थालेको छ।

**हिरासत अवधि बढाउने प्रस्ताव**

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिना कानुनी कागजात अमेरिकामा बसोबास गरेकामा हिरासतमा लिइएका आप्रवासी बच्चाहरूको हिरासत अवधि अनिश्चितकालसम्म बढाउने प्रस्ताव अगाडि सारेका छन्।

त्यस्ता बच्चालाई २० दिनसम्म हिरासतमा राख्ने न्यायिक सहमतिलाई लत्याएर हिरासत अवधि बढाउने प्रस्ताव ल्याइएको हो।

राष्ट्रिय सुरक्षा विभागले बिहीबार एक विज्ञप्ति जारी गरी सरकारको यो पहलले देशमा घूसपैठ गर्ने बच्चालाई बढीमा २० दिन हिरासतमा राख्न पाउने निर्धारित अवधि स्वीकृत गर्ने १९९७ को प्रावधान अन्त्य हुने उल्लेख गरेको छ।

न्याय विभागद्वारा प्रोत्साहन गरिएको विवादास्पद 'जिरो टोलरेन्स' नीतिअनुरुप प्रशासनसमक्ष आएका समस्यालाई जवाफ दिने सन्दर्भमा उक्त फैसला लिइएको एक समाचार एजेन्सीले जनाएको छ। यो नीतिले मेक्सिकोसँगको सीमामा पक्राउ परेका प्रवासी परिवारका सदस्यलाई एकअर्कासँग अलग गर्न अनुमति दिन्छ।

# उत्तर कोरियालाई साइबर आक्रमणको आरोप




वासिङ्टन, (एजेन्सी)

अमेरिकी वकिलहरूले एकजना उत्तर कोरियाली नागरिकलाई संयुक्त अधिराज्यको राष्ट्रिय स्वास्थ सेवा (एनएचएस) लाई अवरुद्ध पार्ने उद्देश्यले खराब सफ्टवेयर बनाउने काममा संलग्न रहेको अभियोग लगाएको छ।

सन् २०१७ मा भएको यस घटनाको क्रममा कम्प्युटर प्रणाली नै अवरुद्ध भएपछि एनएचएसका कर्मचारीहरू कापी र कलम प्रयोग गर्न बाध्य भएका थिए। उक्त षड्यन्त्र रच्ने समूहमा पार्क जिन ह्योक नामक व्यक्ति पनि सरिक रहेको बताइएको छ।

सोही ह्याकिङ समूहलाई सन् २०१४ मा सोनी पिक्चर्समा भएको ह्याकिङका लागि पनि दोष लगाइएको छ। अमेरिकी न्याय विभागले उत्तर कोरियाको सहयोगप्राप्त साइबर समूहले ठूलो क्षति पुऱ्याएको जनाएको छ। तर उत्तर कोरियाले शुरूदेखि यस सम्बन्धमा आफूमाथि लगाइएका आरोपहरू अस्वीकार गर्दै आएको छ।

अमेरिकी राष्ट्रिय सुरक्षाका लागि सहायक महान्यायाधीवक्ता जोहन डेमर्सले भनेका छन्- 'उत्तरदायी राष्ट्रहरूले स्विकारेको साइबर नियमअनुसार उजुरी परेको साइबर अपराधको परिमाण र क्षेत्र निकै भयावह रहेको छ। उजुरीअनुसार सो आपराधिक समूहमार्फत उत्तर कोरियाली सरकारले एउटा केन्द्रीय बैंक र अन्य थुप्रै राष्ट्रका नागरिकलाई लुट्नुका साथै १ सय ५० वटाभन्दा बढी राष्ट्रमा साइबर आक्रमण गरी कराडौं अमेरिकी डलर बराबरको क्षति पुऱ्याएको छ।'

# भारतमा समलिंगी यौन सम्बन्ध अपराध रहेन



नयाँ दिल्ली, (एजेन्सी)

भारतको सर्वोच्च अदालतले बिहीबार ऐतिहासिक निर्णय दिँदै अब समलिंगी यौन सम्बन्ध अपराध नरहेको जनाएको छ। यस निर्णयले औपनिवेशिककालीन कानुनको धारा ३ सय ७७ अनुसार समलिंगी यौन सम्बन्धलाई सन् २०१३ मा 'अस्वाभाविक अपराध' को मान्यता दिन सर्वोच्चले दिएको निर्णयलाई उल्टाएको छ।

अब यस अदालतले मानिसको यौन स्वभावलाई लिएर गरिने कुनै पनि भेदभावयुक्त व्यवहारलाई मूलभूत मानव अधिकारको उल्लंघनको करार दिने भएको छ। सर्वोच्च अदालतले यो निर्णय सुनाउँदा अदालत परिसरबाहिर एकत्रित भीडले चिच्याएर खुसी व्यक्त गर्नुका साथै केही भावविह्वल भएर रुन पुगेका थिए।

भारतका अधिकांश ठूला शहरमा गरिएको मत सर्भेक्षणअनुसार धेरै मानिस पुरानो कानुन बदर गर्ने पक्षमा देखिए पनि विभिन्न धार्मिक समूह तथा रुढीवादी ग्रामीण समुदायहरू सर्वोच्चको पछिल्लो कदमको कडा विरोधमा रहेका छन्।

यो निर्णय समलिंगी तथा तेस्रो लिंगीहरूका लागि ठूलो विजय सावित भएको छ। अदालतबाहिर उपस्थित एकजना नाम नखुलाइएका समलिंगी अभियन्ताले बीबीसीलाई भनेका छन्, 'आजसम्म मेरो यौन स्थितिबारे अभिभावकलाई थाहा दिएको थिइनँ। तर सायद अब म उहँहरूलाई सबै कुरा खोल्छु।'

अवकाश प्राप्त गर्न लागेका सर्वोच्चका प्रधानन्यायाधीश दीपक मिश्रको नेतृत्वमा रहेको ५ सदस्यीय इजलाशको सर्वसम्मतले यो निर्णय दिएको हो। अर्का न्यायाधीश इन्दु मल्होत्राले यससम्बन्धी इतिहासले समलिंगी समुदायसँग माफी माग्नुपर्ने बताएकी छिन्।

# ब्राजिलका प्रमुख प्रत्यासीमाथि छुरा प्रहार




रियो डि जेनेरो, (एजेन्सी)

ब्राजिलको राष्ट्रपतीय निर्वाचनका प्रमुख प्रत्यासी जेर बोल्सोनारोलाई शुक्रबार एउटा चुनाव प्रचारप्रसार ऱ्यालीमा भाग लिने क्रममा छुरा प्रहार भएको प्रहरीले जनाएको छ।

दक्षिण पूर्वी राज्य मिनास गरेसमा भीडमा अचानक कट्टर दक्षिणपन्थी राजनीतिज्ञ बोल्सोनारोलाई छुरा प्रहार गरिएको थियो। आक्रमणकारीलाई तत्कालै घटनास्थलबाट गिरफ्तार गरिएको थियो।

अस्पतालका अधिकारीले उनको आन्द्रामा लागेको चोटको शल्यक्रिया सम्पन्न भइसकेको र उनलाई चाँडै निको हुने अनुमान गरिएको बताएका छन्। हालै गरिएको मत सर्भेक्षणअनुसार विवादास्पद राजनीतिज्ञ बोल्सानारोले जातिवादी र समलिंगी विरोधी टिक्का टिप्पणी गरेर ब्राजिलमा थुप्रै मानिसलाई आक्रोशित बनाएका छन्।

सो सर्भेक्षणले यदि पूर्वराष्ट्रपति लुला दा सिल्भालाई चुनाव लड्नबाट रोकिएको खण्डमा आगामी अक्टोबरमा हुन गइरहेको राष्ट्रपतीय चुनावको पहिरो चरणमा उनले सबैभन्दा बढी मत हासिल गर्नेछन् तैपनि अन्ततः उनले चुनाव जित्ने सम्भावना भने कमै रहेको जनाएको छ।

लोकप्रियताका आधारमा निकै अगाडि रहे तापनि बामपन्थी लुला अहिले भ्रष्टाचारको अभियोगमा कारागारमा थुनिएका छन्। तर उनले आफूमाथि चुनाव लड्नमा लगाइएको प्रतिबन्धविरुद्ध अदालतसमक्ष अपिल गरेको छ। यसपालिको यो चुनाव ब्राजिलको इतिहासमै सबैभन्दा अस्थिर साबित हुने भएको छ।

हाल सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी दरबन्दी, समायोजन, पदस्थापन, आन्तरिक प्रतिस्पर्धा, तलबभत्ता, सञ्चयकोष, उपदान, बिमालगायतका अन्य विभिन्न सेवाबाट वञ्चित रहेका छन्।

# ८ अपहरणकारी प्रहरी नियन्त्रणमा

पुष्कर बुढाथोकी, भक्तपुर

प्रहरीले भक्तपुर नगरपालिका १ सल्लाघारी चोकबाट १ व्यक्तिलाई अपहरण गर्न संलग्न रहेको आरोपमा र धुलिखेल नगरपालिका-५ चौकोटबाट ८ जनालाई पक्राउ गरेको छ। भक्तपुरबाट अपहरणमा परेका सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका ४ ग्याल्थुम बस्ने वर्ष ४७ को विष्णु कटुवाललाई प्रहरीले अपहरणकारीको कब्जाबाट मुक्त पनि गरेको छ।

आर्थिक लेनदेन भएका व्यक्तिहरूले निलो रंगको ट्याक्सीमा राखी जबर्जस्ती नालाको बाटो हुँदै काभ्रेतर्फ लिएर हिँडेको भन्ने जानकारी प्राप्त हुनसाथ खोजतलासको क्रममा भक्तपुर प्रहरीले धुलिखेल नगरपालिका५ चौकोटको उकालोबाट गाडी र मोटरसाइकलसहित संलग्न व्यक्तिहरू पक्राउ गरिएको जनाएको छ। महानगरीय प्रहरी परिसर भक्तपुरका सूचना अधिकृत प्रहरी नायब उपरीक्षक रेवती रमण पोखरेलका अनुसार बा५च ९७३५ नम्बरको कार, बा७८प ५०५ नम्बरको मोटरसाइकल र बा३४प ५०० नम्बरको स्कुटीसहित बिहीबार बेलुका पक्राउ गरिएको बताउनुभयो।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक सुनकोशी ५ बस्ने वर्ष २३ को दीपक भुजेल, सर्लाही हरिवन नपा- २ घर भई हाल जिल्ला काभ्रेपलाञ्चोक बनेपा बस्ने वर्ष २५ को कृष्णहरि अधिकारी, सिन्धुपाल्चोक सुनकोशी ५ घर भई हाल जिल्ला भक्तपुर सूर्यविनायक बस्ने वर्ष २९ को रामेश्वर सिलवाल र मकवानपुर थाहा नगरपालिका-४ घर भई हाल भक्तपुर सूर्यविनायक बस्ने वर्ष ४२ को नकुल कार्की रहेका छन्।

यसै गरी काभ्रेपलाञ्चोक नमोबुद्ध १० बस्ने वर्ष ४० को राजन घोरासाइने ,रामेछाप खाँडादेवी गापा १ बस्ने वर्ष ३६ को टेकबहादुर विक, काठमाडौं महानगरपालिका २८ बस्ने वर्ष ४२ को धननारायण तण्डुकार र सिन्धुपाल्चोक सुनकोशी ५ बस्ने वर्ष २९ को रञ्जन सिलवाल रहेका छन्।

घटना भक्तपुर जिल्लाको भएकाले पक्राउ परेकाहरूलाई भक्तपुर जिल्ला प्रहरी कार्यालय पठाएको इलाका प्रहरी कार्यालय बनेपाका प्रमुख प्रहरी निरीक्षक सुनिलजंग शाहले बताउनुभयो। शाहका अनुसार कटुवालले तिर्नुपर्ने १ लाख ५० हजार रूपियाँ नतिरेको भन्दै उनलाई अपहरण गरिएको हो तर केको रकम भन्ने खुल्न सकेको छैन। प्रहरीले बरामद गरेको एउटा ब्यागमा शंकास्पद सामग्रीसमेत फेला परेको छ। प्रहरीले त्यसक्रममा निलो कलरको बा५च. ९७३५ नं.को कार,बा.७८प. ५०५ नं.को मोटरसाइकल र बा.३४ प. ५०० नं. को स्कुटरसमेत बरामद गरेको छ।

कटुवाललाई उनीहरूले लेनदेनको विषयलाई लिएर अपहरण गरी जबरजस्ती बनेपातर्फ लगेको भन्ने जानकारी पाउनसाथ महानगरीय प्रहरी परिसर भक्तपुर र महानगरीय प्रहरी वृत्त जगातीको प्रहरी टोलीले बनेपा काभ्रेको प्रहरी टोलीसँग समन्वय गरी संयुक्त रूपमा खटिइ अपहरणमा प्रयोग भएका सवारी साधनसहित पक्राउ गरी नियन्त्रणमा लिएको हो।

पक्राउ परेका ८ जनालाई अपहरण तथा शरीर बन्धक मुद्दामा भक्तपुर जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको महानगरीय प्रहरी परिसर भक्तपुरका सूचना अधिकृत प्रहरी नायब उपरीक्षक पोखरेलले बताउनुभयो।

# झारफुक गर्ने नाममा बलात्कार

बाँके, (नेस)

किशोरी बिरामी भइरहन्थिन्। धेरै ठाउँमा लगेर औषधी उपचार गरियो। केहीले नेपालगन्जमा राम्रो झारफुक गर्ने व्यक्ति छ, उसले 'चट्टै' निको पार्ने सल्लाह दिए। हाम्रो समाजमा अहिले पनि झारफुकप्रति विश्वास गर्ने जमात घटेको छैन।

बर्दियाकी १६ वर्षीया किशोरीलाई नेपालगन्जमा झारफुक गर्न ल्याइयो। वैशाखमा पहिलो पटक साइबाबाकहाँ ल्याइएको थियो। हात हेराउने, झारफुक गर्ने बाबाले किशोरीलाई हेरेपछि ६ महिनासम्म 'औषधी' गर्नुपर्ने बताए।

४६ वर्षीय अधिकारी थरका बाबाले किशोरीलाई उपचारको नाममा बलात्कार गरे। एकपटक होइन, पटक-पटक। झारफुक गर्ने निश्चित अवधि दिँदै बोलाउने र बलात्कार गर्ने काम भइरह्यो। कहिले आमा त कहिले दाइले किशोरीलाई फुकाउन ल्याउँथे। बाबाले 'कान फुक्ने बेलामा हेर्नु हुन्न' भनेर अभिभावकलाई बाहिर बसाइदिन्थे र, चुक्कुल लगाएर कोठाभित्र किशोरीलाई बलात्कार गर्थे।

अस्ति अर्थात् २० गते किशोरीको योनीबाट रगतको डल्लो खस्यो। आमाले देखिन्। कसरी, के भयो, सोधीखोजी भयो। त्यसपछि किशोरीले साइबाबाको कर्तुत बाहिर ल्याइन्। बाबाले बलात्कारमात्रै होइन, गर्भ नै बोकाएर पतन गराएका रहेछन्। बाबाले औषधी खुवाएर किशोरीको गर्भपतन गराएको खुलेको छ। यद्यपि, स्वास्थ्य परीक्षणको प्रतिवेदन आइसकेको छैन।

किशोरीका घरपरिवारले सबै कुरा थाहा पाएपछि बाबालाई कारबाहीका लागि प्रहरीमा जाहेरी दिएका छन्। प्रहरीले बाबालाई समातेर शुक्रबार म्याद थप गर्न अदालत लगेको छ। घरपरिवारका अनुसार, किशोरीलाई फुक्ने भन्दै बाबाले कोठामा लगेर बलात्कार गर्दोरहेछ।

# ३१ गतेदेखि कर्मचारीको देशव्यापी आन्दोलन

नेपाल समाचारपत्र

काठमाडौं

सरकारले सेवा सुविधामा विभेद गरेको जनाउँदै देशभरका विद्यालय कर्मचारीले भदौ ३१ गतेदेखि चरणबद्ध रूपमा आन्दोलन गर्ने भएका छन्।

पेशागत हकअधिकार, सेवा, सुविधा र सुरक्षाका लागि विगत ७ वर्षदेखि आफूले राख्दै आएका माग सुनुवाइ नभएको जनाउँदै विद्यालय कर्मचारीले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन्। विरोधका लागि विद्यालय कर्मचारी संयुक्त आन्दोलन परिचालन समिति गठन गरेर १ हप्ता लामो आन्दोलन गरी रिले अनशनदेखि आमरण अनशनसम्म गर्ने जनाएका छन्।

बिहीबार राजधानीमा समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा समितिका सह-संयोजक रतनबहादुर सिंहले लामो समयसम्म माग पुरा हुने प्रतीक्षामा बसे पनि सरकारले बेवास्ता गरेपछि आन्दोलनका कार्यक्रम सार्वजनिक गर्नुपरेको बताए। 'सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको भविष्य अन्योल र अनिश्चित हुन नदिन २०६७ साल माघ २३ गते सर्वोच्च अदालतले सेवा सुविधाका लागि 'सर्भिस ल' बनाउन फैलसा र पूर्वआदेशको सरकारले बेवास्ता गरेको छ।' समितिका संयोजक सिंहले भने- 'सरकारले शिक्षा ऐन आठौं संशोधनको दफा १६ ठ मा भएको कर्मचारीसम्बन्धी व्यवस्था कार्यन्वयन नगरी श्रमशोषण गरेको बताए।

हाल सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी दरबन्दी, समायोजन, पदस्थापन, आन्तरिक प्रतिस्पर्दा, तलबभत्ता, सञ्चयकोष, उपदान, बिमालगायतका अन्य विभिन्न सेवाबाट वञ्चित रहेका छन्।

नेपाल विद्यालय कर्मचारी युनियनका अध्यक्ष कमलप्रसाद खतिवडाले आफूहरूले बिगत लामो समयदेखि पटकपटक राखेका माग सुनुवाइ नभएकाले बाध्य भएर आन्दोलनका कार्यक्रम सार्वजनिक गर्नुपरेको बताए। भदौ ३१ बाट चरणबद्ध रूपमा शुरु गरिने आन्दोलनका लागि समितिले सर्वोच्च अदालतको फैसलाबमोजिमको 'सर्भिस ल' अविलम्ब कार्यान्वयन गर्नुपर्ने, शिक्षा ऐन आठौं संशोधनको दफा १६ ठ विद्यालय कर्मचारीसम्बन्धी व्यवस्था लागू गर्नुपर्ने लगायतका ४ वटा मागहरू रहेका छन्।

विद्यालय कर्मचारी संगठन नेपालका अध्यक्ष शंकरप्रसाद ढकालले ३१ गतेदेखि शुरु हुने आन्दोलनमा पहिलो दिन जिल्ला शिक्षा कार्यलय र शिक्षा विकास तथा समन्वय इकाइमा ध्यानाकर्षण गराउने र सोही दिनदेखि असोज १ गतेसम्म कालोपट्टी बाँधी काम गर्ने विरोधका कार्यक्रम रहेको बताए। यसरी नै असोज २ गते काठमाडौं जाऔं अभियानअन्तर्गत प्रधानाध्यापकलाई विद्यालयको तालाचाबी बुझाइ देशैभरिका सबै विद्यालय कर्मचारी रत्नपार्क शान्तिबाटीकामा भेला हुने कार्यक्रम रहेको छ।

३ गते माइतीघर मण्डलामा खालि प्लेट, चम्चासहित महिलाबाहेक अर्धनग्न (गन्जी) लगाएर भेला भई संविधानको धारा १२६ को उपधारा २ जलाउने विरोधको कार्यक्रम रहेको छ। ४ गते रत्नपार्कमा भेला भई ब्यानर, प्लेकार्डसहित प्रधानमन्त्री निवास पुगी प्रदर्शन गर्ने कार्यक्रम रहेको छ। ५ गते रिले अनशन शुरु गरी आवश्यकताअनुसार अर्को दिनदेखि न्यालीलगायतका विरोधका कार्यक्रम गर्दै आमरण अनशन गर्ने कार्यक्रम रहेको छ। आन्दोलित कर्मचारीले कूचीकारदेखि लेखापालसम्म तहअनुसार मासिक २ हजार, ४ हजार, ४ हजार ५ सय, ७ हजार ५ सय र ११ हजार ५ सय मात्र पाउँदै आएका छन्।

## हुम्ला...

त्रिपुराकोटदेखि दुनैसम्म पहिला नै सडक भए पनि राष्ट्रिय सडक सञ्जालमा जोडिएको थिएन। जाजरकोट त्रिवेणीदेखि त्रिपुराकोटसम्मको ३५ किमी खण्डमा नेपाली सेनाले ट्र्याक खोलिरहेको र चीनको मरिम्लादेखि दुनैतर्फ १३० किमिमध्ये ६५ किमि ट्र्याक खोलिसकिएको मगरले बताउनुभयो।

## ल्यापटप...

यसअघिको संविधानसभाबाट सुविधाका नाममा लगेका सबै सवारी फिर्ता भइसकेको कार्कीले बताउनुभयो। राष्ट्रियसभातर्फ सत्तापक्षका प्रमुख सचेतक, प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रमुख सचेतकका साथै अन्य २ दल राष्ट्रिय जनता दल (राजपा) का प्रमुख सचेतक र संघीय समाजवादी फोरम नेपालका प्रमुख सचेतकलाई सुविधाको गाडी उपलब्ध गराइएको छ।

सचिवालयमा विभिन्न किसिमका सवारी साधन रहेको र कतिपय बिग्रेर कामै नलाग्ने गरी थन्किएको कार्कीले बताउनुभयो। शाखाले १८ वटा गाडी लिलामीका लागि सूचना प्रकाशित गरिसकेको छ भने अर्को चरणमा लिलामीमा पर्ने गाडीको संख्या पनि १८ नै छ।

मन्त्रिपरिषद्को पटक-पटकको बैठकले पूर्वसभामुखलाई सवारी दिने निर्णय गरेको थियो। रामचन्द्र पौडेल, सुवासचन्द्र नेम्वाङ र ओनसरी घर्तीले गाडी प्रयोग गर्दै आउनुभएको सचिवालयको रेकर्डमा उल्लेख छ।

पौडेल २०५१ सालको प्रतिनिधिसभाको, नेम्वाङ २०६३ को पुनर्स्थापित संसद, २०६४ को पहिलो संविधानसभा र २०७० सालको दोस्रो संविधानसभाको पनि सभामुख हुनुहुन्थ्यो।

त्यसैगरी घर्ती २०७२ सालको नयाँ संविधान बनेपछि सभामुख बन्नुभएको थियो। उहाँ त्यसअघि उपसभामुख हुनुहुन्थ्यो। पूर्वसभामुखहरू दमननाथ ढुंगाना, तारानाथ रानाभाटले पछिल्लो समयमा मन्त्रिपरिषद्बाट निर्णय गराएर गाडी सुविधा लिनुभएको छैन। यो सुविधामा गाडीबाहेक अरू केही पनि सुविधा उपलब्ध गराइएको छैन।

## पुरस्कार...

संघीयता कार्यान्वयनको चरणमा कर्मचारी समायोजनदेखि कार्यसम्पादन समेतलाई सरकारका मन्त्रीहरू निकै असन्तुष्टि रहेको सन्दर्भमा यसपटक उत्कृष्ट कर्मचारी छनोट गर्न कसैले उत्साह देखाएको थिएन। यसअघिको कार्यकालमा सामान्य प्रशासनमन्त्री बनेको सबैको स्याबासी पाउन सफल लालबाबु पण्डितले पनि कर्मचारी समायोजनमा देखिएको जटिलताले गर्दा कर्मचारी संयन्त्रप्रति असन्तुष्टि पोख्दै आउनुभएको छ।

'यो पुरस्कार कसलाई दिने भन्नेमा मन्त्रालयका उच्चपदस्थ कर्मचारीहरू, मन्त्रीहरूको फरकफरक मत रहेको छ। जसलाई छनोट गरे पनि निर्विवाद बन्न नसक्ने अवस्थामा पनि रहेको छ। यसले गर्दा पुरस्कार दिन कसैले जाँगर देखाएन' -मन्त्रालयका एक उच्च अधिकारीले भन्नुभयो। त्यसैले बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले २ लाख रुपियाँ राशीको सर्वोत्कृष्ट निजामती सेवा पुरस्कारका लागि भने कुनै पनि कर्मचारी छनोट गरेन। बैठकले १० जनालाई उत्कृष्ट निजामती पुरस्कार र ३० जनालाई निजामती सेवा पुरस्कार दिने निर्णय गरेको थियो। १० जनालाई दिइने उत्कृष्ट निजामती सेवा पुरस्कारको राशि १ लाख र ३० जनालाई दिइने निजामती सेवा पुरस्कारको राशि ५० हजार रुपियाँ छ।

'नतिजामुखी प्रशासन, समृद्धि र सुशासन' भन्ने नारासहित यो वर्ष निजामती सेवा दिवस मनाइएको हो। दिवसको अवसरमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सिंहदरबारमा एक कार्यक्रमको आयोजना गरिएको छ। शुक्रबारको कार्यक्रममा यस वर्ष र गत वर्ष सम्मानका लागि छनोट भएका निजामती कर्मचारीहरूलाई सँगै सम्मान गरियो। गत वर्ष तराई-मधेसमा बाढी र डुबानको विपत्ति आएपछि निजामती सेवा पुरस्कार वितरण समारोह आयोजना गरिएको थिएन।

गत वर्ष सरकारले दीपक सुवेदी, डिल्लीराज घिमिरे, केवलप्रसाद भण्डारी, प्रेमलाल लामिछाने, इन्द्रप्रसाद आचार्य, जीवनप्रसाद सेढाईं, जगन्नाथ बराल, लक्ष्मीदत्त कलौनी, प्रल्हादकुमार योगी र अनिल खनाललाई जनही १ लाख रुपियाँ राशीको उत्कृष्ट निजामती सेवा पुरस्कारले सम्मान गर्ने निर्णय गरेको थियो। सो अवसरमा प्रधानमन्त्री केपी ओलीले खर्च कम र काम दोब्बर गर्न कर्मचारीलाई निर्देशन दिनुभयो। प्रधानमन्त्री ओलीले काम नगर्ने तर अधिकार प्राप्तिको नाममा आन्दोलन गर्ने कर्मचारीलाई कडा कारबाही गर्ने चेतावनी पनि दिनुभयो।

उहाँले राष्ट्र निर्माण गर्ने संकल्प पूरा हुने गरी दोब्बर काम गरेर उत्पादनलाई पनि दोब्बर वृद्धि गर्ने दायित्व पूरा गर्न कर्मचारीलाई सचेत गराउनुभयो। मुलुकमा संख्यात्मक हिसाबले कर्मचारीको अभाव नभएको उहाँले बताउनुभयो। विषयगत कर्मचारीको अभाव भएको भने स्वीकार गर्दै उहाँले त्यसलाई पूर्ति गर्दै लैजाने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

# भारतीय पूर्वप्रमद्वारा पशुपतिमा पूजा

काठमाडौं, (नेस)

भारतका पूर्वप्रधानमन्त्री एचडी देवेगौडाले पशुपतिनाथ मन्दिरमा विशेष पूजा गर्नुभएको छ। बिहीबार नेपाल आउनुभएका देवेगौडाले शुक्रबार बिहान झण्डै एक घण्टा लगाएर ५६ हजारको विशेष पूजा गर्नुभएको हो। पूजाका लागि उहाँसँगै आएका पूजारीहरू पनि पशुपति गएका थिए।

पूजा गरेर सकेपछि भारतीय पूर्वप्रधानमन्त्री देवेगौडाले पशुपतिको आगन्तुक पुस्तिकामा आफ्नो सन्देश पनि लेख्नुभएको थियो। पूर्वप्रधानमन्त्री देवेगौडाले पशुपतिमा केही वृद्धलाई दान गर्नुभएको थियो। उहाँलाई पशुपति विकास कोषले पशुपतिको प्रतिमा उपहारस्वरूप प्रदान गरेको थियो।

# अनाथ बालिकाहरूका नाममा खाता सञ्चालन

सल्यान, (नेस)

सल्यानको बागचौर नगरपालिका वडा नम्बर ४ सेतोगुराँसमा घर भत्किदा बाबुआमा गुमाएका अनाथ बालिकाका लागि खाता सञ्चालन गरिएको छ।

त्यस दुखद् घटनामा परि परिवार गुमाएका तीन बालबालिकालाई आर्थिक संकलन गर्न बैंकमा खाता खोलिएको हो। उनीहरूका हजुरबुवा देवीराम कामी संरक्षण रहने गरी मुक्तिनाथ विकास बैंक बागचौरमा खाता सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी कमलराज ढकालले बताउनुभयो। सुनौलो बाल बचत खोलिएका खातामा अनाथ बालिकाहरूलाई सहयोग गर्न चाहाने व्यक्ति तथा संस्थाले खाता नम्बर ०४३२०७००२९३२६००००००१ मा जम्मा गरी सहयोग गर्न सकिने प्रजिअ ढकालले बताउनुभयो। केही दिनअघि कर्णाली सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वाला र भौतिक पूर्वाधार मन्त्री खड्गबहादुर खत्रीले पीडित परिवारलाई प्रतिमृतक ३० हजारका दरले १ लाख ५० हजार राहत हस्तान्तरण गरेका थिए।

**जय अशोक विनायक बचत तथा ऋण सहकारी संस्था लि.
भिमसेनस्थान, काठमाडौंको
एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

आदरणीय शेयर सदस्यहरू,

यस संस्थाको सञ्चालक समितिको मिति [illegible] गतेको बैठकको निर्णय अनुसार यस संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न विषय उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण [illegible]

**छलफलका विषयहरू**

१. संस्थाको [illegible] आ.व. ०७४/०७५ को वार्षिक प्रतिवेदन प्रस्तुत।
२. सञ्चालक समिति लेखा समिति र ऋण उपसमितिको निर्वाचन सम्बन्धी।
३. आ.व. ०७५/०७६ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
४. आ.व. ०७५/०७६ को अनुमानित बजेट प्रस्तुत गर्ने सम्बन्धमा।
५. [illegible]
६. विविध।

**कार्यक्रम**
मिति : २०७५/०५/१५ गते शनिबार
समय : दिनको ठीक २:०० बजे
स्थान : [illegible], काठमाडौं

सञ्चालक समितिको आज्ञाले
सचिव

भावपूर्ण समवेदना



जन्म:
१९८७ जेष्ठ ११ गते

स्वर्गारोहण:
२०७५ भाद्र ११ गते

**स्व. केशरी लक्ष्मी**

यस संस्थाका शुभचिन्तक तथा प्रसिद्ध उद्योगपति
श्री पद्मज्योति तथा पूर्व अर्थ राज्यमन्त्री डा.रुप ज्योतिका
ममतामयी माता **केशरी लक्ष्मी** स्वर्गारोहण भएको
आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको
कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै यस दुःखको घडीमा शोकसन्तप्त ज्योति समूह
परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि श्री परमेश्वरसंग
प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं।

**पुष्करलाल श्रेष्ठ**
प्रधान सम्पादक
**दिरेकलाल श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत
तथा
**कामना न्यूज पब्लिकेशन्स परिवार**

2018, SEP
Saturday
8

# अर्थ

विपन्न वा न्यून आय भएका व्यक्तिले लघु उद्यम तथा व्यवसाय सञ्चालन गर्न यसअघिको एक लाख रुपियाँसम्मको सिमा बढाएर तीन लाखसम्म लघु कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ।






## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ २३, सेप्टेम्बर ८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११४।४८ | ११५।०८ |
| युरो १ को रू. | १३२।८८ | १३३।५८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४८।७८ | १४९।५६ |
| स्विस फ्रन्क १ को रू. | ११८।५४ | ११९।१६ |
| अस्ट्रेलियन डलर १ को रू. | ८२।०० | ८२।४३ |
| क्यानाडियन डलर १ को रू. | ८७।१९ | ८७।६५ |
| सिङ्गापुर डलर १ को रू. | ८३।२१ | ८३।६५ |
| जापानी यन १० को रू. | १०।३३ | १०।३८ |
| चिनियाँ युआन १ को रू. | १६।७३ | १६।८२ |
| साउदी अरब रियाल १ को रू. | ३०।५२ | ३०।६८ |
| कतारी रियाल १ को रू. | ३१।४४ | ३१।६१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४९ | ३।५१ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।१७ | ३१।३३ |
| मलसियन रिङ्गिट १ को रू. | २७।६२ | २७।७६ |
| दक्षिण कारियन वन १०० को रू. | १०।२० | १०।२५ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६३ |
| डेनिस क्रानर १ का रू. | १७।८२ |
| हङकङ डलर १ का रू. | १४।५८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# शेयर बजारमा उत्साह

**नेपाल समाचारपत्र**
काठमाडौं

लामो समयसम्म निरन्तरको गिरावटका कारण घटेको शेयर बजारमा यस साता वृद्धि भएको छ। यस साताको अन्तिम कारोबार दिन नेप्सेमा गिरावट आए पनि समग्रमा यससाता लगानीकर्ताका निम्ति उत्साहप्रद नै रह्यो। नेप्से परिसूचक साताको पहिलो दिनको तुलनामा ३९ दशमलव ४९ अंकले बढेर अन्तिम दिन १२२९ दशमलव ७७ अंकमा पुगेर बन्द भएको छ। यससँग समग्र बजार पुँजीकरण १४ खर्ब ६४ अर्ब ६५ करोड ४६ लाख रुपियाँ पुगेको छ।

यस साता कुल १९३ कम्पनीको शेयर ३२ हजार २८५ पटक कारोबारबाट २ अर्ब ८८ करोड ५४ लाख ९० हजार रुपियाँ बराबरको १ करोड २ लाख ५५ हजार ५ सय ८० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा २५९.३४ प्रतिशत बढी हो। गत साता १८० कम्पनीको कारोबार भएको थियो। जस अनुसार ११ हजार ७८८ कारोबारबाट ८० करोड ३० लाख ७ हजार रुपियाँ बराबरका २५ लाख ४२ हजार ७ सय १० कित्ता शेयर खरिद बिक्री भएका थिए।

यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा ८ दशमलव ५५ अंकले बढेर २६० दशमलव ३५ अंकमा पुगेको छ। यस साता कारोबार रकम (२२ करोड ५० हजार, कारोबार भएको शेयर संख्या (६ लाख ६४ हजार कित्ता) र कारोबार संख्या (१५४६ वटा) को आधारमा एनएमबि बैंक अग्रस्थानमा रहेको छ। यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन खुला रह्यो। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन। यस साता नेपाल स्टक एक्सचेन्जमा तीनवटा कम्पनीको ६८ लाख ९ हजार ६३३ दशमलव ९४ कित्ता शेयर सूचीकृत भएका छन्।

प्रभु बैंकको २३ लाख २६ हजार २७८ कित्ता र ग्रिन डेभलपमेन्ट बैंकको ४० लाख कित्ता हकप्रद शेयरमा तथा एसियन लाइफ इन्स्योरेन्सको बोनस शेयर ४ लाख ६३ हजार ३५५ दशमलव ९४ कित्ता शेयर सूचीकृत भएको छ।

### सातामा सर्वाधिक रकमको कारोबार भएका ५ कम्पनी

| क्र.सं. | कम्पनीको नाम | कारोबार रकम (रु. १० लाखमा) |
|---|---|---|
| १ | एनएमबि बैंक लिमिटेड | २२०.०५ |
| २ | एनआइसी एसिया बैंक लिमिटेड | २०८.६३ |
| घ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १५०.८१ |
| ४ | कुमारी बैंक लिमिटेड | १२३. ७४ |
| ५ | नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड संस्थापक | १२२. ३१ |

# मोटरबाटो नभए पनि २० लाखसम्म कर्जा

**नेपाल समाचारपत्र**
काठमाडौं

व्यावसायिक कृषि तथा पशुपालन, साना तथा मझौला व्यवसाय एवम् भूकम्पबाट प्रभावित क्षेत्रमा आयमूलक क्रियाकलापलाई प्रोत्साहन गर्न ऋण तिर्न सक्ने क्षमताको आधारमा मोटरबाटो नभएको स्थानको धितोलाई समेत स्वीकार गरेर २० लाखसम्म कर्जा प्रवाह गर्न सक्ने व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको छ।

नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिका २०७५ अनुसार सुन्तला कागती, चियाजस्ता कृषि उत्पादनमूलक व्यवसाय र पशुपालन तथा दुग्धजन्य व्यवसायका लागि परियोजना धितोमा १५ लाखसम्म कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ।

त्यस्तै बैंक तथा वित्तीय संस्थाबाट एक करोड वा सोभन्दा बढी एकमुष्ट तथा छुट्टाछुट्टै कर्जा लिने ऋणीले अनिवार्य पान लिनुपर्ने व्यवस्था गरेको छ। साथै ऋणी कुनै समूहमा आबद्ध भएर त्यस्तो समूहबाट ऋण लिन चाहेमा पनि स्थायी लेखा नम्बर लिनुपर्ने नयाँ व्यवस्था गरिएको छ। साथै वित्तीय संस्थाले कर्जाको रकम निकासा गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा नै खाता खोली एकाउन्टपेयी चेकमार्फत कर्जा प्रवाह गर्नुपर्ने छ।

विपन्न वा न्यून आय भएका व्यक्तिले लघु उद्यम तथा व्यवसाय सञ्चालन गर्न यसअघिको एक लाख रुपियाँसम्मको सिमा बढाएर तीन लाखसम्म लघु कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

त्यस्तै वित्तीय संस्थामा काम गर्ने सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकले शिक्षा, हायर पर्चेज, घर तथा घरायसी कर्जा बाहेक अन्य कर्जा लिन नपाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ। राष्ट्र बैंकले तीन महिनासम्म भाखा नाघेका कर्जालाई असलमा राख्ने व्यवस्थालाई संशोधन गर्दै महिना दिनमा झारेको छ। भाका नाघेमा त्यस्तो ऋणको नोक्सानी व्यवस्थापन वापत पाँच प्रतिशत छुट्याउनुपर्ने व्यवस्था गरेको छ।

राष्ट्र बैंकले लघु, घरेलु तथा साना व्यवसायलाई २५ लाखसम्मको चालू पुँजी प्रकृतिको कर्जा प्रवाह ५० लाख पुर्‍याएको छ। बैंक तथा वित्तीय संस्थाले ५० करोड वा सोभन्दा बढी कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह तथा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ एजेन्सीबाट गरिएको रेटिङलाई कर्जा मूल्यांकनको आधार मानिने छ।

५० लाखसम्मको तथा सोभन्दा बढीको कर्जा बक्यौत्ता भुक्तानी गर्दा कर्जा लिँदाको बखतमा तोकिएको शर्त वा ब्याजदर परिवर्तन भएका कारण अग्रिम कर्जा भुक्तान गर्न चाहेमा यस्तो कर्जा लिने व्यक्तिसँग कुनै शुल्क लिन पाइने छैन।

साथै परियोजना कर्जाको हकमा कर्जा लिँदा ऋणीको सहमतिबिना बैंकले मात्रै एकतर्फी रूपमा शर्त परिवर्तन गरेमा ऋणीले कर्जा भुक्तान गर्न चाहेमा कुनै शुल्क तिर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

# धान र मकैमा मात्रै सवा सात अर्ब रकम बाहिरियो

**कृष्णउदास खनाल, वीरगन्ज**

नेपाल कृषि प्रधान देश भए पनि प्रमुख खाद्यवाली धान र मकै आयातमा मात्र एक वर्षमा सवा सात अर्ब रकम बाहिरिएको छ। गत आर्थिक वर्ष २०७४/७५ मा वीरगन्ज भन्सार नाकाबाट मात्र धान र मकै आयातमा ७ अर्ब १९ करोड ५३ लाख ३८ हजार रुपियाँ बाहिरिएको हो। अघिल्लो आर्थिक वर्ष २०७३/७४ को भन्दा १ अर्ब ६४ करोड ९९ लाख ९ हजार रुपियाँ बढी रहेको वीरगन्ज भन्सार कार्यालयको तथ्यांगमा उल्लेख छ। अघिल्लो आर्थिक वर्षमा पनि वीरगन्ज





नाकाबाट ५ अर्ब ५४ करोड ५४ लाख २९ हजार रकम धान र मकै आयातमा बाहिरिएको वीरगन्ज भन्सार कार्यालयको तथ्यांकमा छ। गत आर्थिक वर्षमा १२ करोड ३५ लाख ४९ हजार २८७ किलो धान खरिद गर्दा वीरगन्ज नाकाबाट मात्रै ३ अर्ब ४० करोड ३७ लाख ९७ हजार रुपियाँ बाहिरिएको छ। आर्थिक वर्ष २०७३/७४ को भन्दा ४० करोड ५५ लाख ८७ हजार बढी हो। आर्थिक वर्ष २०७३/७४ मा ११ करोड ६० लाख १८ हजार ८६७ किलो धान भित्रिएको तथ्यांकले देखाएको छ।

मकै खरिदमा तीन अर्ब ७९ करोड १५ लाख ४१ हजार रुपियाँ गत आर्थिक वर्षमा मात्र बाहिरिएको छ। यो अघिल्लो आर्थिक वर्षभन्दा एक अर्ब २४ करोड ४३ लाख २२ हजारले बढी हो। अघिल्लो आर्थिक वर्ष दुई अर्ब ५४ करोड ७२ लाख १९ हजारको १४ करोड २१ लख २६ हजार ३६५ किलो मकै आयात भएको थियो। तर, आर्थिक वर्ष २०७४/७५ मा आयातको परिणाम पनि ६७ लाख ८० हजार ३४६ किलो बढी हुँदा मुलुकबाट बाहिरिने लागत पनि भन् बढेको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष यादवले बताउनुभयो।

ऐनअनुसार बाहिरबाट आयात भएका प्रमुख २० वस्तुको लिस्टमा खाद्यान्न मकै १६ नम्बर र धान २० नम्बरभित्र रहेको छ। गत आर्थिक वर्ष वीरगन्ज भन्सारबाट सबैभन्दा बढी मूल्य बाहिरिएका मालवस्तुको टप २० आइटमु मा हाइस्पिड डिजेल पहिलो नम्बरमा परेको छ। यसमा मात्र ४४ अर्ब १६ करोड तीन लाख २९ हजार रकम मुलुकबाट बाहिरिएको छ। त्यसैगरी लोडर स्क्याभेटर मुलुकको रकम बाहिरिने दोस्रो नम्बरमा दर्ज भएको छ। एलपी ग्याँस तेस्रो, औषधि एलोपेथिक चौथो, पेट्रोल पाँचौं, मोटर साइकल छैटौं, भटमासको तेल कच्चा सातौं, एचआरसीट आठौं, एमएस बिलेट नवौं र एटीएफ दशौं नम्बरमा रकम बाहिरिने मालवस्तु रहेका छन्।

# खाद्य स्वच्छता अभियान सञ्चालन गरिंदै

**नेपाल समाचारपत्र**
काठमाडौं

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देशभर सबै सरोकारवाला निकायको सहभागितामा खाद्य स्वच्छता अभियान सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

पिउने पानी, प्रशोधित दूध तथा खाने तेलको स्वच्छता र गुणस्तरमा उल्लेख्य सुधार गरी आम उपभोक्ताको विश्वास अभिवृद्धि गर्ने उद्देश्यले उक्त अभियान सञ्चालन गर्न लागिएको हो। मन्त्रालयले भदौ अन्तिम सातादेखि शुरू हुने अभियानको पूर्व तयारी स्वरूप मातहतका निकाय र सरोकारवालासँग छलफल गरी सुझाव संकलनसमेत गरेको छ। उक्त अभियान केन्द्रमा प्रधानमन्त्रीबाट र सातै प्रदेशमा प्रदेशका मुख्यमन्त्रीहरूबाट शुरू गर्ने मन्त्रालयको तयारी छ।

कृषि तथा पशुपन्छी मन्त्री चक्रपाणी खनालले अहिले सञ्चालनमा ल्याईने खाद्य सुरक्षा तथा गुणस्तर अभियान हिजोको निरन्तरता नभएको बताउनुभयो। 'खाद्य वस्तुमा कुनै पनि हालतमा सम्झौता गरिनु हुन्न। सम्बन्धित निकाय खाद्यान्न, दूध, पानी जस्ता अत्यावश्यक वस्तुमा पनि जिम्मेवार नभए सरकार कठोर भएर अघि बढ्छ। यसअघि पनि यस्ता कार्यक्रम सञ्चालनमा आएका भए पनि सबै निकम्मा भएका छन। तर, यो कार्यक्रम पहिलेका कार्यक्रम जस्तो होइन।

हामी सशक्त भएर अघि बढ्छौं,' मन्त्री खनालले भन्नुभयो। खाद्य सुरक्षा र गुणस्तर कायम नराख्ने उद्योगी, व्यवसायीलाई सम्झाई बुझाई गर्दा पनि जिम्मेवार भएनन् भने कानुनको अन्तिम अस्त्र प्रयोग गरिने उहाँको भनाइ छ। 'म अराजक ढंगले अघि बढौं भन्दिन। तर, कानुनको पालना गर्दै त्यहीअनुसार अघि बढौं,' उहाँले भन्नुभयो। हाल खाद्य स्वच्छता नीति र कानुन निर्माणको काम अघि बढिरहेको जानकारी दिँदै मन्त्री खनालले हाल 'प्यारालाइज्ड' अवस्थामा रहेका मन्त्रालय मातहतका निकायहरू लाई सशक्त र सबल बनाउनसमेत निर्देशन दिनुभयो।

अभियानका लागि बजेट ब्यवस्थापन गर्न चालू आर्थिक वर्षमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृत वार्षिक कार्यक्रमअनुसार खाद्य पोषण तथा प्रविधि कार्यक्रमबाट खर्च गरिनेछ भने अपुग रकम विभागबाट विस्तृत कार्यक्रम बजेट प्रस्ताव तयार गरी मन्त्रालय पठाउने तर मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा पेश गरी थप बजेट मागिने मन्त्री खनालले बताउनुभयो। यस अभियानमार्फत् पिउने पानी, प्रसोधित दूध तथा खाने तेलको स्वच्छता र गुणस्तरमा उल्लेख्य सुधार गरी आम उपभोक्ताको विश्वास अभिवृद्धि गर्ने, गुणस्तर नियमन कार्यको प्रभावकारितामा वृद्धि ल्याउने र स्वच्छता एवम् गुणस्तरसँग सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने मुख्य उद्देश्य रहेको छ।

उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँले सरकारले अघि सारेको अभियान प्राविधिक मात्र नभई व्यवहार पनि लागुहुने खालको हुनुपर्ने धारणा राख्नुभयो। 'खाद्य सुरक्षा र गुणस्तरका उपभोक्ता हितसम्बन्धी विषयहरू कार्पेट मुनिको विषयवस्तु जस्तो भएको थियो अहिले कार्पेटमाथि आएको छ। खाद्य स्वच्छता नीति र ऐन विना अभियान सफल हुँदैन। त्यसैले कानुन निर्माणको कामलाई प्राथमिकतामा राखियोस्।' बानियाँले भन्नुभयो।

अभियान प्रथम चरणमा सबै प्रदेशका प्रमुख शहर तथा महानगरपालिका र उप-महानगरपालिका तथा दोश्रो चरणमा मुख्य-मुख्य बजार क्षेत्र र नगरपालिकाहरूमा केन्द्रित हुनेछ। उक्त अभियान सञ्चालन गर्नका लागि चारवटा समिति गठन गरिएका छन। जसअन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय अभियान निर्देशक समिति, कृषि सचिवको अध्यक्षतामा अभियान अनुगमन तथा मूल्यांकन समिति, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशकको अध्यक्षतामा केन्द्रीय अभियान सञ्चालन समिति र सबै प्रदेशमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका कार्यालय प्रमुखको अध्यक्षतामा अभियान सञ्चालन समिति गठन गरिएको छ।




२०७५, भदौ
शनिबार
२३

द्विपक्षीय छलफलबाट मुख्यतया बन्दरगाहको पहुँच, सडक र रेलमार्गको विस्तारका विषयमा नेपालले प्रस्ताव राखेको र स्वीकृत पनि भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालका सहसचिव नवराज ढकालले बताउनुभयो। ढकालका अनुसार हाल चलिरहेको बैठकले चीनको मार्ग हुँदै तेस्रो मुलुकसँग व्यापार गर्नेसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने विषयलाई अन्तिम रुप दिइएको छ।

अर्थ

# १८ करोड बक्यौता राखेको एयर एसियाले उडान बन्द गर्दै



**नेपाल समाचारपत्र**

काठमाडौं

मलेसियाको निजी हवाई सेवा प्रदायक कम्पनी एयर एसिया एक्सको काठमाडौं उडान बन्द गर्ने भएको छ। असोज २७ गतेदेखि कम्पनीले उडान बन्द गर्ने भएको छ।

'हामीलाई एयर एसियाबाट असोज २७ गतेदेखि नेपाल उडान बन्द गर्ने औपचारिक पत्र प्राप्त भएको छ,' त्रिभुवन विमानस्थलका महाप्रबन्धक राजकुमार क्षेत्रीले भन्नुभयो। मलेसियामा नेपाली कामदार जानमा रोकिएपछि विमानबाट मलेसिया जाने यात्रु कम हुँदा कम्पनी घाटामा चलिरहेको थियो। कम्पनीले त्रिभुवन विमानस्थललाई सेवा उपयोग गरेवापत तिर्न बाँकी रहेको बक्यौतामध्ये २३ करोड रुपियाँ चुक्ता गरेको थियो, भने अझै १८ करोड रुपियाँ बक्यौता रहेको छ। जसमा ५ करोड सेवा शुल्क र १३ करोड विलम्व शुल्क रहेको छ। यता कम्पनी बक्यौता रकम बाँकी हुँदा कम्पनीले उडान बन्द गर्नुमा कतै बक्यौता नतिर्ने रणनीति भएको हल्ला चले पनि विमानस्थलले भने बक्यौता रकम उठाइ छाड्ने जनाएको छ। कम्पनीले उडान बन्द गर्नु भन्दा पहिले नै बक्यौता उठाई सक्ने महाप्रवन्धक क्षेत्रीले बताउनुभयो।

मलेसियाबाट काठमाडौं र काठमाडौंबाट मलेसिया सीधा उडान गर्दै आएको उक्त कम्पनीले अवतरण शुल्क, पार्किङ शुल्क, विमानस्थल विकास शुल्क, कोठा भाडालगायतको करिब ३ वर्ष यताको बक्यौता तिर्न बाँकी रहेको थियो।

# चीनका बन्दरगाहबाट नेपालले तेस्रो मुलुकमा व्यापार गर्ने

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालले चीनका ३५ भन्दा बढी ठूला र २ हजारभन्दा बढी सामुन्द्रिक बन्दरगाहमार्फत् तेस्रो वैदेशिक व्यापार गर्ने गरेको छ।

चीनका बन्दरगाहमार्फत् नेपालले तेस्रो मुलुकमा व्यापार गर्नका लागि दुई देशबीच भएको नेपाल-चीन पारवहन यातायात सम्झौताको 'प्रोटोकल' को विषय अन्तिम निश्कर्षमा पुगेपछि नेपालका लागि उक्त बाटो खुलेको हो। काठमाडौंमा भएको दुई देशका उच्च अधिकारीबीचको तेस्रो बैठकले नेपाल-चीन पारवहन यातायात सम्झौताको 'प्राटोकल'लाई अन्तिम रुप दिएको हो। बैठकमा नेपालले हालसम्म अस्तित्वमा रहेका सबै बन्दरगाहमा पारवहन पहुँच तथा सबै सामुन्द्रिक तथा सुक्खा बन्दरगाहमा पारवहन सुविधा दिन चिनियाँ पक्षसँग आग्रह गरेको हो।

चिनियाँ पक्षले पनि उक्त आग्रह स्वीकारेको छ। बैठकमा तेस्रो मुलुकबाट चीन हुँदै नेपालमा वस्तु आयात गर्दा प्रयोग हुने तान्जिन, सेञ्जेन, झाङजिङलगायतका खुला सामुन्द्रिक बन्दरगाह तथा लाङझाउ, ल्हासा, सिगात्सेलगायतका भन्सारसँग सम्बन्धित प्रक्रिया, यातायातको माध्याम, ढुवानी प्रक्रियालगायतका पारबहन सम्बन्धी विषयमा छलफल भई प्रोटोकलको मस्यौदालाई अन्तिम रुप दिइएको हो। प्रधानमन्त्री केपी शर्मा ओली अघिल्लोपटक प्रधानमन्त्री भएको बेला चीन भ्रमणमा जाँदा व्यापार तथा पारवहन सम्झौताको प्रोटोकलमा हस्ताक्षर भएको थियो। प्रधानमन्त्री ओलीको गत असारमा भएको चीन भ्रमणका क्रममा सो प्रोटोकल अगस्ट अन्त्यसम्म टुंग्याउने सहमति गरेका थिए।

उक्त सहमति कार्यान्वयनका लागि दुई देशका सहसचिव स्तरीय बैठक शुरू गरिएको हो। भूपरिवेष्ठित मुलुकले तेस्रो मुलुकसँगको व्यापार पहुँचका लागि छिमेकी मुलुकको सामुन्द्रिक बन्दरगाह उपयोग गर्न पाउने अन्तर्राष्ट्रिय कानुन छ। संयुक्त राष्ट्र संघले भूपरिवेष्ठित मुलुकलाई सामुद्रिक पहुँच दिने विषयमा जारी गरेको अन्तर्राष्ट्रिय कानुन 'ल अफ सी, १९८२ बमोजिम नेपालले भारत र चीन दुवै मुलुकका सामुद्रिक बन्दरगाह प्रयोग गर्न पाउनुपर्ने हो। तर, नेपालले भने भारतका बन्दरगाह प्रयोग गर्दै आएको भए पनि चीनका बन्दरगाह भने तेस्रो मुलुकसँगको व्यापारका लागि प्रयोग गर्न सकेको छैन।

२०७२ चैतमा नै नेपाल र चीनबीच भएको व्यापार तथा पारवहन सम्झौता भए पनि त्यसको कार्यान्वयनका लागि प्रोटोकलको विषय भने हालसम्म पनि टुंगिएको थिएन। द्विपक्षीय छलफलबाट मुख्यतया बन्दरगाहको पहुँच, सडक र रेलमार्गको विस्तारका विषयमा नेपालले प्रस्ताव राखेको र स्वीकृत पनि भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालका सहसचिव नवराज ढकालले बताउनुभयो। ढकालका अनुसार हाल चलिरहेको बैठकले चीनको मार्ग हुँदै तेस्रो मुलुकसँग व्यापार गर्नेसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने विषयलाई अन्तिम रुप दिइएको छ।

दुई दिनेसम्म चल्ने बैठकमा ११ सदस्यीय नेपाली प्रतिनिधि मण्डलको तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रविशंकरर सैंजुले गरेका छन् र ९ सदस्यीय चिनियाँ पक्ष संलग्नको नेतृत्व चीनका यातायात विभागका महानिर्देशक वाङ सि पिङले गरेका छन्। नेपालबाट भारतको कलकत्ता बन्दरगाह सबैभन्दा नजिकको बन्दरगाह मानिन्छ।

## खुकुरी रम थ्री एक्स सन डाउन अफेयरको छैठौं संस्करण




काठमाडौं, (नेस)

नेपाल डिस्टिलरीले 'खुकुरी रम थ्री एक्स सन डाउन अफेयर' श्रृंखला अन्तर्गतको शनिबार ललितपुरस्थित द फोयरमा आयोजना गर्ने भएको छ। आफ्नो ब्रान्ड प्रवर्द्धन गर्ने क्रममा सन डाउन अफेयरले ग्राहकलाई लाइभ म्युजिकसहित विभिन्न कक्टेलको अनुभव लिने अवसर प्रदान गर्दछ।

खुकुरी थ्री एक्स रमद्वारा साप्ताहिक रुपमा आयोजना गरिने सन डाउन अफेयरले स्थानीय तथा अन्तर्राष्ट्रिय डिजेहरूको सांगीतिक प्रस्तुति सहित अन्तर्राष्ट्रिय मिक्सोलोजिस्ट दिन हसन तथा एमी श्रोफद्वारा डिजाइन गरिएको विशेष कक्टेल मेन्युको स्वाद लिने अवसर प्रदान गर्ने जनाएको छ। यसपटकको कार्यक्रम सन डाउन अफेयरको छैठौं संस्करण हो। जहाँ डिजे सुमित, डिजे फ्याटफ्रग, डिजे सेरिङ, डिजे पिएस वाई निन्जा तथा डिजे फुच्चेले ट्रान्स संगीत प्रस्तुत गर्नेछन्।

यसअघि नै खुकुरी रमले सन डाउन अफेयर श्रृंखला अन्तर्गतका पाँच विभिन्न कार्यक्रम आयोजना गरिसकेको छ।

## एपेक्स काण्डका धितालले एनसीसी छोडे

# राष्ट्र बैंकका कर्मचारीले फसाएको आरोप

**नेपाल समाचारपत्र**

काठमाडौं

तत्कालीन एपेक्स डेभलपमेन्ट बैंकमा भएको १ अर्ब ५० करोड ९६ लाख रुपियाँ बराबरको घोटाला प्रकरणमा ४ महिनाअघि पक्राउ परेका तत्कालीन एपेक्स बैंकका अध्यक्ष विष्णु धितालले एनसीसी बैंकको सञ्चालक समितिबाट राजीनामा दिएका छन्।

केही समयअघि उच्च अदालत पाटनबाट धरौटीमा रिहा भएका धितालले आफूलाई राष्ट्र बैंकका कर्मचारीले सुनियोजित रुपमा फसाएको आरोप लगाएका छन्। शुक्रबार एनसीसी बैंकको सञ्चालक समितिबाट राजीनामा दिएका धितालले एनसीसी बैंकलाई राष्ट्र बैंकको आन्तरिक राजनीतिको चेपुवामा पारेको नेपाल समाचारपत्रसँग बताए। एपेक्स घोटाला प्रकरणसँग जोडेर नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाललाई हटाउने गरी राष्ट्र बैंककै कर्मचारीको 'ग्रँन्ड डिजाइन'मा एपेप्स काण्ड तयार पारिएको धितालको भनाइ छ। राष्ट्र बैंकले आन्तरिक अनुसन्धान नै नगरी मुद्दा सीआईबीमा पठाएर राष्ट्र बैंकका केही खराब कर्मचारी र एनसीसी बैंकभित्रका माफियाले सुनियोजित रुपमा आफुहरूलाई फसाएको उनको आरोप छ।

२०७२ मंसिर ११ गते नेपाल क्रेडिट एन्ड कमर्स बैंक र तत्कालीन एपेक्स डेभेलपमेन्ट बैंक मर्जरमा जाने औपचारिक सहमतिपछि त्यसको फाइदा उठाउँदै एपेक्स बैंकका तत्कालीन अध्यक्ष, सञ्चालकलगायत उच्च कर्मचारीको मिलेमतोमा अनियमित प्रक्रियाबाट कर्जा प्रवाह गरेको आरोपमा सीआईबीले चार महिनाअघि २१ जनालाई पक्राउ गरेको थियो। तर, धितालले भने मर्ज हुने समयमा राष्ट्र बैंकका प्रत्यक्ष निगरानी र निर्देशनमा मर्ज भए पनि त्यसको २ वर्षपछि आफूलाई दु:ख दिने नियतले नै कारबाही गरिएको बताए। 'त्यो कारबाही राष्ट्र बैंकको क्षेत्राधिकारभित्र थियो। तर, सीआईबीलाई फाइल पठाएर आतंकारी शैलीमा मलाई पक्राउ गरियो।' धितालले भने।

राष्ट्र बैंकका अनुसार तत्कालीन एपेक्स डेभलपमेन्ट बैंकका सञ्चालक तथा उच्च तहमा रहेका कर्मचारीको मिलेमतोमा तत्कालीन एपेक्स डेभलपमेन्ट बैंकले कमसल धितो प्रयोग गरी ऋण प्रवाह गरेको भेटिएको थियो। दरबारमार्ग, लोकन्थली, इटहरी, सुर्खेत र नेपालगन्ज शाखाबाट अनियमित प्रक्रियाबाट कर्जा प्रवाह गरी बैंकलाई १ अर्ब ५० करोड ९६ लाख ३३ हजार ९ सय ८४ रुपियाँ नोक्सानी पुर्‍याएको भन्दै राष्ट्र बैंकले थप अध्ययनका लागि सीआईबीलाई जिम्मा लगाएको थियो।

## सेलियाको थिङ एन्ड ग्रो वर्कसप

काठमाडौं, (नेस)

सेलिया गेट्सको थिक्र एन्ड ग्रो वर्कसप सम्पन्न भएको छ। गेट्स एक लेखिका तथा आन्टरप्रेनर हुन्।

झण्डै सय जनाभन्दा बढीको सहभागिता रहेको कार्यक्रमको पहिलो सेसनमा नयाँ विचार र आविष्कार, दिगो व्यापार रहेको थियो भने दोस्रो सेसनमा एड्भान्स अग्रिम सोचको अभ्यास र तेस्रो सेसनमा पर्पोज प्यारासुट्स, दिगो व्यवसायको योजना र बजार केन्द्रित आविष्कारको रहेको थियो। अन्त्यमा सहभागीले सुमन शाक्य र मदन लम्सालको साथमा सेलिया गेट्ससँग प्रश्न उत्तर कार्यक्रम गरेका।

कार्यक्रमको आयोजना नेपाल आन्टरप्रेनर हबले गरेको हो, जसमा सहआयोजक आइएए नेपाल च्याप्टर रहेको थियो भने द हिमालयन टाइम्स मिडिया पार्टनर, सिल्भर पार्टनर किङ्स कलेज, बेवरेज पार्टनर कोकाकोला र इन्टरनेट पार्टनर भाएनेट रहेको थियो।

## टुरिस्ट गाइडको पारिश्रमिकमा वृद्धि

काठमाडौं, (नेस)

टुरिस्ट गाइडहरूको छाता संगठन टुरिस्ट गाइडह एसोसिएसन अफ नेपाल (टुर्गान) ले १ जनावरी २०१९ बाट लागू हुने गरी टुरिस्ट गाइडको पारिश्रामिक वृद्धि गर्ने निर्णय गरेको छ।

टुर्गानको आकस्मिक बैठकले आवश्यक छलफल र बहसपछि टुरिस्ट गाइडको हाल खाइपाई आएको पारिश्रमिकमा औसत ४० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको हो। 'पर्यटकलाई दिने सेवा सुविधावापत टुरिस्ट गाइडले पाउने गरेको पारिश्रमिकलाई मध्यनजर गरी बढाउने निर्णय गरेका हौं,' टुर्गानका अध्यक्ष केदार तामाङले भन्नुभयो गाइड भनेका पर्यटकको पहिलो आधारशीला हुन त्यहीं भएर हाम्रो निर्णय कडाइका साथ कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराउँछौं।

टुर्गानका अनुसार देशको बढ्दो महँगी तथा समयअनुकुल आर्थिक नीतिका कारण दैनिक उपभोग्य वस्तुदेखि हरेकमा वृद्धि भए पनि विगत पाँच वर्ष देखि गाइडको पारिश्रमिक बढ्न सकेको थिएन।



# पर्यटकको बसाई र खर्च घट्दै



**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले पर्यटन प्रवर्द्धनका निम्ति विभिन्न महत्वाकांक्षी कार्यक्रम सञ्चालन गर्दै आएको भए पनि पर्यटकको नेपाल बसाई अवधि र खर्चको सीमा घट्दै गएको छ। नेपाल पर्यटन बोर्डको तथ्यांकमा अघिल्ला वर्षको तुलनामा पर्यटकको नेपाल बसाई छोट्टिँदै गरेको छ।

सन् २०१५ मा औसतमा एक जना विदेशी पर्यटकले १३ दशमलव १६ दिन नेपाल बसेकोमा सन् २०१६ मा पर्यटकको बसाई छोटिएर १३ दशमलव ४ दिन कायम रहेको थियो।

बोर्डका अनुसार २०१७ मा पर्यटकको नेपाल बसाई १२ दशमलव ६ दिनमा सीमित हुन पुगेको थियो। सरकारले सन् २०२० सम्म २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य लिएको हुँदा पर्यटकको बसाई अवधि लम्ब्याउनको लागि थप सय नयाँ पर्यटकीय गन्तव्य विकास गर्ने कार्यक्रम अगाडि सारेको छ। नयाँ पर्यटकीय गन्तव्य पहिचानका लागि सरकारले ५० करोड रुपियाँ बजेट विनियोजन गरेपछि नेपाल पर्यटन बोर्डले काम गरिरहेको छ।

सरकारले पर्यटकको बसाई अवधिलाई बढाएर २०१८ मा १४ दिन र २०१९ मा १५ दिन पुर्‍याउने लक्ष्य लिएको छ। पर्यटनविद् प्रचन्डमान श्रेष्ठका अनुसार भूकम्पपछि ट्रेकिङ रुटमा भएको क्षतिका साथै अन्य पर्यटकीय गतिविधि बढन् नसकेका कारण सन् २०१६ र २०१७ मा पर्यटकको बसाई अवधि लम्बिन नसकेको हो। ट्रेकिङ रुटमा धेरै दिनसम्म पर्यटकीय गतिविधि हुने हुँदा बसाई अवधि लम्बिने श्रेष्ठको धारणा छ।

त्यस्तै सन् २०१७ मा हवाई मार्गबाट ९ लाख ४० हजार पर्यटकले नेपाल भ्रमण गरेका थिए। ९ लाख ४० हजार पर्यटकले औसत प्रतिव्यक्ति ५३ अमेरिकी डलर खर्च गर्दा ५० करोड ७६ लाख अमेरिकी डलर नेपालमा विदेशी मुद्रा भित्रिएको थियो। सन् २०१६ मा पर्यटकले औसत प्रतिव्यक्ति प्रतिदिन ६८ दशमलव ५७ डलर खर्च गरेका थिए। तर, सन् २०१७ मा ५३ डलरमा कायम हुन पुग्यो।

नेपाल नेपाल राष्ट्र बैंकका अनुसार सन् २००२/३ मा हाल सम्मकै धेरै प्रतिव्यक्ति पर्यटकले ७९ दशमलव १ डलर खर्च गरेका थिए। विगतको तथ्यांकलाई विश्लेषण गर्दा पर्यटकको बसाई अवधिका साथै खर्चको सीमा पनि घट्दै गएको छ।

भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# सेरेना २४औं ग्रान्डस्लाम उपाधि निकट



न्युयोर्क, (एजेन्सी)

सेरेना विलियम्स आमा बनेपछि पहिलो ग्रान्डस्लाम उपाधि जित्न निकट पुगेकी छन्। युएस ओपनअन्तर्गत महिला सिंगल्स सेमिफाइनल खेलमा सेरेनाले एनास्टासिया सेभास्टोभालाई मात्र ६६ मिनेटमा हराएकी हुन्। अमेरिकी खेलाडीले लात्भियन १९औं वरियता सेभास्टोभालाई ६-३, ६-० ले पराजित गरिन्। यसै वर्ष जुलाइमा सम्पन्न विम्बल्डन फाइनलमा पुगे पनि उनी एन्जेलिक केर्बरसँग हारेकी थिइन्।

३६ वर्षीया सेरेनाले फाइनलमा जापानकी नाओमी ओसाकासँग उपाधिका लागि खेल्नेछिन्। २०औं वरियता प्राप्त ओसाकाले गत वर्षको रनर अप मेडिसन कीजलाई हराएकी थिइन्। सेरेनाले यदि शनिबार हुने खेल जितेमा मार्गेरेट कोर्टको २४ ग्रान्डस्लाम सिंगल्स उपाधिसँग बराबरी गर्नेछिन्। महिला सिंगल्समा सबैभन्दा बढी २४ ग्रान्डस्लाम विजेता अस्ट्रेलियाकी कोर्ट पहिलो स्थानमा छिन्। गत वर्ष छोरी ओलम्पिया जन्माएपछि प्रतियोगितामा सहभागि हुन नसकेकी सेरेनाले बताइन्- 'यो साँच्चिकै अद्भुत भएको छ। एक वर्ष अघिसम्म मैले बच्ची जन्माएर अस्पतालमा मेरो जीवनका लागि लडिरहेको थिएँ। हरेक दिन यस कोर्टमा आएर यस खेल खेल्न अवसर पाएकोमा म आभारी छु। खेलमा के हुन्छ त्यसमा मलाई मतलब छैन। मैले पहिल्यै जितेको मानेर खेलेको हुन्छु।'

### सेरेना तथ्यमा

- युएस ओपनमा नवौं र करियरमा ३१औं ग्रान्डस्लाम खेल्दै।
- सन् २०१४ मा कारोलीन वजनीयाकीलाई हराएपछि युएस ओपनमा फाइनलमा पुगेकी।
- हाल १७औं वरियता प्राप्त सेरेनाले युएस ओपनमा ६ पटक जितिन्।
- ६ पटक जित्नेमा पूर्व अमेरिकी खेलाडी क्रिस एभर्ट रहेकी छिन्।
- सेरेना आधुनिक युगमा ग्रान्डस्लाम फाइनल पुग्ने तेस्रो पाको महिला खेलाडी हुन्।
- यदि जितेमा सेरेनाले २०१७ अस्ट्रेलियन ओपनमा पाको उमेरमा जितेको आफ्नै रेकर्ड तोड्नेछिन्।

## ओसाकाको इतिहास




नाओमी ओसाकाले कुनै पनि ग्रान्डस्लाम प्रतियोगिताको फाइनल पुग्ने पहिलो जापानी खेलाडी बन्दै इतिहास रचेकी छन्। युएस ओपनअन्तर्गत सेमिफाइनल खेलमा अमेरिकी खेलाडी मेडिसिन किजलाई ६-२, ६-४ ले हराएर ओसाका फाइनल पुगिन्। २० वर्षीया खेलाडीको अर्की अमेरिकी खेलाडी सेरेना विलियम्ससँग उपाधिको लागि भिडन्त हुनेछ।

ओसाकाले कीजलाई यसअधिका तीनै भेटमा हराउन सकेको थिएन। उनले बाल्यकालको आदर्श खेलाडी सेरेनासँग खेल्न चाहेको सपना पुरा हुने बताएकी छिन्। सेरेनाले सन् १९९९ मा पहिलो ग्रान्डस्लाम उपाधि जित्दा ओसाका एक वर्षकी थिइन्। ओसाकाले पहिलो डब्ल्यूटीए उपाधि इन्डियन वेल्समा जितेकी थिइन्। एक सातापछि उनले मायामीमा सेरेनालाई पनि हराएकी थिइन्।

## धरहरा

### कर्मचारीको हविगत



सुख सुविधाले कहिलेकाही अधिकार खोसिँदोरहेछ भन्ने उदाहरण ८४ हजार निजामती कर्मचारीले सगौरव प्रस्तुत गरेका छन्। शुक्रबार निजामती कर्मचारी दिवस। हरेक वर्ष सरकारले उत्कृष्ट कर्मचारी छनोट गर्दै आएको थियो। यो छनोट प्रकृया २ वर्षदेखि रोकिएको छ। यसपटक पनि कोही पनि निजामती कर्मचारी उत्कृष्ट हुन सकेनन्। सरकारको नजरमा उत्कृष्ट कर्मचारी घोषित हुन नसक्ने नामर्द सरकारी कर्मचारीबाट राज्यले के-के न पाइला भनेर आशा गर्नु बालुवा पेलेर तेल निकाल्नु जस्तै हो भन्ने निष्कर्षमा धरहरा पुगेको छ। राज्यका लागि राम्रो काम गरेको भए त उत्कृष्ट कर्मचारी घोषणा हुन्थ्यो होला नि ? सरुवा बढुवा र आफ्ना लागि मरिहत्ते गर्ने कर्मचारी मनुवाले जनता र राष्ट्रको पक्षमा उत्कृष्ट सेवा गर्न पर्दैन भन्या। सरकारको नजरमा सर्वोष्कृट नभए पनि जनताको नजरमा त उत्कृष्ट कर्मचारी हुनुपर्ने थियो नि कर्मचारी कसैको नजरमा समेत सर्वोकृष्ट हुन नसके पनि घुष खान भने विश्वमा नै सर्वोकृष्ट हुन सफल भएकोमा नेपालका निजामति कर्मचारीलाई बधाई नदिइ धरहरा बस्नै सक्दैन। सबै बर्मचारीलाई निजामति दिवसको अवसरमा बधाई ?

# नेपालले बंगलादेशसँग जित्नैपर्ने



नेपाल समाचारपत्र

काठमाडौं

बंगलादेशमा जारी साफ सुजुकी कप च्याम्पियनसिपअन्तर्गत समूह चरणको अन्तिम खेलमा नेपालले बंगलादेशसँग खेल्नेछ। शनिबार आज साँझ हुने खेलमा नेपालले जित्नैपर्ने समीकरण रहेको छ। यदि नेपाललाई सेमिफाइनल पुग्ने हो भने जितकै नतिजा चाहिन्छ। यो समूह रोचक बनेको छ। चारै टोलीका लागि अन्तिम चारमा पुग्ने सम्भावना बराबरी रहेको छ। आयोजकको टोली बंगलादेशले २ खेल लगातार जितेर पनि अन्तिम चारमा पुग्न सकेको छैन।

नेपालले दुई खेलमा एक जित हात पार्दै विपक्षीलाई ५ गोल गरेको र पक्षमा २ गोल बेहोरेको छ। ३ अंकमा रहेको नेपाललाई ३ गोलको फाइदा रहेको छ। नेपालले जित हात पार्नैपर्छ। जब कि बंगलादेशले भने दुई खेल जित्दा विपक्षीलाई ३ गोल गरेको छ भने पक्षमा गोल आत्मसात गरेको छैन। यो टोलीका लागि सबैभन्दा कम दबाब रहेको छ। आयोजकको टोलीले केवल एक अंक मात्रै लिएमा वा एक गोलको अन्तरमा हारे पनि अन्तिम चारको यात्रा सम्भव हुनेछ।

यदि नेपाल हारेमा अर्को खेलमा पाकिस्तान हार्नुपर्ने हुन्छ। गोल भिन्नतामा राम्रो भएकाले नेपाल अन्तिम चारमा पुग्ने सम्भावना हुनेछ। यदि नेपाल हारेर अर्को खेलमा पाकिस्तानले जित वा बराबरी नतिजा निकालेमा नेपालको यात्रा समूह चरणबाटै सकिनेछ। भुटानका लागि भने पाकिस्तानमाथि भारी गोलअन्तरले जित्नुपर्ने हुन्छ। यो असम्भव नै हो तर फुटबल हो जे पनि हुन सक्छ।

पाकिस्तान र भुटानबीचको खेल नेपालको भन्दा अगाडि हुनेछ। यसले नेपालको लागि कसरी खेल्नुपर्छ भन्ने रणनीति अपनाउन पनि समय हुनेछ। यदि पाकिस्तानले जितेमा नेपालले बंगलादेशविरुद्ध जित्नैपर्ने चर्को दबाबमा खेल्नुपर्ने हुन्छ। यदि भुटान जितेमा नेपाललाई राहत मिल्नेछ। यदि पाकिस्तान र भुटानबीचको खेल बराबरी खेलेमा नेपालले पनि सोहीअनुसार बराबरीमै ध्यानकेन्द्रित हुनेछ। किनभने नेपाल पाकिस्तानभन्दा गोल भिन्नतामा राम्रो रहेको छ।

**समूह ए अंक तालिका**

| टोली | खेल | जित | हार | गोलविपक्षमा | गोलपक्षमा | अंक |
|---|---|---|---|---|---|---|
| बंगलादेस | २ | २ | ० | ३ | ० | ६ |
| नेपाल | २ | १ | १ | ५ | २ | ३ |
| पाकिस्तान | २ | १ | १ | २ | २ | ३ |
| भुटान | २ | ० | २ | ० | ६ | ० |

## यु १९ टोलीको घोषणा

काठमाडौं, (नेस)

भारतको लखनउमा हुने यु १९ मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताका लागि नेपाली यु १९ राष्ट्रिय क्रिकेट टोलीको घोषणा भएको छ। शुक्रबार भएको घोषणाअनुसार आसिफ शेखलाई कप्तानीको जिम्मा दिएको छ। अन्यमा तृतराज दास, रवि शाह, विपिन रावल, लोकेस बम, रित गौतम, पवन शराफ, किशोर महतो, रसिद खान, भीम सार्की, कमलसिंह ऐरी, सन्दीप जोरा, सागर ढकाल, अरूण ऐरी र सम्साद आलम रहेका छन्।

भारतमा हुने मैत्री खेल आगामी सेप्टेम्बर २९ देखि बंगलादेशमा हुने यु १९ एसिया कपका लागि तयारीको रूपमा हुनेछ। मैत्रीपूर्ण भए पनि प्रतियोगितामा आयोजक भारत, भारतकै नेसनल क्रिकेट एकेडेमी, अफगानिस्तान र नेपाली टोलीले प्रतिस्पर्धा गर्नेछन्।

बंगलादेशमा हुने यु १९ एसियाकपअन्तर्गत नेपालको समूहमा अफगानिस्तान, भारत र युएई सम्मिलित छन्। गत संस्करण मलेसियामा भएकोमा अफगानिस्तान च्याम्पियन बनेको थियो। नेपालको यात्रा भने सेमिफाइनलसम्म सीमित भएको थियो। अर्को समूहमा पाकिस्तान, श्रीलंका, आयोजक बंगलादेश र हङकङ छन्।

# मेसीको अर्को कीर्तिमान



लन्डन, (एजेन्सी)

बार्सिलोनाका स्टार तथा कप्तान लियोनल मेसीले अर्को एउटा कीर्तिमान आफ्नो नाममा लेखाएका छन्।

स्पेनिस ला लिगाको इतिहासमा मेसीले असिस्टमा कीर्तिमान रचेका हुन्। ला लिगाको इतिहासमा सबैभन्दा बढी १ सय ५० असिस्ट गर्ने पहिलो खेलाडी बन्दै उनले नयाँ कीर्तिमान बनाए। योसँगै मेसीले आफ्नो कीर्तिमानको लामो सूचीमा अर्को नयाँ कीर्तिमान थपेका हुन्। बार्सिलोनाले आइतबार नवप्रवेशी हुएस्कालाई ८-२ को फराकिलो गोलअन्तरले हराउँदा मेसीले दुई गोलसहित दुई असिस्ट गरेका थिए। जारी सिजनमा दुई गोल गरिसकेका मेसीले ला लिगामा आफ्नो ३१औं ह्याट्रिक नजिक पुगे पनि पाएको पेनाल्टी सुआरेजलाई प्रहार गर्न दिएका थिए। पाँचपटक बालेन डी आर विजेतासमेत रहेका मेसी २१औं शताब्दीका पहिलो सर्वाधिक १ सय ५० असिस्ट गर्ने खेलाडी बनेका छन्।

हाल युरोपियन लिगमै सर्वाधिक असिस्ट गरेका मेसीपछि १ सय ४३ असिस्ट गरेका सेस फाब्रेगास १ सय ४३, मेसुट ओजिल १ सय २८, रोनाल्डो १ सय २२ र डानी आल्भेस १ सय १० असिस्टसहित शीर्ष पाँचमा छन्।

# फ्रान्स जर्मनीसँग रोकियो

लन्डन, (एजेन्सी)

विश्व विजेता फ्रान्सले युईएफए नेसन्स लिगको पहिलो खेलमा जर्मनीसँग गोलरहित बराबरी खेलेको छ। विश्वकपको फाइनलमा क्रोएसियालाई पराजित गरेर उपाधि जितेपछि पहिलोपटक मैदानमा उत्रिएको फ्रान्सले जर्मनीविरुद्ध दबाब दिए पनि गोल गर्न सकेन।

दोस्रो हाफमा झन सुधारिएको खेल पस्केको जर्मनीले फ्रान्सविरुद्ध दुईवटा राम्रो गोलको अवसरलाई खेर फालेका थिए। जसमा एकपटक मार्को रिउस र अर्कोपटक माथियस जिन्टरको प्रहारलाई फ्रान्सका डेब्यु गोलकिपर अल्फोन्सी एरोलाले बचाएका थिए।

खेल अवधिभर ६० प्रतिशत बल पोजेसन बनाएको जर्मनीले विश्व च्याम्पियन फ्रान्सविरुद्ध आक्रामक फुटबल खेलेको थियो। विश्वकपको समूह चरणबाट नै बाहिरिएपछि जर्मनीको टिममा धेरै खेलाडी परिवर्तन गरिएको थियो।

म्यानचेस्टर सिटीका विङगर साने अन्तिम सात मिनेट बाँकी छँदा मैदानमा प्रवेश गरे पनि कुनै प्रभाव जमाउन सकेनन्। अब फ्रान्सले आइतबार नेदरल्यान्ड्ससँग खेल्नेछ।

### वेल्सको उत्कृष्ट शुरूआत

यूईएफए नेसन्स लिगमा वेल्सले रिपब्लिक अफ आयरल्यान्डलाई ४-१ गोलअन्तरले हराउँदै उत्कृष्ट शुरूआत गर्न सफल भएको छ। खेलको पहिलो हाफमा नै वेल्सले आयरल्यान्डविरुद्ध तीन गोल गरेका थिए। जसमा खेलको छैठौं मिनेटमा नै टोम लरेन्सले गोल गर्दै आयरल्यान्डलाई अग्रता दिलाएका थिए। खेलको १८औं मिनेटमा गेरेथ बेलले टिमका लागि दोस्रो गोल गरेका थिए। खेलको ३७औं मिनेटमा आरोन राम्सेले गोल गरेपछि वेल्स पहिलो हाफसम्म ३-० ले अघि रह्यो। पहिलो हाफमा तीन गोल गरेको वेल्सका लागि ५५औं मिनेटमा रोबर्ट्सले चौथो गोल गरे। चार गोलले पछि परेको आयरल्यान्डले खेलको ६६औं मिनेटमा एक गोल फर्काए पनि हारलाई भने टार्न सकेन।

# ग्रिनल्यान्डलाई दोहोरो उपाधि

काठमाडौं, (नेस)

ग्रिनल्यान्ड र लालीगुँरासले १३औं क्वीक्स ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। शुक्रबार भएको सिनियर छात्र तथा सिनियर छात्राको उपाधि भने आयोजक ग्रिनल्यान्ड स्कुलले हात पार्‍यो। सिनियर छात्रको खेलमा ग्रिनल्यान्डले गोल्डेन पिकमाथि ५५-५४ को रोमान्चक जित निकालेको थियो। फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गदै सर्वाधिक २१ स्कोर गरेका ग्रिनल्यान्डका राजिव आलेमगर उत्कृष्ट खेलाडी चुनिए। ग्रिनल्यान्डका अनिश पाण्डे बेस्ट थ्रि पइन्टर चुनिँदा उपविजेता गोल्डेन पिकका गोपाल भण्डारीले हाइस्करको उपाधि जिते।



सिनियर छात्रातर्फ आयोजक ग्रिनल्यान्डले टिआइएलाई २८-१६ को स्कोरमा हरायो। ग्रिनल्यान्डको जितमा प्रतियोगिताकै हाइस्कोररको उपाधि जितेकी सितोस्ना केसीले सर्वाधिक १८ स्कोर गरेकी थिइन्। आयोजकको कोर्टमा भएको जुनियर छात्रको फाइनल खेलमा लालीगुँरासले नवजीवनलाई ३२-२४ को स्कोरमा हराउँदा दीपेश केसीले सर्वाधिक १० स्कोर गरे।

# जनप्रतिनिधिलाई चार गोल

नेपाल समाचारपत्र

काभ्रे

नतिजामुखी प्रशासन : समृद्धि र शुसासन भन्ने नाराका साथ काभ्रेपलान्चोक जिल्लामा १५औं निजामती सेवा दिवस जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना गरी मनाइएको छ। निजामती कर्मचारीहरूले जनप्रतिनिधिलाई गोल हान्न थालेपछि व्यंग्यात्मक शैलीमा वर्तमान अवस्थाप्रति चित्रण गरिएको थियो। प्रतियोगितामा कर्मचारीले जनप्रतिनिधिलाई शून्यका विरुद्ध चार गोल गरेका थिए। अफ साइडमा तीन गोल गरेका कर्मचारीको गोललाई मान्यता दिइएको थिएन। कर्मचारीका तर्फबाट प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले नेतृत्व गरेका थिए भने जनप्रतिनिधिका तर्फबाट जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले नेतृत्व गरेका थिए।

जिल्ला प्रहरी प्रमुख एसपी रविराज खड्का, विभिन्न कार्यालयका प्रमुखहरू, नगरपालिका प्रमुख प्रशासकीय अधिकृतहरू, विभिन्न तहका कर्मचारी उक्त प्रतियोगितामा सहभागी भएका थिए। मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबा, गाउँपालिका अध्यक्षहरू, समन्वय समितिका उपप्रमुख मञ्जु गौतम, उपप्रमुखहरू तथा उपाध्यक्षहरू, वडा अध्यक्षहरू, सदस्यहरू प्रतियोगितामा सहभागी भएका थिए। कर्मचारी र जनप्रतिनिधिहरू समेत गरी ४४ जना खेलाडी सहभागी गराइएको थियो।

फुटबल प्रतियोगिताअघि निजामती कर्मचारीले प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतको नेतृत्वमा धुलिखेलको सरस्वती बजारदेखि फुटबल मैदानसम्म प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ